२) खिरिपावर कर्प न्हस ७ वाहालयाख बु वो, छपापतिन, श्री श्री राजन, सयेव श्री देवसिंहंजुया नामपति चोस्यं प्रसन्न जुयाश, खिरिपावरया जुको प्यंबोश

३) छिबो, लुंगुजुशशुधो जुरो, बाहाल पाख जुको, देवसिंह जुया (शु) धो जुरो खिरिपा (प्यं) बोश छिबो सयव देवसिंहजु(त्वं) जुये, साक्षि श्री अमृर्तजुश दृष्ट ॥ शुभं ॥

पछाडीपट्टि लेखिएकोः- नउवाहा छेकुम्ह आजुं देवसिं आजुयात तोता बिगु

मूलपत्रको परिचयः-

यो ने.सं. ७५२ (वि.सं. १६८९) आषाढ शुदि १३ मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो । यस लम्बाई चौडाई ३० X २.७ से.मि.को छ । शीलछाप छैन । साक्यवंश देवसिंहले आफ्नो भाइलाई खेत लेखिदिएको व्यहोरा उल्लेख छ । देवसिंहको नाउँमा राजाले लेखि दिएको खिरिपावर खेत ४ भागको एक भाग मात्र भाइको नाममा लेखि दिएको हो ।

बट्टा नं. ५५ ने.सं. ८३४ पत्र नं. ८०८

मूलपाठः-

१) ९ श्रेयोऽस्तु ॥ सम्वत् ८३४ माघ शुदि १३ ग्वाछेबाहाल खण्डचुत्रवन्तगृह ॥ ज्येष्टभ्राता श्री मुणिराजजु भ्रान्त श्री पुर्ण्णराजजु कनिष्ट भान्ते श्री पञ्चमी देवजु

२) त्रयभ्रान्तेसह थेथेमानान्तिजुस्यं छेवडि वन्तथलङाया भाखाथ्वते ॥ भाखा तत्रैवखण्डचुक वंन्तामूलछे

३) ॥ थ्वते छेवडि मध्यष्ट भ्रान्त श्री पूर्णराज जुया थवसव सु धु वदि जुरो ॥ व

४) डि जविमजीव धास्यं थेथेलिथोचं मदु ॥ दहिन वामस थव फुकिञ्ज यतोरे मेरेहेने मदु । न्हाया नामनसुयावडिसं विवाद द्वाकारे थेथेजास्यं सुधकमार ॥

५) भाखा थ्वछेयाल थवथव बडिनं जुरो ॥ थ्व सम्वत्सरण हाया कासा बिसा अष्टलोह अष्टबृहिसमास्तं बोथस्यं धुंगो जुरो । थ्वते वदि थलङाया साक्षि सोगोत्र

६) भ्रान्ते श्री ..... देवजु, नकत्वाल (क्वा) थपिछ श्री देवराजु द्वयो दृष्टः ॥ उतिभाखा स्वभिंचोता दु जुरो ॥ शुभ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पछाडीपट्टि लेखिएकोः- पूर्णराज

मूलपत्रको परिचयः-

यो ने.सं. ८३४ (वि.सं. १७७०) माघ शुदि १३ मा लेखिएको भागवण्डा सम्बन्धी ललितपुरको तमसुक ताडपत्र हो । यस साइज ३३.५ x ५ से.मि.को छ । यसमा शीलछाप छैन ।

बट्टा नं. ५५ **ने.सं. ७४९** **पत्र नं. ८०९**

मूलपाठः-

१) ९ श्रेयोऽस्तुः ॥ सम्वत् ७४९ कार्तिकमासे कृष्णपक्षे ॥ षस्तम्यांतिथौ श्री माहानगले श्री सतिगलके यंयतितोरके सारलिव दुंथु यंताछे गृहाधिवासिन भाता सेरारिक जयतसिह भारो भाते सेरारिक वंछु ..... (भू)स नाम्ना सकासात भा(ति) सेरारिक विष्णु ..... सेरारिक विष्णुराम भारो उभ ----------

२) धाल(न)या रिवि उरमान उतलत पूर्व्वत सेरारिक (किन) भारोया ----- मेन दक्षिणत एते ..... ते चतुलाधातन दुंछे चुलं भ्या १५ कु १८ जुरो ततगृहसंजथादेश कारप्रवर्न्तमानसांचाराधेन शुवर्ण्णमूल -------- स्वादिनानवतुकंन्यायन क्रिबिक्रीय ..... त्रा धारनकस्य निमीतेन जदिसं ----------

३) सक्रिबिक्रीन काया, तलपति सकल्यं नाप जुरो ॥ अत पत्राथ्य दृष्टसा ..... रणया जेष्टपिता सेरालिक वितु भारो । भाखा थ्व अंकश जिमडाकु जुको पंदुभारोया उपल जुरो ॥

मूलपत्रको परिचयः-

यो ने.सं. ७४९ (वि.सं. १६८५) कार्तिक कृष्ण षस्तमीमा लेखिएको कान्तिपुरको तमसुक ताडपत्र हो । यस ताडपत्रको लम्बाई ५४ र चौडाई ३ से.मि.को छ । जीर्ण अवस्थामा रहेको यस ताडपत्रमा शलिछाप छैन । तर पहिले थियो भन्ने संकेत देखिन्छ ।

बट्टा नं. ५५ **ने.सं. ७६७** **पत्र नं. ८१०**

मूलपाठः-

१) ९ श्रेयोऽस्तु ॥ सम्वत् ७६७ माघ वदि २ दथलाछ उन्फानछें बाहारगृह ॥ पन्दु भारो त्रय भ्रातेसहय वो स्वगोत्र भ्रा ---------- (सियेमदुगु)

२) वो थ्यथ्यमानान्ति बडि चेलकरडाया भाष थ्वते जुरो । भाषा न बुरोव षु ६ थ्वया वछि भूय सिल्हं(बु) रो ----------

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) बछि, विसिंदोव(र) कर्ष २ जवा थ्वते जुक्व वाहिक न सगुद्विं थ्व वडिया जुरो ॥

भं(गि)रिक्रें दंङा (या) सएव (रु) द्रयातं टंकाने यकं छद्दाया --------

४) दुंधनपिंधन(का) सोनिसा आदिनथ्यथ्य चेलकंया चोजुरो, थ्वतेवडि सएव पन्दु त्रय ---- क सहया शुद्वो जुरो ---------- र ----------

५) वंग्व धास्यं लिथ्वचमदो, दहिनवामस थवथ्य थ्ययतेले मेलेहेनेमदोन्हा या नाम्मन सुयावडिसं विवाद द्वाकालेथ्या

६) थ्य जास्यं शुद्वके माल, थ्वते बडि चेलकरङाया साक्षि विछु श्री मुनिजुस दृष्ट ॥ उतिभाषा नेभे चोता दो जुरो ॥ शुभ ॥

मूलपत्रको परिचयः-

यो ने.सं. ७६७ (वि.सं. १७०३) माघ वदि २ मा लेखिएको भागबण्डा गरिएको सम्बन्धीको तमसुक ताडपत्र हो । यस ताडपत्रको लम्बाई २० चौडाई ४ से.मि.को छ ।

बट्टा नं. ५५ **ने.सं. ७०१** **पत्र नं. ८११**

मूलपाठः-

१) ९ त ७०१ बैसा-- कृष्ण स्ट --------- त्वार, सिंड दुवा (८) अमृतराजकस्य नामना --------- भुज्यमानिकं फुतोंगाय यंताछे कल(डो) कस्य नायसकासात (घ) ल प्वंदोल क्षेत्रनाय सज्ञकं, श्रीश्री राजकुत्या क्षेत्रन पश्चिमत उत्तरतञ्च पूर्व्वत दक्षिनत ॥ एतेषांमध्यं पश्चिमदिस, एकचुलं सं ----------

२) ---------- पाषचंकोसव्वाकन तंङ थ्वतेस बुरोव ३ वंचेल जुरो, ततक्षेत्रस्य जथादेश कल प्रवर्त्तमानसंचाराघेन, शुवर्ण मुल्य मादाय, स्वदिनोनवतुकं न्यायन क्रीविक्रीयतं भवतुं तत्रा धारनकेत परिसोधनियंच, प्रते राजस छपुपति नवेयास अवकोतोस्यं क्रीविक्रीन काया जुरो अत्रपत्र दृष्टसाक्षि पुत्र जीवनराज भारो । शुभं ॥

मूलपत्रको परिचयः-

यो ने.सं. ७०१ (वि.सं. १६३८) बैशाख कृष्णमा लेखिएको खेत किनबेच सम्बन्धी कान्तिपुरको तमसुक ताडपत्र हो । यस ताडपत्रको लम्बाई ५९ X २.७ से.मि.को छ । माटोको शीलछाप छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ५५ ने.सं. ८३४ पत्र नं. ८१४

मूलपाठः-

१) ९ शुभ ॥ सम्वत् ८३४ चैत्रशुदि १३ देगु तोर ताहाननिया ददा मनहोसिंङ भारो किजा लन्हदेव भारो नेम्हं फुकिज थथिया नातिन वदि त्याछि स्यं तया भाखा थ्वते ताहाननि छैं क्षेखां गुकुयां अधभागन वछि दिस यंता क्षे चेर वंथुछे भातांन वंबोया वोन न्हसकु व अंगु ८ सुभु कदाचेत वंथुछे(खि)

२) थां २ --- गुचा चानसाने दादवछयके मुमार यंताक्षेया पाखा हायके दव जुरो चपारचो तोर बाहाखा छेः अथ भागन बछि दिसः इथुछे चेरः रंखरा जुग्व थवभुन व्याकः थ्वट्द ददा मनहोसिङ एतासुधयकं काया जुरो रुओहो टं(रा) कासा (न्या) पुत शिबुत अस्तलोहो आदिपं पु

३) त पाचु पुनमाखा ग्वम्ह नं रिङि याह(सा): ओम्हयके मोटं ३ (आ) राख काय जुरो थ्वतेया दृष्ट साक्षी श्रिरमान क्रमिनायक जय संखसिं क्रमिनायकः चितामनि क्रमिनायकः नं मराम भारो जुगिदेव भारो रिखित कायष्ठ मोहोनसिंह शुभ ॥

मूलपत्रको परिचयः-

यो ने.सं. ८३४ (वि.सं. १७७०) चैत्र शुदि १३ मा लेखिएको भागवण्डा गरिएको सम्वन्धीको तमसुक ताडपत्र हो । यस ताडपत्रको लम्बाई ५१.५ X ३ से.मि.को छ ।

बट्टा नं. ५५ ने.सं. ८२१ पत्र नं. ८४३

मूलपाठः-

१) ९ श्रेयोऽस्तु ॥ सम्वत् ८२१ माघमासे शुक्रपक्षें ॥ अस्तम्यां तिथौं ॥ श्री मकान्तिपुर महानगरे श्री यंम्बु सुवर्ण्ण पनारि महास्थाने क्रमीराछे तोर इनायको खिफु तुंथि ननिर यौता डंथु छे वनिक धम्मदेवया नाम्नेन शुबुज्ये मानिकं ॥ सयव ननि यौता छे हेलनामयिया नाम्ना सकासात ॥ क्रमीराछे इनायको खिफु तुंथि ननि यौता गृह नाम संगेक ॥

२) ग्राहकया गृहेनन गृहमण्डरेन पक्षिमतः मार्ग्ग ------- रतः ग्रह मण्डरेन धारन या गृहेन पूर्व्वतः ग्राहकया गृहन मार्ग्गले दक्षिन तः ॥ एतेषांमध्य अंकेच क्रमीराछे इनायको खिफू तुंथिननि यौता जावछे कू २१ X अंगुर ३ नित जाव कू १४ या तार चुर छि १ ततगृहस्य जथादेशकार पर्व्वतमान संचाराधेन शुवर्ण मूरभादामश्वा दिनानां वंतुकन्यायन क्रीविक्री यतं भवति ॥ तदा धारणकस्य निमीत्तेन जदि संकत व्यावाड पिदा स्यात् ॥ तदा धारनकेन परिश्वधनियकं । प्रति दनगन पुरेश हेङा ॥ अत पत्राथे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दृष्ट साक्षि मातुवेधिक भाते वनिक रामेश्वर अंतरथापित मनहोर सिंह भारो ॥ भूरकरं २२ वे वु दं १५ ॥ शुभं ॥

मूलपत्रको परिचयः-

यो ने.सं. ८२१ (वि.सं. १७५७) माघ महिनाको शुक्ल पक्ष अष्टमी तिथिमा लेखिएको तमसुक ताडपत्र हो । यसको नाप ५५.५ X ३.५ से.मि.को छ । यसमा भएको माटोको शीलछापको बीचमा त्रिशुल चिन्ह र बाहि(नी) अक्षर अंकित छ । कमिलाछिका धम्मदेव वनिकले घर बिक्री गरेको व्यहोरा उल्लेख छ ।

ब्रट्टा नं. ५८ **ने.सं. ८४२** **पत्र नं. ८४८**

मूलपाठः-

१) ९ श्रेयोस्तु ॥ शुभ सम्वत् ८४२ भाद्र पदमासे, शुक्ल पक्षे, एकादस्यांतिथौं ॥ श्री मत्कान्तिपुलि महानगरे श्री यम्बुब्रुमायां, तम्वराछेतोरके, खिउ तुथ ननि वन्ताछे, हरिसिह भारो न सोपोत्री हरिलक्ष्मीयात, द्वराजिर पत्र चोस्यं बिया भाखा थ्वते ॥ अजाहरि सिंह भारोया दकोछे

२) नो बुनो, वर, केबोनों, दुंधन पिधन काय दओनों वियमार नों लुँ ओहो ताम्वकान्स, नपुतसिपुत पुवापासा दिवंगत चतुर्थदादि अस्टरोहो पुर्ज्जाकं, स्वआयु तयाङ चोस्यं विया ॥ आवनरि थ्व द्वराजिर चोस्यं बियान मविया धक सुनानं दुख नके मदु ॥ पुनमाखा, अजा स्वरोग जुतोरे ववयार

३) न, किजामुचा द्रकारे, थ्व चोस्यं विया मथ्याक, मरजातथ्यं सिवयछ, जोरन बियाओ गन भाग्य खात अन बियाओ छोयमाल ॥ उपरान्त, अजाया परस, बबुयारन किजा मोचो मदयाओ, बबुं प्ररोग जुकारे थ्व चोस्यं विया इङ्गि थिङि मदु ॥

४) शुक्रीविक्रनि थ्याक जुरो ॥ थ्वते भाखाया दृष्ट साक्षि स्वपुत्र हरिदेव भारो, एक प्रमाण सहि ॥ शुभ ॥

मूलपत्रको परिचयः-

यो ने.सं. ८४२ (वि.सं. १७७९) भाद्र महिना शुक्लपक्ष एकादशीका दिन लेखिएको कान्तिपुरको तमसुक ताडपत्र हो । यस नाप ४६.५ X ३.३ से.मि.को छ । हरिसिंह भारोबाट आफ्नो छोरीलाई द्वराजिपत्र लेखिदिएको व्यहोरा उल्लेख छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ५९ ने.सं. ८३२ पत्र नं. ८७०

मूलपाठः-

१) ९ श्रेयोस्तु ॥ सम्वत् ८३२ भाद्रपदमास्ये कृष्णपक्षे सपतम्यायां तिथौ ॥ श्री मत्कान्तिपुरे महानगरे श्री यंग्ल का ---------- र्णवनग मधेयं ॥ न्हयकं तारा --------

२) भटकुदाकार यता छेया मानंध्र धन ॥ नाम्नेन शकाशात ॥ क्वथुकु क्षेत्र नाम प्रदेश ॥ गुथिया क्षत्रेन पश्चिचर्न्त ॥ गुथिया ----------

३) क्वथुगांर वुरो २ त्रुश्वरव्वाकं तङ ॥ ततक्षेत्र देशकार प्रवेतमानन् संचाराध्रे हेनक्रेविक्रेयतं भवति ॥ ---------- परं यइवा ----------

४) क्रेनवस्ठाधर्निर्यंच ॥ प्रर्त्तियेने पाद सिकायस -------- क्रिविया जुरो ॥ ------ थ्यं दृष्ट साक्षि धारनया (पु)त्र हरि गोविन्द ॥ था ----------

मूलपत्रको परिचयः-

यो ने.सं. ८३२ (वि.सं. १७६९) भाद्र महिनाको कृष्णपक्ष सप्तमी तिथिमा लेखिएको माटोको शील छाप भएको कान्तिपुरको तमसुक ताडपत्र हो । यसको नाप ३० X ४ से.मि.को छ ।

बट्टा नं. ६१ ने.सं. ८६१ पत्र नं. ९०४

मूलपाठः-

१) ९ श्रेयोस्तु ॥ सम्वत् ८६१ चैत्रमासे कृष्णपक्षे त्रयोदर्स्या तिथौः श्रीमत्कान्तिपुरि महानगरे श्री यम्बुब्रुमाय गांगुरज्ञेः तम्बराछि तोरके कुसुन्दिराछि ओन्ता छे अमाते मनहोर सिं भारो साझा लक्ष्मी नारायण भारो द्वयकस्य नाम्ने साकासाट् क्षत्रैय स्थाने देवकलि निवारया ---------- (टुका छैन)

२) कस्य नाम्नेन शुक्रीयं शुभुज्यमनिकः देवदालि च्यासिथुरो खेत क्षेत्र नाम प्रदेशेः श्री २ भूमेन पक्षिमतः श्री वैजनाथया ध्याया क्षेत्रेन उतरतः गादना खोरन, पूर्व्वत श्री कृष्णनन्द जैसिया क्षेत्रन दक्षिणत ॥ एतेखां म ॥ थुतिच त्रघातान्दु, देओदारि व्यासि थु रो खेत वामलिनि ----------

३) तव क्षेत्रस्य जथादेशकार प्रवन्तयान संचाराघेन सूवर्ण्ण मूर श्री २ जय प्रकाश मलि टंका २१५० मादाय स्वादिनान वन्तुकन्यायन क्रीविक्रयिते भवतिः तत्रा धरनकस्य निमिर्तिजदि संकत व्यावाद विदारस्याट् तदा धारनके पलि श्वछयंयः अत्र पत्राथे न दृष्ट ----------

४) श्री सहः थान साक्षि भयमरया श्री विर...जैसि, कालिमाल्याया श्री नारायण जैसिः प्रते धनि पुरेश हेडा तरपति ह्ज्ञायगुर सहकसं... निपायां गुर तावा पत्र सह जुरोः ॥ शुभं ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचयः-

यो ने.सं. ८६१ (वि.सं. १७९७) चैत्र कृष्ण त्रयोदशीको दिन लेखिएको कान्तिपुरको तमसुक ताडपत्र हो । यसको नाप ५३ X ४.३ से.मि.को छ । केही खिइसकेको माटोको शीलछापको विचमा त्रिशुल र श्री ३ वाहिनी अक्षर देखिन्छ । खेत खरिद बिक्रीको व्यहोरा उल्लेख छ ।

सन्दर्भ सूची

१. तो पर्यायमा तवलाछि टोल - श्यामसुन्दर राजवंशी, अभिलेख, अंक १९

२. भूमि सम्बन्धित तमसूक - सिद्धिरत्न शाक्यभिक्षु, अभिलेख, अंक २१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपराध नियन्त्रणको प्रयासमा वि. सं. १९०७ को सवाल

✍ डा. भवेश्वर पंगेनी *

परिचय

मानव सभ्यताको आरम्भसँगै समाजमा विभिन्न आपराधिक क्रियाकलापको थालनी भएको पाइन्छ। यस्ता अपराधका घटनामा चोरी, डकैती, ज्यानमार्ने, तस्करी, विभिन्न अपराध गरी भाग्ने आदि जस्ता हुन्, जसबाट समाजमा अव्यवस्था साथै शान्तिसुरक्षा पनि भङ्ग हुन जान्छ। यस्ता आपराधिक तत्त्व एउटा राज्यमा अपराध गरी अर्को राज्यमा भाग्ने गरेको पाइन्छ। प्राचीनकालदेखि नै यस्ता तत्त्वको क्रियाकलापलाई रोक्नका लागि प्रयासहरू हुने गरेका छन्। नेपालको सन्दर्भमा किराँतकालदेखि नै यसप्रकारका अव्यवस्था तथा भाग्ने अपराधी विरूद्ध विभिन्न कारवाही गरिएको देखिन्छ। त्यस्तै लिच्छविकाल, मध्यकाल तथा आधुनिककालमा पनि यस्ता असमाजिक क्रियाकलापका विरूद्ध विभिन्न प्रयासहरू भए। समाज जतिजति विकसित हुँदै गयो त्यतित्यति आपराधिक प्रवृत्ति बढ्दै गएको पाइन्छ। नेपालमा अपराध गरी भारतमा भाग्ने प्रवृत्ति पनि पछिल्लो समयमा निकै बढेर गयो। त्यस्तै भारतीय क्षेत्रबाट हुने अवाञ्छित क्रियाकलाप तथा अवैध घुसपैठलाई रोक्नका लागि पनि नेपाल सरकारले सीमावर्ती क्षेत्रमा विभिन्न प्रयासहरू गर्दै आएको देखिन्छ। अर्कातर्फ यस्ता तत्त्वले छिमेकी भारतलाई पनि निकै अप्ठेरामा पारेको थियो। त्यसैकारण सिमानामा हुने त्यस किसिमका गतिविधिलाई रोक्नका लागि विभिन्न समयमा दुबै सरकारले सहकार्य गरेका उदाहरणहरू पनि नपाइने होइनन्। यसका लागि दुबैबीच सम्झौतासमेत गरिन्थ्यो। प्रस्तुत लेखमा नेपालमा हुने गरेका चोरी, डकैतीलगायत

*उप-प्राध्यापक इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, नेपाल।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आपराधिक क्रियाकलापको सामान्य जानकारी दिँदै खासगरी दक्षिणी सिमानामा सुरक्षाका लागि नेपाल सरकारले चालेको कदमका बारेमा चर्चा गरिएको छ। त्यति मात्र नभई वि.सं. १९०७ साल मार्ग वदी ८ रोज ४ मा सुब्बा वीरभञ्जन माझीको नामको सवालको पनि सूक्ष्म अध्ययन गर्ने प्रयास गरिएको छ।

नेपालमा आपराधिक क्रियाकलापको ऐतिहासिक सर्वेक्षण

गुप्तवंशी गोपाल तथा आभीरवंशी महिषपाल वंशका शासकलाई नेपालको प्रारम्भिक शासक मानिन्छ।[१] गोपालवंशी तथा महिषपालवंशी शासनका बारेमा विस्तृत जानकारी प्राप्त छैनन्। महिषपाल वंशपछि नेपालमा किराँतीले शासन गरेका थिए। यसै वंशले तयार गरेको भनिएको 'किराँत वेद' मा तत्कालीन समाजमा हुने अपराध र न्यायका बारेमा चर्चा गरिएको उल्लेख पाइन्छ। यसै सन्दर्भमा "चोर्नु, लुट्नु, बाँझ्नु, झगडा गर्नु, छट्टु हुनु, ठगी, छुल्याइँ, घमण्ड, लोभ, भँडुवा र रन्डीवाजी गर्नु हुँदैन, नराम्रो बोल्नु र नराम्रै काम गर्नु हुँदैन, चोर्ने, लुट्ने झगडा गर्ने, ढाँट गर्ने, छुल्याइँ गर्ने, मानिस उचाल्ने, घमण्डी, लोभी, भँडुवा, वेश्या, मानिस मार्ने, टुहुरा, गरीव, विधवाहरूलाई अन्याय गर्ने, हाडनाता विगार्ने गैऱ्हलाई ईश्वरले घृणा गर्नेछन्" भनिएको कुरा उल्लेख पाइन्छ।[२] यसका आधारमा किराँतकालमा नै समाजमा चोर्नु, लुट्नु, झगडा गर्नु आदि जस्ता कार्य व्यापक रूपमा हुने गरेको र त्यसबाट बच्नका लागि धर्मको सहारा लिइएको देखिन्छ। किराँतीले आपराधिक क्रियाकलापका विरूद्ध कारवाहीलाई भन्दा नैतिक बन्धनलाई बढी जोड दिइएको कुरा माथिको उद्धरणले देखाउँछ। त्यसो त ईसा पूर्व ३०० देखि ३२१ वर्ष पहिले भारतीय सम्राट चन्द्रगुप्त मौर्यलाई राज्य शासनविधान लेखिदिएको मानिने कौटिल्यको अर्थशास्त्रमा[३] भने सामान्य अपराधका लागि पनि सजायको उल्लेख गरिएको छ। जस्तो चोरेर भाग्नेलाई अङ्गुष्ठ संदंश (दाहिने हातको माझि औंला र बूढी औंला काटी दिइने सजाय) को कुरा कौटिल्यले उल्लेख गरेका छन्। त्यति मात्र नभई उनले अपराधीलाई उसको विभिन्न क्रियाकलापबाट चिन्न सकिने कुरा यसप्रकार चर्चा गरेका छन्;[४]

---

१. बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रूपरेखा*, वाराणसी: श्रीमती कृष्णकुमारी देवी, वि.सं. २०२७, पृ. ६२-६३।

२. रेवतीरमण खनाल, *नेपालको कानुनी इतिहासको रूपरेखा*, प्रकाशन स्थान अनुल्लिखित, श्रीमती सरस्वती खनाल, वि.सं. २०५९, पृ. २५।

३. सोमनाथ शर्मा (सम्पा.), *कौटिल्यको अर्थशास्त्र (नेपाली-भाषानुवाद)*, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०२४, पृ. ट।

४. ऐजन, पृ. २२१-२२२।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"...अर्काकी स्वास्नी, कन्याधन चोरेर लैजाने पल्याकपुलक गरी शङ्का मान्दै हिँड्ने, हडबडाएको, ज्यादै ठूलो भारी बोक्ने, पराल आदिको ठूलो भारीको टाउको छोपेर हिँड्ने, भर्खरै जोगी बनेको, जोगीको चिन्ह भरखरै छोडेको, रोगको चिन्ह नभएको रोगीको बहाना गर्ने, डरले कालोनीलो मुख भएको, रत्न आदि सार, चिठीपत्र, हतियार, आगो लाउने सामानहरू लुकाएर लैजाने, विष हातमा लिएको, ज्यादा लामो बाटाको यात्री, अन्नपात (सिमानाका रक्षक) को छापको सिमानाको निस्सा नभएको, यस्तालाई नावध्यक्षले पक्राउनू..."

कौटिल्यकालीन भारतमा दण्डविधानसमेतको निर्माण भइसकेकाले किराँतकालमा नेपालमा कुनै पनि दण्डव्यवस्था थिंएन भन्न सकिँदैन; तर यस्ता सामग्रीको अनुसन्धान बाँकी नै देखिन्छ ।

किराँतीपछि शासन गर्ने लिच्छविले भने चोरी, डकैती, हुलदङ्गा, कुटपिट आदि जस्ता अपराध रोक्नका लागि प्रशासनमा छुट्टै विभाग तथा अधिकारीको व्यवस्था गर्दथे । लिच्छविकालको पूर्वार्द्धमा नै यस किसिमको व्यवस्था गरिएको थियो । त्यसबखत यस्ता अपराध रोक्नका लागि 'सर्वदण्डनायक, महाप्रतिहार र महाबलाध्यक्ष' जस्ता अधिकारी तैनाथ गरिएको पाइन्छ ।[५] यसै कालमा अपराधलाई खासगरी दुई भागमा विभाजन गरी कतिपयलाई जघन्य अपराध मानिएको थियो । जस्तो स्त्री हत्या, चोरी, अर्काकी स्वास्नी हर्नु, ज्यान मार्नु, राजद्रोह गर्नुलाई त्यसबखत जघन्य अपराध मानिन्थ्यो । यी पाँच, अपराधलाई पञ्चापराध पनि भनिन्थ्यो । यी अपराध रोक्ने जिम्मा शुल्ली अधिकरणको थियो ।[६] यसबाट लिच्छविकालसम्म आइपुग्दा समाजमा अपराधको मात्रा निकै बढ्न गएको देखिन्छ । त्यसैकारण यसलाई नियन्त्रण गर्नेतर्फ नलागेमा अझ अराजकता फैलने डर भएकै कारण छुट्टै विभाग तथा अधिकारी तैनाथ गर्नु परेको हो । अपराध रोक्नका लागि लिच्छविकालमा गठन गरिएको अड्डा तथा तैनाथ अधिकारी भने मध्यकालीन प्रशासनमा देखिँदैन । मध्यकालसम्म आइपुग्दा समाजमा चोरी र लुटपाटको घटना अझ बढ्न गएको पाइन्छ । त्यसैकारण काठमाडौंका राजा जयस्थिति मल्लले चोरहरूलाई ठूलो सजाय दिई धनको सुरक्षा गरेको सन्दर्भ पनि उल्लेख छ ।[७] त्यति हुँदाहुँदै पनि यसकालमा

---

५. धनवज्र वज्राचार्य (सम्पा.), *लिच्छविकालका अभिलेख*, काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०, पृ. २१४-२१५ ।

६. धनवज्र वज्राचार्य, *"लिच्छविकालको शासन पद्धति"*, पूर्णिमा, वर्ष-६, अङ्क-३, पूर्णाङ्क-२३, वि.सं. २०२६ कार्तिक-पूस, पृ. १६९-१८२ ।

७. तुलसीराम वैद्य र अरु, *नेपाल प्रहरीको इतिहास*, काठमाडौं: प्रहरी प्रधान कार्यालय, वि.सं. २०५२, पृ. ५२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चोरीको घटना झन् बढ्न गएको थियो । त्यसैकारण अब चोरलाई चोर्न सघाउने, हतियार उपलब्ध गराउने, गाँसवास दिने जस्ता सहयोग दिने व्यक्ति पनि सजायको भागिदार हुने व्यवस्था गरियो ।

मध्यकालसम्म आइपुग्दा व्यापारको उन्नतिसँगै समाजमा आर्थिक कारोबार बढ्न थाल्यो । व्यापारीले व्यापारका सिलसिलामा काठमाडौंदेखि तिब्बत तथा भारतसम्मको यात्रा गर्नु पर्दथ्यो । पैसा लिएर गरिने यस्ता यात्राका क्रममा उनीहरूलाई डाँकाले लुटपाट गर्न लागे । त्यसैकारण अब भने लुटपाट एवम् डकैतीलाई पनि जघन्य अपराध मानियो ।[८] यसै समयमा नेपालको चौबिसी एवम् बाइसी राज्यहरूमा पनि चोरी, डकैती, कुटपिट वा अन्य आपराधिक गतिविधि निकै देखिन्छन् । समाजमा हुने यस्ता किसिमका क्रियाकलापलाई नियन्त्रण गर्नका लागि ती राज्यमा पनि छुट्टै विभाग एवम् अधिकारी नियुक्त गरिन्थ्यो । यसरी त्यहाँ नियुक्त गरिने अधिकारीलाई 'कोटवाल' भनियो ।[९] 'कोटवाल' पदका सम्बन्धमा के पनि देखिन्छ भने मुगलकालीन भारतमा सहरको पहरा दिने, रेखदेख गर्ने र अपराध रोक्ने जस्ता कार्यको जिम्मा दिइने व्यक्तिलाई 'कोटवाल' भनिन्थ्यो ।[१०] यो पद सम्भवतः मुगल प्रशासनबाट नै नेपालका चौबिसी एवम् बाइसी राज्यहरूमा गएका हो । जेहोस् चोरी, डकैतिजस्ता सामाजिक अपराधबाट प्राचीनदेखि आधुनिककालसम्म कुनै राज्य पनि अछुतो रहन सकेको पाइँदैन । त्यस्तै त्यस्ता आपराधिक क्रियाकलापलाई नियन्त्रण गर्नका लागि पनि इतिहासका विभिन्न कालखण्डमा विभिन्न विभाग एवम् अधिकारीको व्यवस्था गरिएका थिए । त्यति हुँदाहुँदै पनि यस्ता प्रयासहरू त्यति कामयाव हुन सकेको भने देखिँदैन ।

आधुनिक नेपालको पूर्वार्द्धमा तुलनात्मक रूपमा आपराधिक क्रियाकलाप बढेको देखिन्छ । दक्षिणी सीमावर्ती राज्यहरूमा लुटपाट गर्ने गुण्डाका दल र यात्रीलाई ठग्ने ठगका दल निकै सक्रिय थिए । यस्ता ठग एवम् गुण्डाका दलमा कतिपय वैरागी पनि संलग्न रहन्थे । यसै सन्दर्भमा गोरखाली राजा पृथ्वीनारायण शाहले सहयोगीका साथ बनारसबाट फर्कंदा आफूप्रति गरिएको दुर्व्यवहारका विरुद्ध चौकीका अधिकारीलाई मारेका थिए । यसबाट उनका विरुद्ध सम्बन्धित भारतीय राज्यका पुलिस उठ्नु स्वाभाविकै थियो । यस्तो अवस्थामा त्यहाँबाट सकुशल नेपालमा फर्कन नसकिने देखेर पृथ्वीनारायण

---

८ तुलसीराम वैद्य र त्रिरत्न मानन्धर, *क्राइम एण्ड इन नेपालः ए हिस्टोरिकल प्रस्पेक्टिव*, काठमाडौंः विनी वैद्य र पूर्णदेवी मानन्धर, ई.सं. १९८५, पृ.१०४ ।

९ वज्राचार्य (सम्पा.) *पाद टिप्पणी नं.* ५, पृ. ४६ ।

१० ए. यल. श्रीवास्तव, *ए सर्ट हिस्ट्री अफ अकवर द ग्रेट*, आग्राः शिवलाल अगरवाल एण्ड कं प्राइभेट लिमिटेड, ई.सं. १९५९, पृ. ८८-८९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शाहले भारतीय गुण्डाको सहयोग लिएका थिए ।[११] अप्ठेरो परेका बखत पृथ्वीनारायण शाहलाई सघाए तापनि वास्तवमा त्यस्ता आपराधिक तत्त्वले नेपालका सीमावर्ती राज्यमा लुटपाट एवम् चोरी गर्दथे । त्यसैकारण नेपालको एकीकरणसँगै भारतीय क्षेत्रबाट हुनसक्ने तथा नेपालबाट नै गरिने चोरी, डकैती जस्ता आपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न राज्यले विभिन्न प्रयास गरेको देखिन्छ ।

सीमा क्षेत्रमा आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने प्रयास

नेपाल-अङ्ग्रेज युद्धपूर्व

खासगरी विक्रमको उन्नाइसौं शताब्दीको दोस्रो भागमा नेपाल-भारत सीमावर्ती तराई क्षेत्रलगायत महत्त्वपूर्ण जिल्लाहरूमा आपराधिक क्रियाकलाप नियन्त्रणका लागि सरकारले विभिन्न समयमा विभिन्न प्रशासकका नाममा सवालका रूपमा निर्देशन जारी गरेको थियो । यसै सन्दर्भमा वि.सं. १८५० मार्ग सुदी ११ मा राजा रणबहादुर शाहले सप्तरी र महोत्तरी जिल्लाका प्रशासक सुब्बा लक्ष्मीनारायण पण्डितको नाममा एउटा 'सवाल' अर्थात् निर्देशन जारी गरेका थिए । त्यस सवालमा सप्तरी र महोत्तरी क्षेत्रमा चोर, डाँका आदिको नियन्त्रणका लागि 'कोतवाल' नियुक्त गर्ने कुरा उल्लेख थियो ।[१२] त्यस्तै वि.सं. १८६१ साल असारमा सुब्बा नैनसिंहलाई सोही दुई जिल्लामा खटाइएको थियो । अन्य कार्यका अतिरिक्त त्यहाँ उनले चोरी कार्यलाई निरुत्साहित गर्नुपर्ने थियो । यसैक्रममा यदि गिरफ्तार गरिएको चोरको साथमा फेलापरेको निसा (सामान वा प्रमाण) समेत चोरी गरेको कुरामा ऊ कायल भएमा आवश्यक विवरण संलग्न गरी कारवाहीका लागि केन्द्रमा लेखेर पठाउनु पर्दथ्यो । केन्द्रको निर्देशानुसार मात्र चोरलाई सजाय गर्नुपर्ने दायित्त्व सुब्बा लक्ष्मीनारायणलाई दिइएको थियो ।[१३] त्यस्तै विजयपुर, मोरङ, भोटगाउँ-

---

११ बाबुराम आचार्य, *श्री ५ बहामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी:* ई.सं. १७२३-७५, (भाग-१) नेपाल: श्री ५ बडाबहाराजाधिराजको प्रेस सचिवालय, वि.सं २०२४, पृ. १६७-१६८ । त्यसबखत नागाबैरागी गुण्डाका दल अवध, बिहार र वाराणसीका इलाकामा पनि रहेका हुन्थे । बैरागीको भेषमा भए तापनि कहिले काहीं उनीहरूले पुरानको आँखा छली यात्री र व्यापारीलाई लुट्ने गर्दथे । अप्ठेरोमा परेका पृथ्वीनारायण शाहले बैरागीका दलका एकजना नाइकेसँग स्थानीय पुलिसको आँखा छली बुटवलसम्म पुऱ्याइदिन आग्रह गरे । मागेजति धन दिने प्रलोभनमा बैरागीले दलबलसहित पुलिसको आँखा छलेर उनीहरूलाई सुरक्षित साथ बुटवलमा उत्रन सहायता गरेका थिए । *(ऐजन)*

१२ खनाल, *पाद टिप्पणी नं.* २, पृ. ११५ ।

१३ सुब्बा नैनसिंहलाई जिल्ला सप्तरी, महोत्तरीमा बसी काम गर्ने सम्बन्धी वि.सं. १८६१ साल आषाढ बदी ३० को सवाल । नौ बुंदा उल्लेख भएको यो सवाल जैशिकोठा, पोका नं. २९, सि.नं. ३२४५ बाट उतारिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोसिका दरियादेखि पूर्व त्रिसोना(?) देखि पश्चिममा आपराधिक क्रियाकलाप समेतलाई नियन्त्रण गर्नका लागि सुब्बा चन्द्रवीर थापालाई खटाइएको थियो । उनलाई भने कसैले ज्यानमार्ने, चोर्ने, गोवध गर्ने आदि जस्ता अपराध गरेको सबुदसाथ प्रमाणित भएमा त्यस्ता अपराधीलाई भलामानिसको कचहरी राखी कसुरअनुसार मुड्ने जातलाई मुड्ने, काट्ने जातलाई काट्ने, झुण्ड्याउने जातलाई झुण्ड्याउने, दण्ड गर्ने जातलाई दण्ड गर्ने र अझ कुनै सजाय दिनुपर्ने भएमा सरकारलाई सोध्ने अधिकार दिइएको थियो ।[१४] सोही वर्षको चैत्र महिनामा जारी गरिएको एउटा सवालमा भने त्यस्ता अपराधीलाई सजाय गर्नुपर्ने भएमा केन्द्रमा लेखिपठाउन निर्देशन दिइएको थियो । त्यति मात्र नभएर बाहिर विभिन्न अपराध गरी नेपालको सिमानाभित्र पस्न खोज्ने मानिसलाई रोक्न पनि निर्देशन दिइएको थियो । यसरी रोक्न खोज्दा हुलदङ्गा अर्थात् बल प्रयोग गर्न लागेमा आफू सुरक्षित हुनका लागि आवश्यक परेका खण्डमा उनीहरूलाई आक्रमण गरेर पनि नियन्त्रणमा लिन सर्दार भैरवसिं षवासलाई अख्तियारी दिइएको थियो ।[१५] उनलाई दिइएको अख्तियारीमा कसैले चोरी, गोवध, ज्यानमार्ने जस्ता अपराध गरेमा भने नियमानुसार सर्दारले चैनपुरमा नै सजाय नगरी त्यसको विवरण केन्द्रमा पठाउनु पर्ने र निर्देशन आए बमोजिम मात्र सजाय गर्नुपर्ने थियो ।

माथि उल्लेख गरिएका सवाललाई हेर्दा सबै प्रशासकलाई आफ्ना क्षेत्रमा आपराधिक क्रियाकलाप नियन्त्रण गरी शान्ति सुव्यवस्था कायम गर्ने महत्त्वपूर्ण दायित्त्व दिइएको देखिन्छ । यसका साथै विभिन्न अपराध गरी सिमानाभित्र आउन खोज्ने अपराधीलाई नेपालभित्र पस्न नदिन पनि निर्देशन दिइएको थियो । यसबाट बाहिरिया अपराधी आएर मुलुकको शान्ति सुव्यवस्थामा खलल पार्नसक्ने हुनाले त्यस्ता गतिविधिलाई पनि नियन्त्रण गर्नु नितान्त आवश्यक भएको कुरा सरकारले अनुभव गरेकै कारण प्रशासकलाई सोही किसिमका अख्तियार दिइन्थ्यो । यसै सन्दर्भमा उल्लेख्य कुरा के पनि देखिन्छ भने सबै जिल्ला प्रशासकलाई एकै किसिमको अख्तियार भने दिइँदैनथ्यो । जस्तो विजयपुर र मोरङतर्फ खटाइएका सुब्बा चन्द्रवीर थापालाई अपराधी कायल भएका खण्डमा नियमानुसार मृत्युदण्डसम्म दिने अधिकार दिइएको थियो भने अर्का सुब्बा नैनसिंहलाई त्यस्ता अपराधी कायल भएपछि सोको विवरण केन्द्रमा पठाई निर्देशनवमोजिम कारवाही गर्नु भन्ने निर्देशन थियो ।

---

१४. सुब्बा चन्द्रवीर थांपाले विजयपुर, मोरङ, भोटगाउँ, कोसिका दरियावदेखि पूर्व त्रिसोतादेखि पश्चिम गई गर्ने कामसम्बन्धी वि.सं. १८६७ साल मिति मार्गसिर वदी ३ रोज को सवाल । १९ वुंदा उल्लेख भएको यो सवाल जैशिकोठा, पोका नं. ९, सि.नं. २५ बाट उतारिएको हो ।

१५. सर्दार भैरवसिं षवासलाई चैनपुर गई गर्ने काम सम्बन्धी वि.सं. १८६७ साल चैत्र वदी ११ रोज ४ को सवाल । यो सवाल जैशिकोठा, पोका नं. ९, सि.नं. २६ बाट उतारिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल-अङ्ग्रेज युद्धकाल

नेपाल-अङ्ग्रेज युद्धकाबखत भने खासगरी दक्षिणी सीमावर्ती जिल्लाका प्रशासकले सुरक्षाको दोहोरो दायित्त्व निर्वाह गर्नुपर्दथ्यो । युद्धका समयमा विभिन्न बहानामा भारततर्फबाट नेपालमा प्रवेश गर्ने मानिसलाई रोक्नाका अतिरिक्त स्थानीय समुदायमा चोरी, डकैती, खुन आदि आपराधिक क्रियाकलापको नियन्त्रण गर्नुपर्दथ्यो । भारततर्फबाट आक्रमण हुनसक्ने क्षेत्रलाई सुरक्षित गर्नु यसबखतका प्रशासकको प्रमुख दायित्त्व थियो । खासगरी दक्षिणतर्फबाट विभिन्न बाहानामा शत्रु वा तिनका गुप्तचर नेपाली भूभागमा आउन सक्ने हुनाले तिनलाई नियन्त्रण एवम् निगरानी गर्नका लागि प्रशासकले आफ्ना विश्वासिला मानिसलाई महत्त्वपूर्ण नाकामा तैनाथ गरी शत्रुपक्षको बारेमा विस्तृत जानकारी लिनुपर्दथ्यो । यसका अतिरिक्त शत्रु वा तिनका गुप्तचर आउन सक्ने मुख्य बाटाहरू बन्द गर्ने पनि उनको प्रमुख दायित्त्व थियो । युद्धका क्रममा विभिन्न बहाना एवम् भेषमा शत्रुका गुप्तचरहरू नेपालका विभिन्न क्षेत्रमा आउनसक्ने भएकाले आफ्ना इलाकामा प्रवेश गर्ने त्यस किसिमका मानिसलाई गिरफ्तार गरी नउम्कने हिसाबमा बन्दी बनाउन पनि सरकारले प्रशासकलाई निर्देशन दिएको थियो ।[१६] युद्धकै क्रममा भारतीय सिमामासँग जोडिएका तराईका जिल्लाको सुरक्षालाई सरकारले कति सम्वेदनशीलताका साथ लिएको थियो भन्ने कुरा वि.सं. १८७२ साल माघ वदि १३ रोज ७ को एउटा सवालबाट स्पष्ट हुन्छ । सर्दार अचल थापाको नामको नौ बुँदे सवालमा सुरक्षा सम्बन्धी प्रमुख विषयलाई यसप्रकार उल्लेख गरिएको छ;[१७]

- महोत्तरीतर्फ जङ्गल र चुरेपहाडमा पर्ने चल्तिको मूलबाटो तथा सिन्धुलीबाट मछरेखा (?) निस्कने बाटो बन्द गर्ने र ती क्षेत्रमा चौबीसै घण्टा आफ्ना सैनिकलाई तैनाथ राख्ने ।
- सो क्षेत्रको दक्षिणतर्फ अर्थात् भारतीय सीमावर्ती कुनकुन क्षेत्रमा कति काला र गोरा सैनिक कुन उद्देश्यबाट बसेका छन् सो बुझ्न विश्वासिला मानिस पठाउने । यसरी बुझ्दा आक्रमण गर्ने उद्देश्यबाट शत्रु आउँदै गरेको थाहा पाएमा सप्तरी वा

---

१६. सर्दार भैरवसिं षवासलाई नालापानी किल्ला बनाउने र गर्ने काम सम्बन्धी वि.सं. १८७० साल माघ वदी ३० रोज ६ को सवाल । नौ बुँदाको यो सवाल जैशिकोठा, पोका नं. २८, सि.नं. ३२५३ बाट उतारिएको हो ।

१७. सर्दार अचल थापालाई महोत्तरीतर्फ गई गर्ने कामसम्बन्धी वि.सं. १८७२ साल वदी १३ रोज ७ को सवाल । नौ बुंदाको यो सवाल विस्तृत जानकारीका लागि परिशिष्ट नं. १ मा संलग्न छ । सो सामग्री त्रिभुवन विश्वविद्यालय, इतिहास केन्द्रीय विभाग, कीर्तिपुरको अभिलेख शाखामा रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिन्धुली जुन क्षेत्रबाट उनीहरू अगाडी बढ्दैछन् सो क्षेत्रमा आवश्यक सैन्यशक्ति राखेर बाँकी सैन्यशक्ति छिमेक जिल्लाको सुरक्षार्थ त्यसतर्फ पठाउने ।

- आफ्नो प्रशासनिक क्षेत्रमा आक्रमण गर्न वैरी आउँदैछन् भन्ने खबर पाए तापनि उनीहरूका विरूद्ध आफूले पहिला आक्रमण नगर्ने । आक्रमण हुने कुरा बुझेपछि पहिला आफ्नो इलाकामा पर्ने सामरिक महत्त्वका क्षेत्रलाई सुरक्षित गर्ने । त्यसपछि शत्रुमाथि आक्रमण गर्नसक्ने शक्ति भएमा आक्रमण गर्ने अन्यथा छिमेक सिन्धुली, सप्तरीमा खबर गरी त्यहाँबाट सैनिक आएपछि मात्र माक्रमण गरी पराजित गर्ने ।
- विभिन्न किसिमबाट छलसमेत गरेर आक्रमण गर्न सक्ने भएकाले वैरी टाढै छ भनी निश्चिन्त भएर नबसी आफ्नो क्षेत्रलाई हमेसा सुरक्षित एवम् बलियो राख्ने ।
- तराईबाट पहाडतर्फ आउने अत्यावश्यक एक-दुई मूलबाटामा यथेष्ट सुरक्षाको व्यवस्था गर्ने र बाँकी खेनर भत्काउने, सोला थाप्ने, रूख ढालेर भाँजापारी काँढा-बाँस लगाएर भए पनि बाटाहरू बन्द गर्ने ।

माथिका सनदहरूबाट नेपाल-अङ्ग्रेज युद्धका अवसरमा सीमावर्ती क्षेत्रका प्रशासकलाई खासगरी उनीहरूकै क्षेत्र तथा छिमेकसमेतको सुरक्षाका लागि तदारूखताका साथ काम गर्ने निर्देशन दिइएको थियो । यसका साथै आफ्नो क्षेत्रमा शान्तिसुरक्षा स्थापना गर्न पनि उनीहरूले ध्यानदिनु पर्दथ्यो । उल्लेख्य कुरा के पनि देखिन्छ भने युद्धकालमा सो क्षेत्रमा चोरी, डकैतीका घटना भएको भने पाइँदैन । नेपाल-अङ्ग्रेज युद्धका कारण स्थानीय प्रशासनको ध्यान युद्ध एवम् आफ्नो क्षेत्रको सुरक्षामा केन्द्रित रहेको मौका पारेर सप्तरी र महोत्तरी जिल्लाका राजस्व सङ्कलन गर्ने चौधरी, कानुगोई, महाल्दारहरूले आर्थिक प्रलोभनका कारण अङ्ग्रेजसँग मिलेर वि.सं. १८७१-१८७२ को राजस्व असुलीमा नोक्सान पारेको पनि देखिन्छ । तर यसको जानकारी पाएपछि भने स्थानीय प्रशासनको तदारूखताका कारण उक्त घाटा रकम असुल गरिएको थियो ।[१८] यसपछि भने सो क्षेत्रमा त्यस किसिमको घटना दोहरिएको उल्लेख पाइँदैन ।

उल्लेख्य कुरा के देखिन्छ भने सुगौली सन्धिमा सीमावर्ती क्षेत्रमा हुने आपराधिक क्रियाकलाप नियन्त्रणका लागि खास कुनै सन्दर्भ उठाइएन । सन्धिपछि नेपालमा अङ्ग्रेज रेसिडेण्ट रहन लागेपछि भने सीमावर्ती क्षेत्रमा आपराधिक गतिविधिमा कमी आएको कुरा एकजना विद्वान्ले उल्लेख गरेका छन् ।[१९]

---

१८. जिर्जधन खत्री र अर्जुन थापालाई सप्तरी र महोत्तरी जिल्लामा गई गर्ने काम सम्बन्धी वि.सं. १८७५ साल कार्तिक वदी ३० रोज ५ को सवाल । १४ बुँदाको यो सवाल जैशिकोठा, पोका नं. १४, सि.नं. ५६ बाट उतारिएको हो ।

१९. रमाकान्त, *इण्डो-नेपलिज रिलेशन्स*, दिल्ली: यस चन्द एण्ड को., ई.सं. १९६८, पृ.९२-९३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल-कम्पनी सरकारबीच अपराधी सपुर्द गर्ने सन्दर्भः वि.सं. १८८४ र १८९२

सुगौली सन्धिले नेपाल-भारतबीच भौगोलिक सिमाना निर्धारण गरे तापनि सीमावर्ती क्षेत्रमा हुने आपराधिक क्रियाकलापलाई भने रोक्न सकेन । खासगरी एउटा मुलुकमा चोरी, ठगी, हत्या आदि जस्ता आपराधिक कार्य गरी अर्को मुलुकमा जाने प्रवृत्ति सो क्षेत्रमा निकै व्यापक रहेको देखिन्छ । यस्ता अपराधीबाट दुवै मुलुकका सीमावर्ती क्षेत्रमा अशान्ति एवम् असुरक्षाको वातावरण फैलनु स्वाभाविकै थियो । दुवै मुलुकको टाउको दुखाई भएका यस्ता क्रियाकलापलाई नियन्त्रण गर्नका लागि नेपाल र इस्ट इण्डिया कम्पनी सरकारकाबीच राणाकालपूर्व नै सन्धिहरू पनि भएका थिए ।

सुगौली सन्धिको एक दशकजतिपछि अर्थात् वि.सं. १८८४ सालमा दुवै मुलुकबीच यसै विषयमा एउटा सन्धि भएको थियो । सन्धिअनुसार कम्पनी सरकारका कुनै नागरिकले आफ्नो देशमा विष दिई वा आगो बाली कसैको हत्या गरी भागी नेपालभित्र बसेको छ भनी नेपाल सरकारका अधिकारीलाई हुलियासमेत दिई सूचीत गरेमा नेपाल सरकारले त्यस्ता व्यक्ति खोजी दिइएको हुलिया मिल्ने व्यक्ति भेट्टाइएमा कम्पनी सरकारका अधिकारीलाई सपुर्द गर्ने तथा नेपाल सरकारका नागरिकले यस्तो अपराध गरी कम्पनी सरकारको इलाकामा गई बसेको छ भने हुलियासमेतको सूचना नेपालबाट दिएपछि कम्पनी सरकारले खोजी हुलिया मिल्न आएमा पक्रि नेपाल सरकारलाई सपुर्द गर्ने भन्ने थियो । तर दुबै मुलुकबाट बताइएका व्यक्तिबारे दिइएको हुलिया मिलेन भने त्यसमाथि कुनै प्रकारको शङ्का भएन वा त्यो आफ्नो नागरिक ठहरेमा सपुर्द गर्न नपर्ने कुरासमेत दुवैले मञ्जुर गरेका थिए ।[२०] दुवै मुलुकबीच भएको यो सन्धिमा विशेषतः ठगी र हत्याको विषय उठाइएको थियो । यो सन्धिपछि सम्भवतः सीमावर्ती क्षेत्रमा ठगी र हत्यामा केही कमी आउन गएको थियो । यसै प्रसंगमा उल्लेख्य कुरो के पनि देखिन्छ भने युद्धका समयमा सुरक्षाका दृष्टिले बन्द गरिएका बाटाहरूबाट मानिस हिँडेमा तिनीहरूप्रति निकै निगरानी राख्नुपर्ने कुरामाथि नेपाल सरकारले निकै जोड दिएको थियो । बन्द गरिएका बाटाबाट चोरलगायत अपराधी भाग्दै गरेकाबखत गिरफ्तार गरिएमा गिरफ्तार गरिएका चोरलगायतसँग भएका सामानसमेत जफत गरी स्थानीय अमालीसमक्ष पुऱ्याउनु पर्ने कुरा पनि तराई क्षेत्रमा खटिने अधिकारीलाई निर्देशन दिइएको थियो ।[२१]

---

२०. चित्तरंजन नेपाली, *जनरल भीमसेन थापा र तत्कालीन नेपाल*, काठमाडौं: रत्नपुस्तक भण्डार, वि.सं. २०३५, पृ. १२६-१२७ ।

२१. लेफटेन् हिराप्रताप सिंलाई मोरङ, विजयपुर, सप्तरी, बारा, पर्सा, रौतहट, चितवन, वेलौन, सजौट कालीपूर्व मेची पश्चिम महाभारत दक्षिणका जङ्गल र सिमानामा गई काम सम्बन्धी वि.सं. १८८५ साल वैशाख सुद्री ९ रोज ३ को सवाल । १६ बुँदाको यो सामग्री जैशीकोठा पोका नं. १६, सि.नं. ७७ बाट उतारिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालले कम्पनी सरकारसँग माथि उल्लिखित सन्धि गरे तापनि सम्भवतः उक्त सन्धिमा उल्लेख नभएका विषय अर्थात् डाँकाहरूवाट दुवै मुलुक आक्रान्त भएका थिए। यही कुरालाई दृष्टिगत गरेर खासगरी सीमावर्ती क्षेत्रमा डाँकावाट हुने गरेको लुटपाटको घटनालाई नियन्त्रण गर्नका लागि नेपाल र कम्पनी सरकारकाबीच डाँका सपुर्द गर्ने विषयमा वि.सं. १८९१ सालको कार्तिक महिनामा एउटा सन्धि भयो। सन्धिअनुसार जुन सरकारको इलाकामा डाँका लाग्दछ, डाँकालाई त्यस सरकारले सजाय गर्ने अर्थात् नेपाल सरकारका रैतीले कम्पनी सरकारका इलाकामा गई डाँका माऱ्यो भने सावितो डाँकालाई कम्पनी सरकारले सजाय गर्ने तथा कम्पनी सरकारका रैतीले आई नेपाल सरकारका सिमानाभित्र डाँका माऱ्यो भने नेपाल सरकारले सजाय गर्ने भन्ने कुरामा दुवै सरकार राजी भए। त्यस्तै दुई सरकारमध्ये कसैले पनि समातिएको डाँका आफ्नो नभई अर्को सरकारको रैती ठहरिएमा सो व्यक्ति डाँका हो होइन भनी दुवै सरकारका प्रतिनिधि बसेर पुर्पछे गरिने कुरा पनि सन्धिमा उल्लेख थियो।[२२] यसै प्रसङ्गमा उल्लेख्य कुरा के पनि छ भने धार्मिक रूपमा नेपालमा ब्राह्मण अबध्य थिए। कथम्कदाचित ब्राह्मणले नेपालमा चोरी गरी वा डाँकामारी कम्पनी सरकारको सिमानाभित्र भएर तिनलाई गिरफ्तार गरिएमा त्यहाँकै कानुनवमोजिम मृत्युदण्ड पनि हुनुसक्दथ्यो। यस्तो अवस्थामा अपराधी सपुर्द गर्ने कम्पनी सरकारको प्रस्तावलाई नेपालले स्वीकार नगरेको हो भन्ने भनाइ पनि पाइन्छ। यति हुँदाहुँदै पनि नेपालले कम्पनी सरकारसँग उपरोक्त सन्धिहरू गरेको थियो।[२३] यो सन्धि गरिएपछि त्यसलाई कार्यान्वयन गर्नका लागि नेपाल सरकारले दक्षिणी सीमावर्ती जिल्लाहरू खासगरी डोटी, दाङ, सल्यान, पाल्पा, बुटवल, चितौन, पर्सा, बारा, रौतहट, सर्लाही, सप्तरी, महोत्तरी, मोरङ र विजयपुरका प्रशासकलाई निर्देशन दिएको थियो।[२४] त्यतिमात्र नभएर कुनै व्यक्ति चोरी र डाँका मारेको कुरामा साबित भएमा ज्यान सजायसम्म हुने कुरा आफ्ना प्रशासनिक क्षेत्रभरिका जनताले थाहा पाउने गरी सार्वजनिक सूचना दिन पनि सरकारले प्रशासकहरूलाई निर्देशन दिएको थियो। यसै सिलसिलामा वि.सं. १९९२ (शमशेरबहादुर थापाले वि.सं. १९९२ उल्लेख गरे तापनि सो मिति १९९२ नभएर वि.सं. १८९२ हो) श्रावण वदि १० रोज २ मा पाल्पा बुटवलका अमालीलाई दिइएको निर्देशन यसप्रकार छ:[२५]

---

२२. नेपाली, *पाद टिप्पणी नं. २०*, पृ. १२७।

२३. रमाकान्त, *पाद टिप्पणी नं. १९*, पृ. १३६-१३७।

२४. खनाल, *पाद टिप्पणी नं. २*, पृ. २२७।

२५. शमशेरबहादुर थापा, *रणवीरसिंह थापा*, ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०२३, पृ. १२४।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"आगे पाल्पा बुटवलका सालसालका अमाली प्रति दोसिवानाका जगामा डाँकु र चोरका विदुतले दोस्तिमा खलल हुन जान्छ दुनियाँ रैयतलाई पनि दुःख हुन जान्छ तसर्थ चार वर्ण छतिसै जातमा डाँका चोरीका कुरा सावित हुन गयो जीउ जहानमा पर्ला भनि प्रगंना प्रगंना मौजे मौजेमा ढुडला पिटाई दिनु अव उप्रान्त कचहरी कचहरीमा पनि १५।१५ दिनमा एसै वमोजिमको उर्दि दी ताकीत गर्न्या काम गर्दैरहनु यस वन्दोवस्तमा जो गाफील रहला तसलाई भारी सजाय होला....."

यसप्रकार नेपाल-अङ्ग्रेज युद्धपछि पनि दुवै देशका सीमावर्ती क्षेत्रमा आपराधिक क्रियाकलापलाई नियन्त्रणमा लिन नसकेकाले नै दुवैबीच उपरोक्त सपुर्दगी सन्धिहरू गरिएका हुन् । यस्ता सन्धिले सीमाक्षेत्रमा हुने चोरी, डकैती जस्ता अपराधजन्य क्रियाकलापमा केही नियन्त्रण भए तापनि त्यसबाट त्यति प्रभावकारी परिणाम आएको पाइँदैन । सन्धिबाट दुवै सरकारहरू पारस्परिक रूपमा अपराधीलाई हस्तान्तरण गर्न प्रतिबद्ध थिए । त्यतिभए तापनि दुवै सरकार आफ्ना नागरिकलाई हस्तान्तरण गर्न भने बाध्य थिएनन् ।[२६] त्यसो त कतिपय अवस्थामा कम्पनी सरकारले यी सन्धिलाई वास्ता नगरेको घटनाहरू पनि नपाइने होइन ।[२७]

अपराध नियन्त्रण प्रयासमा वि.सं. १९०७ को सवाल

कम्पनी सरकारसँग गरिएका उपरोक्त सन्धिहरूसमेतबाट पनि त्यति उपलब्धी हासिल नभएका कारण सरकारले सीमावर्ती क्षेत्रमा हुने गरेको चोरी, डकैती आदि जस्ता आपराधिक क्रियाकलापलाई रोक्ने प्रयास स्वरूप विभिन्न अधिकारीलाई त्यसको विशेष दायित्व दिएको थियो । कमसे कम आफ्नो क्षेत्रमा चोर, डाँका, तस्कर, भगुवा, नसुवा, टमार(?) बाट हुने अव्यवस्थालाई नियन्त्रण गर्नका लागि नेपाल सरकारले निरन्तर प्रयास गरेको थियो । यसै सन्दर्भमा प्रधानमन्त्री जंगबहादुर चोर, डाँकालागायल अपराधी भागेर भारतमा जान नपाउन् भन्ने विषयमा निकै सचेत देखिन्छन् । आपराधिक तत्त्वका अतिरिक्त आफ्ना विरोधीहरू पनि भागेर भारतीय सीमानामा जालान् भन्ने उनलाई डर थियो । सम्भवतः सोही कारणसमेतलाई ध्यानमा राखेर शक्ति लिएको तत्कालैजस्तो अर्थात् वि.सं. १९०७ मा उनले एउटा निर्देशन जारी गरेका थिए । सोअनुसार नेपाल-भारत सीमावर्ती पश्चिमी क्षेत्रका अतिरिक्त पहाडतर्फ दुल्लु र दैलेख गढीको सामरिक महत्त्वका ठाउँसमेतको सुरक्षा

---

२६. त्रिरत्न मानन्धर, *"नेपाल एण्ड ब्रिटिर इण्डिया एक्स्ट्राडिशन इस्युज"*, जर्नल अफ नेपलिज लिटरेचर, आर्ट एण्ड कल्चर, भोलम-४, नं.-२, ई.सं. २००२, पृ. १७-२४ ।

२७. *ऐजन* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्ने अख्तियारी उनले एकजना सुब्बालाई दिएका थिए । यसैक्रममा वर्तमान नवलपरासी जिल्लामा पर्ने त्रिवणीदेखि पश्चिम महाकालीसम्मका दक्षिणी सीमावर्ती क्षेत्रमा हुनसक्ने आपराधिक गतिविधिलाई नियन्त्रण गर्नका लागि नियुक्त सुब्बालाई आवश्यक हातहतियार (वन्दुक) र जमदार, सैन्यशक्ति तथा मुन्सीसमेत साथमा लिएर तैनाथ रहने निर्देशन दिइएको थियो । आवश्यक सहयोगी तथा शक्तिका साथ आफ्नो कार्य सम्पादन गर्नका लागि सुब्बा विरभञ्जन माझीलाई औलो नलाग्ने ठाउँ हेरी स्युराज, खजहनी वा पायक पर्ने सोही क्षेत्रमा ठाना वनाई बसेर डाँकु, चोर गिरफ्तार गर्ने अख्तियारी दिइयो । वि.सं. १९०७ साल मार्ग वदी ८ रोज ४ मा निज सुब्बाको नाममा जारी गरिएको सवालको थालनी यसप्रकार गरिएको थियो;

> "आगे सुवा विरभंजन माझी के त्रीवेनीदेषी पश्चिम् महाकाली पूर्व दरोवस्त मध्येस् जंगल सहरदमा डाकु चोर तसगर वटमार(?) नसुवा भगुवा गैह्र मानीसको हेरचाह गरी पैल्याइ पक्रना कामको अषतीयार गरी वमोजिम् तपसील्का दस्तविज गरी दिञ्युं आफ्ना षातिरज्मा सित तिम्रां तैनाथी कम्पनीका दुल्नु दैल्येष गढीको र कुह्रुवा ठाउँमा स्मेत्को षवर्दा रि निमित्त. चाहीदा ज्मादार स्मेत् नाल राषी. अरू बाँकी रह्याका ज्मादार स्मेत्. नाल र मुन्सी साथमा ली औलो नलागन्या. ठाउँ स्युराज षजहनि तञ्यानि (?) का किनारामा जाहा सुभीता पर्छ. औलो बचाइ उसै जगामा. ठाना राषी डाकु चोर गैह्र पैल्याइ. पक्रन्या काम गर..."

सुब्बा वीरभञ्जन माझीको नामको उक्त ११ बुँदे सवालमा खासगरी देहायका मुख्य विषयहरू उल्लेख छन्;[२८]

- भारतबाट आएका तथा नेपालका डाँकु, चोर, तस्कर, हत्यारा, नसुवा, भगुवा र वटमार(?) लाई गिरफ्तार गर्नेक्रममा उनीहरूले हतियार चलाएमा आफूले पनि हतियार चलाउने । हतियार चलाउँदा कुनै डाँकु, चोर मरेका खण्डमा कुनै दोस हुँदैन । गिरफ्तार गरिएकाबाट अपराधका बारेमा जानकारी लिएर सो विवरण पाल्पा अड्डाका भारदार समक्ष पठाउने र त्यहाँबाट प्राप्त जवाफवमोजिम उनीहरूलाई कारवाही गर्ने ।

---

२८. सुब्बा वीरभञ्जन माझीलाई त्रिवेणीदेखि पश्चिम् महाकालीपूर्वका दरोबस्त मधेस, जङ्गल सरहदमा डाँकु चोर, तसगर, टगार(?), नसुवा (ज्यानमारा?), भगुवा गैह्र मानिसको हेरचाह गरी पैल्याइ पक्रने कामको अख्तियार गरी वि.सं. १९०७ साल मार्ग वदी ८ रोज ४ मा दिएको सवाल । ११ बुँदाको यो सवाल विस्तृत जानकारीका लागि परिशिष्ट नं. २ मा संलग्न छ । यो सामग्री त्रिभुवन विश्वविद्यालय, इतिहास केन्द्रीय विभाग, कीर्तिपुरको अभिलेख शाखामा रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

- चोर, डाँकाको समूह ठूलो भएर आफ्ना तैनाथीमा रहेका फौजले नियन्त्रण गर्न नसक्ने भएमा यथाशीघ्र पाल्पा, प्युठान र सल्यानबाट आवश्यक सहयोग लिएर तिनलाई गिरफ्तार गर्ने ।
- गिरफ्तार गरिएका चोर, डाँकालाई भाग्न नपाउने हिसाबले बन्दी बनाउने । उनीहरूको खानाखर्चका लागि आवश्यक पर्ने रूपैयाँ बुटवलका सुब्बाबाट लिने र सोको यथार्थ विवरण पाल्पा अड्डाका अधिकारीसमक्ष पेस गरी रसिद लिने ।
- आफ्ना जिल्ला क्षेत्रमा चोर, डाँकाहरू आएका छन् भन्ने थाहा पाउनासाथ सम्बन्धित अधिकारीले सुब्बा वीरभञ्जन माझीसमक्ष जानकारी दिनु पर्ने । सोसम्बन्धी जानकारी पाउनसाथ सुब्बाले आवश्यक हतियार एवम् सैनिक लिएर त्यस्ता चोरहरूलाई गिरफ्तार गर्ने । यदी सुब्बा वीरभञ्जनको तैनाथका बलले नभ्याएका खण्डमा सम्बन्धित क्षेत्रका सुब्बा, फौजदार, चौधरी, कानुगोइ, पटवारी, महतोलगायतको सहयोगमा तिनलाई गिरफ्तार गर्ने ।
- नेपालभित्र चोरी गरी चोर कम्पनी सरकारको सिमानाभित्र गएमा उनीहरूलाई गिरफ्तार गर्न आफै त्यसतर्फ जाने काम नगरी चोरले गाउँको फलानाको घरमा चोरी गरी कम्पनी सरकारको फलाना गाउँमा बसेका छन् भनी सो जिल्लाका ठानाका मजिष्ट्रेट समक्ष लेखी पठाएपछि उनीहरूले गिरफ्तार गरी चोर तथा उसबाट प्राप्त माल, पठाइदिएमा राम्रै भयो । पठाइदिएनन् भने सोको विवरण पाल्पा अड्डाका अधिकारीसमक्ष पठाउने । यसरी चोरी, डकैतीका बारेमा जानकारी पाएपछि पाल्पाबाटै कम्पनी सरकारका भारदारसँग सोधी पठाउने ।
- कम्पनी सरकारका ठानादार मजिष्ट्रेट फलाना जगाका चोरले चोरीगरी भागेर नेपाल सरकारको इलाकाका जङ्गलमा पसेको छ, त्यसलाई गिरफ्तार गरी पठाइदिनु भनी लेखी पठाएमा खोजी गर्ने । खोज्दा पाइएका खण्डमा भेटिएको सामानसमेत पत्रलेखी मानिससाथ उसलाई पठाई मजिष्ट्रेट समक्ष दाखिला गरी चोर तथा मालको विस्तृत विवरण उल्लेख गरी रसिद लिएर आउने ।
- नेपालमा डाँका मारी भागेर कम्पनी सरकारको क्षेत्रमा गएपछि पनि डाँका माऱ्यो भने तिनलाई त्यहाँ नै गिरफ्तार गरी सजाय होला । नेपालमा डाँका मारी भागेर कम्पनी सरकारको क्षेत्रमा गएर त्यसै बसेका भए सो डाँकाका बारेमा जानकारी लिई जज, मजिष्ट्रेटलाई लेखी पठाउने । नेपालबाट लेखिपठाएपछि कम्पनीतर्फबाट गिरफ्तार गरी पठाइदिए भने आएका मानिस र उनीहरूसँग भएका मालसमेतको रसिद दिएर पठाउने । नेपाली भूभागबाट भागेर गएका डाँकालाई गिरफ्तार गरी कम्पनी सरकारतर्फबाट फिर्ता पठाइदिएमा सोको विस्तृत विवरणसमेतको जानकारी पाल्पा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अड्डाका अधिकारीसमक्ष पठाउने र त्यहाँबाट प्राप्त निर्देशनबमोजिम उनीहरूलाई सजाय गर्ने ।

- गिरफ्तार गरिएका चोर, डाँकाहरूसँग भएका सुन, चाँदी, नगद, जिन्सी आदिको १० प्रतिशत मेहनतबापत दर्जाअनुसार सुब्बा, जमदार, हुदा, सिपाहीलगायत लाजिमासमेतले बाँडीलिने । बाँकी रहेको सुन, चाँदी, नगद, जिन्सी लगायत हतियार, हात्ती, घोडा जवाहरातहरू कुमारीचोकमा बुझाइ फारखती लिने । यदि नबुझाई खाए वा अरूलाई खुवाएको ठहरेमा बिगोको दोब्बर जरिवाना गरिने ।

उपरोक्त व्यवस्थाबाट कम्पनी सरकारले लिखित आग्रह गरेका खण्डमा नेपालले तुरून्त आफ्ना क्षेत्रमा प्रवेश गरेका भारतीय अपराधीलाई खोजी गरी गिरफ्तार गर्नुपर्ने तर त्यसैगरी नेपालले आग्रह गरेमा भने कम्पनीका तर्फबाट वास्ता नगरे पनि हुने देखिन्छ । अर्कातर्फ पहाडमा दुल्लु र दैलेख तथा तराईमा वर्तमान चितवनदेखि महाकालीसम्मका क्षेत्रमा चोरी, डकैतीलगायत आपराधिक क्रियाकलाप रोक्नका लागि आवश्यक हतियार एवम् सैन्यशक्ति उपलब्ध गराएर खटाइएका सुब्बालाई गिरफ्तार गरिएका अपराधीलाई खाना खर्च दिने पनि अधिकार नभएर त्यसका लागि बुटवलका सुब्बासँग रकम मागी खर्च गर्नुपर्ने व्यवस्था उल्लेख्य मानिन्छ । यति ठूलो प्रशासनिक क्षेत्रको तैनाथी दिइए तापनि सुब्बा वीरभंजन माझीले स-साना विषयहरूको जानकारी दिने तथा कार्यान्वयन गर्न पाल्पा अड्डाका अधिकारी (बडाहाकिम) को निर्देशन पर्खिरहनु पर्ने अवस्था आउनु पनि राणाप्रशासनमा हुने नियन्त्रणको एउटा उदाहरण हो । नायव बहादुर शाहको एकीकरण अभियानदेखि नै पाल्पालाई पश्चिमी नेपालको राजधानीका रूपमा विकसित गरिएको पाइन्छ । त्यसैकारण पाल्पालाई नेपालमा मिलाउने अभिभारा काजीं भीमसेन थापाले आफ्ना बाबु अमरसिंह थापालाई सुम्पिएका थिए । नेपालमा मिलाइएपछि शासनव्यवस्थामा हालिमुहाली गर्ने व्यक्तिले आफ्ना निकटतम एवम् विश्वासिला मानिसलाई पाल्पा गौंडाका तैनाथवाला (प्रशासक) नियुक्त गरी त्यहाँ पठाउने गर्दथे । यसै सन्दर्भमा जंगबहादुरले शक्ति प्राप्त गर्नु पूर्व क्रमशः अमरसिंह थापा, उजीरसिंह थापा, बब्तावरसिंह थापा, रणबीरसिंह थापा, रणदल पाँडे, सिंहवीर पाँडे, फत्येजङ्ग शाह, तिलविक्रम थापा र गुरुप्रसाद शाहजस्ता प्रभावशाली भारदारहरूलाई पाल्पा गौंडाको तैनाथी दिइएको थियो । शक्तिमा आउनासाथ जंगबहादुरले भाइ कृष्णबहादुरलाई र उनीपछि वि.सं. १९०६ मा खड्गबहादुर कुँवरलाई पाल्पा पठाएका थिए ।[२९] पाल्पामा पठाइएका उपरोक्त व्यक्तित्व

---

२९. भवेश्वर पंगेनी, *पाल्पा गौंडाका तैनाथवाला र तिनको परिचयः वि.सं. १८६१-२००७*, काठमाडौं: मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत इतिहास विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका लागि प्रस्तुत शोधपत्र (अप्रकाशित), इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, वि.सं. २०४५, पृ. १८-५८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्कालीन काजी, मुख्तियार वा प्रधामन्त्रीका निकटस्थ थिए । सम्भवतः त्यसैले पनि सुब्बा बीरभञ्जन माझीले स-साना काम गर्नका लागि पनि पाल्पा अड्डाका अधिकारी अर्थात् बडाहाकिमको निर्देशन लिनुपर्ने भएको देखिन्छ । त्यतिमात्र नभएर माझीलाई त्रिवेणीदेखि महाकालीसम्मको केही पहाडका अतिरिक्त सम्पूर्ण तराई क्षेत्रमा आपराधिक गतिविधि नियन्त्रणको दायित्त्व दिइनु पनि उल्लेख्य मानिन्छ । यातायातको सुविधा भएको वर्तमानमा पनि त्रिवेणीबाट महाकाली पुग्नका लागि झण्डै दुई दिन लाग्दछ भने झण्डै एक शताब्दी पहिले एक व्यक्तिले त्यति ठूलो क्षेत्रको सुरक्षा गर्न सक्नु असम्भव प्रायः देखिन्छ । त्यस्तो सो क्षेत्रको कुनै ठाउँमा चोर, डाँकु वा अन्य आपराधिक समूह आएका खण्डमा अन्य क्षेत्रबाट आवश्यक सैन्यशक्ति मगाई उनीहरूका विरूद्ध कारवाही गर्नु पनि यातायात एवम् संचार सुविधाविहीन त्यसबखत त्यति व्यावहारिक देखिँदैन । समग्रमा सुब्बा वीरभञ्जन माझीलाई दिइएको उपरोक्त दायित्त्वबाट सीमावर्ती क्षेत्रमा केही हदसम्म भए पनि आपराधिक गतिविधिमा नियन्त्रण गर्न सकिने आसा नेपाल सरकारले लिएको हुनुपर्दछ ।

दक्षिणी सीमाक्षेत्रमा आपराधिक क्रियाकलाप नियन्त्रणका लागि नेपाल सरकारले जे जस्ता प्रयास गरे तापनि जंगबहादुर शक्तिमा आएको केही समयसम्म पनि त्यसमा आसातित सफलता प्राप्त हुन सकेको पाइँदैन । त्यस्तै सो प्रयोजनका लागि नेपाल र कम्पनी सरकारकाबीच गरिएका सन्धिबाट पनि त्यति उत्साहजनक नतिजा मिल्न सकेन । सम्भवतः सोही कुरा बुझेर नै आफ्नो बेलायतको भ्रमणका अवसरमा ई.सं. १८५० जुन २९ का दिन 'कोर्ट अफं डाइरेक्टर' का सदस्यहरूसँग जंगबहादुरले अपराधीसमेतका बारेमा वार्ता गर्न चाहेका थिए तर यस प्रयासमा उनी सफल भने हुन सकेनन् ।[३०] युरोपबाट फर्केपछि जंगबहादुरले आफ्नो कार्यकालको पूर्वार्द्धमा ई.सं. १८५५ फेब्रुअरी १०,[३१] वि.सं. १९११ फागुन ८ मा पुनः दुबै मुलुकबीच अर्को अपराधी सपुर्द गर्ने सन्धि भयो ।[३२] उल्लेख्य कुरा के देखिन्छ भने यो सन्धिमा पनि कम्पनी सरकारले आफ्ना जनता खासगरी अङ्ग्रेजलाई नेपालसमक्ष सुपुर्द गर्न भने इन्कार गरिदियो ।[३३]

---

३०. एम. यस. जैन, *द इमरजैन्स अफ ए न्य एरिष्ट्रोक्रेसी इन नेपाल (१८३७-५८)*, आग्राः श्रीराम मेहरा एण्ड को., ई.सं. १९७२, पृ. १०८ ।

३१. एड्रिन सेभर, *नेपाल अण्डर द रानाज*, न्यु दिल्लीः अक्सफोर्ड एण्ड आई.बी.एच. पब्लिसिङ्ग को. प्रा. ली., ई.सं. १९९३, पृ. ४५७ ।

३२. योगी नरहरिनाथ, *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह (भाग-१)*, दाङः आध्यात्मिक सम्मेलन, वि.सं. २०२२, पृ. १३०-१३३ ।

३३. सुशिला त्यागी, *इण्डो-नेपलिज रिलेसन्स (१८५८-१९१४)*, दिल्लीः डी.के. पब्लिसिङ्ग हाउस, ई.सं. १९७४, पृ. १३६-१३७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपसंहार

प्राचीनकालदेखि नै खुला सिमानाका कारण नेपाल-भारत सीमावर्ती क्षेत्रमा आपराधिक गतिविधि हुँदै आएको पाइन्छ। त्यस्ता गतिविधिमा चोर, डकैती, हत्या, लुटपाट आदि प्रमुख मानिन्छ। यसका अतिरिक्त एउटा राज्यमा विभिन्न आपराधिक क्रियाकलाप गरी अर्को राज्यमा प्रवेश गर्ने तथा अर्को राज्यमा गई अपराधमा संलग्न हुने पनि गरेको पाइन्छ। सीमावर्ती क्षेत्रमा हुने यस्ता गतिविधि नियन्त्रणका लागि नेपाल सरकारले विभिन्न समयमा स्थानीय प्रशासकलाई अधिकार र निर्देशन दिइएको पाइन्छ। यसै सन्दर्भमा वि.सं. १९०७ मा सुब्बा वीरभञ्जन माझीको नाममा लेखिएको माथि उल्लिखित सवाल उल्लेख्य मानिन्छ। एकजना व्यक्तिले त्रिवेणीदेखि महाकालीसम्मको तराई क्षेत्रमा हुने चोरी, डकैती क्रियाकलापलाई रोक्न सक्ने अवस्था थियो वा थिएन भन्ने खोजीको विषय देखिन्छ। अपराधको सन्दर्भलाई दुई भागमा विभाजित गरेर मात्र हेर्नुपर्ने हुन्छ। एउटा मुलुकभित्र मात्र हुने र दोश्रो मुलुक बाहिरबाट आएर गरिने अपराध। पहिलो स्वरूपको अपराधलाई मुलुककै प्रशासनिक संयन्त्रबाट नियन्त्रणमा लिन सकिने हुन्छ। यसका लागि माथि उल्लिखित सवाल तथा निर्देशन पनि यथेष्ट हुन सक्दछ। तर, नेपाल जस्तो खुला सिमाना भएको मुलुक एक्लैले दोश्रो किसिमको आपराधिक कार्य नियन्त्रणमा लिन कठिन हुन्छ। यसका लागि दुवै मुलुकको संयुक्त प्रयास जरूरी हुन्छ। सोही प्रयासकै सन्दर्भमा नेपाल र इष्ट इण्डिया कम्पनी-ब्रिटिस सरकारबीच पटक-पटक सपुर्दलगायत अन्य सन्धिहरू गरिएका थिए। जे-जस्ता सन्धिहरू गरिए तापनि दुवै देशबीचको सिमाना बन्द गर्नु नै यो समस्याको स्थायी समाधान हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट नं. १

सर्दार अचल थापालाई महोत्तरीतर्फ गई गर्ने काम सम्वन्धी वि.सं. १८७२ साल माघ वदि १३ रोज ७ को सवाल

(६४) आगे सर्दार अचलथापा के महोत्तरीतर्फ जार गर्नाकाज को हुकुम सवाल वमोजिम तपसिल

प्रथमसवाल ॥ महोत्तरीतर्फजाई जेगत्तबु सासमाई जो तासेधीसिपर्यन्तको जगाढ्लो नदवि एगी सिधुल्ली मढ्रेषा निस्क्यावाटे तेकी थाउपछाडि न्यागी आक्राक्षिकागत काशिपाही तत्का लामेत्तासी रात दिनहोसी यासिंग षवर्दाभैवत्याकाम गर्नु

दोश्रोसवाल ॥ दक्षिनतर्फको षवकुन नाला वैषवजु सोनीत हत्तआसि वा पढ्ने तमपछाडि वैरीका अड्डा अडामर्ने गा का आगेडु तत्का को तजगामा क्षि हेर्नु कस माथिका को सा आजम क्यामनजुव हेर्नु सोकुन दैहुजु जोआ या को षवजु तबिंजिगी पठाउनु

तेश्रोसवाल ॥ वैरिको वढ्न्या मनसुवकी यो भन्या तत्तसिधुली जनातिर आउनु आफ्नु वस्या का जगा को तेमा जु यापाछि कवलाधी उपाय वल ली गहारिनजानु उला पर्का सा का भगादा तासित एकै वाक्यगरी हातामा आपि आई रौ की धांजासित हो न्या काम गर्नु

चौथोसवाल ॥ आफ्नु नस्या का जगामा वैरी आउनु भन्या पछाडि [redacted] भन्या जगुजाई काम गर्नु तेधीसिपर्यन्का जगा को मजुबुतीतर्फी थाउपछाडि लीयोगी आक्राक्षासाथ को वलले वा स्याहानु जामेत भन्या सिधुलीसिपी तर्फको भागादा लाई बोडी षवजुन्याई मदत नआपछी आक्रागर्नु [redacted] का जगामा आफ्नु हाग वैरिको थानलोहन्यासि जाचा सीत हान्या काम गर्नु

पचंमासवाल ॥ वैरि भन्या को फत्ती काजगई एकाएक फौजदेखावपाछि कीलाएक काजगरी तेधी का जगा उहि को भन्या वीश वलपल्ली नार्थ वैरीका टेहभनी निधी नभै हन्या काम कहिलैनगर्नु आक्राक्षागर्नु काम जुन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नीसंगहि॰ अधवापुर्व्व कमलापश्रीम् कोलंभासेर्ष। उसो भइ॰ व्रा॰ल
पती॰ येसो सौधुलीमहेषोतापुरा॰ रन्याभातलक्ष्मीसंगको राष्ट्रमलापि-
लाई हेन्या कामगर्छ॰

एकमासवाला॥ हाम्रो काजमा आपत्मा कपालहालमलाई॰ राजबंधन्या
ढिलाउन्यानगर्छ॰ होसी कश्चापापी पत्नी काजनविगर्छ॰ भात्मबंको उपन्न
लाहमिलाई हाम्रोचेन्यासपत्न्या तिलेहलाई जलमाउन्या ठहराइगर्छ सोकुं
एहाम्राहजुरमापत्नी मंजुहुए॰

छतमासवाला॥ दक्षिन तर्फवाट पहाडमा भन्या उन्यावाटोजानिछन् पा
कामानीसपठाइजाकी नभै नहुन्याए कइ मुलबाटाषेजु॰ उसमुलवाटाम
पत्नी आइपग्या उगी बंडा कठिनसंगहिंड्न उन्यावीकन वाटोनुल्याई संधीसप
नधापीपैल्याई कुंडुवालक्ष्मीलाई वौकीषेजु॰ उपरवाटाजानिछन् भनी
भनकाई लो॰ लाथापी [redacted] गांजामाटी फाटाबोलाई वाटोबन्द गर्छ॰

[redacted]

अठमासवाला॥ महो॰नीसिंह॰ धुलीमहेषोभांउन्यावाटाको मन्त्रीपत्नीलाई
भगवतीदलनेपाँडेनाथको कँपनी छवेदाहिंउताही को कँपनी छवेदाहिंसाज
आपाको कँपनी पँथको कँपनी इन्द्रसिंकाकिंकाटोटाको कँपनी एहिलाईजा
लाईजोंहाजोंलाषेन्याहो भन्नाउन्याषटाउन्याकम्तैलेनजिस्सयागर्छ
तेषटबनचाजोमाजोबलैनसो॰ स्वपरिवा होलाभनि [redacted]

नवमासवाला॥ बेगौसंगआक्रावलतेषामी मैदानमाजाहोड
न्याकामनगर्छ॰ बुन्याजीगलको आडगाडि॰ मैदानभागे हांदाजितिन्यावै
ती कोढिवो पातलो देषिसोभन्याजो हावैती कोढिवो पातलोदेषिछ तो
हामैपोमैआजाई पत्नी हान्न्याकामगर्छ॰

मिति माघ सुदि ५ रोज ३ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट नं. २

सुब्बा वीरभंजन माझीलाई त्रिवेणीदेखि पश्चिम् महाकालीपूर्वका मधेस, जङ्गल सरहदमा डाँकु, चोर, तसगर, टमार(?), नसुवा (ज्यानमारा?), भगुवा गैर मानिसको हेरचाह गरी पैल्याइ पक्रने कामको अख्तियार गरी वि.सं. १९०७ साल मार्ग वदी ८ रोज ४ मा दिएको सवाल



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाँचतले मन्दिर निर्माण कार्यमा राजा भूपतीन्द्र मल्ल शासनकालीन सिपायिका सेवा एक अध्ययन

✍ डा. जनकलाल वैद्य *

१. रामशाहपथ काठमाडौं अवस्थित **राष्ट्रिय अभिलेखालय**मा सुरक्षित एवं सुलभ एक अभिलेख ग्रन्थ **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा** (ए २४९/५; प्रथम १११५; ने.सं. ८२२/८२३ वि.सं. १७५९-१७६०; नापो ४६.५ x १२ से.मि.; पत्राङ्क १-२६२) मा भक्तपुरका तत्कालीन राजा भूपतीन्द्र मल्लका समयका सिपायि (सिपाहीं) बारेमा केही सूची तथ्याङ्क उल्लिखित भइराखेका पाइएका छन्। प्राचीन र मध्यकालीन नेपालको इतिहास विषय-क्षेत्रमा अनुसन्धान अध्ययन गरी पुस्तक लेखी प्रकाशित गराएका विद्वान् लेखकहरूले तत्कालीन नेपाल देशका सेना बारेमा जिज्ञासावश बरोबर प्रश्न उठाउँदै आइरहेका पनि हुन्। त्यस्ता प्रश्नमध्ये केहीका समाधान हालैमा **नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान**बाट वि.सं २०६१ मा प्रकाशित भएको **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा : पाँचतले मन्दिर न्यात पोतल देवलको निर्माण र प्रतिष्ठा कार्यसम्बन्धी अभिलेख ग्रन्थको अनुसन्धानात्मक विश्लेषणात्मक अध्ययन** नामक पुस्तक (१३२१ पृष्ठ भएको) बाट होला भन्ने लाग्छ। यी पंक्तिका लेखकबाट नेपालीमा सम्पादित उक्त अनुसन्धान पुस्तकमा मूल अभिलेख ग्रन्थका पत्राङ्क १-२६२ का सम्पूर्ण पाठका छवि-चित्र प्रतिलिपि, तिनीहरूका नागरी लिप्यन्तरित सम्पूर्ण पाठ, अनुसन्धनार्थीहरूलाई र सर्वसाधारण जिज्ञासु पाठकहरूलाई अध्ययनमा सहायक सिद्ध हुने प्रामाणिक तथ्य-तथ्याङ्क (अहिलेसम्म प्रकाशमा नआएका) का जानकारी दिने कयौं परिशिष्ट, विषय शीर्षक र अनुक्रमाणिका यथायथा स्थानमा नेपालीमा संक्षिप्त समीक्षात्मक टिप्पणी व्याख्या सहित समाविष्ट गरिएका छन्।

---

*अनुसन्धानकर्ता: चक्रपथ, महालक्ष्मी चोक, ललितपुर, फोन ५५२४४८०।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. उपर्युक्त मूल अभिलेख ग्रन्थमा सिपायि (सिपाहीं) सम्बन्धी तथ्य नाम सूची पत्राङ्क ३० क, ख मा (ने.रा. प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित पुस्तकका पृ. ३९ र ४३५-४३६ मा) तैनाथवाला नाइकेका नाम र सिपाहींका जम्मा संख्या उल्लिखित भएका छन् ।

(मूलमा) सिपायिया ल्याख	(नेपालीमा) सिपाहींका गणना
म्हं ३०० राजफौत	राजफौजका सिपाहींजन ३०० जना
म्हं ९१ चौतारया जन	चौताराका सिपाहींजन ९१ जना
म्हं २८ रामेश्वरया जन	रामेश्वरको सिपाहींजन २८ जना
म्हं ३८ शंखलसिङ्या जन	शंखल सिंङका सिपाहींजन ३८ जना
म्हं ४८ तवधेकया जन	तवधेकका सिपाहींजन ४८ जना
म्हं १८ विदेश्वरया जन	विदेश्वरका सिपाहींजन १८ जना
म्हं ४४ चुकुति द्वकोछें जन	चुकुति द्वको छेंका सिपाहींजन ४४ जना
म्हं ६६ हाकु धर्ब्वाया जन	हाकु धर्ब्वाका सिपाहींजन ६६ जना
म्हं ४० लहदेवया जन	लहदेवका सिपाहींजन ४० जना
म्हं १९ दातेम्हाया जन	दातेम्हाका सिपाहींजन १९ जना
म्हं ३१ जागेश्वरया जन	जागेश्वरका सिपाहींजन ३१ जना
म्हं २६ भीमया जन	भीमका सिपाहींजन २६ जना
म्हं १० क्वाथ्या धनसिं छेभंजन	क्वाठको धनसिं छेभडेलका सिपाहींजन १० जना
म्हं २१ गनदेवया जन	गनदेवका सिपाहींजन २१ जना
म्हं १५ चुकुति कसतया जन	चुकुति कस्तका सिपाहींजन १५ जना
म्हं ३१ पद्मसिं आचातया जन	पद्मसिं आचातका सिपाहींजन ३१ जना
म्हं ५१ मोहोन भतिया जन	मोहोन भतिका सिपाहींजन ५१ जना
म्हं ५३ जयसिं भतिया जन	जयसिं भतिका सिपाहींजन ५३ जना
म्हं ३१ चुकुति ग्वगल्या जन	चुकुति ग्वगर (ग्वंगः) का सिपाहींजन ३१ जना
म्हं २४ शिवनानया जन	शिवनानका सिपाहींजन २४ जना
म्हं ५७ पारु खालिसाया जन	पारुखालिसाका सिपाहींजन ५७ जना
म्हं ३३ धन खालिसाया जन	धन खालिसाका सिपाहींजन ३३ जना
म्हं १५ वैद्य खालिसाया जन	वैद्य खालिसाका सिपाहीं जन १५ जना
	जम्मा २३ समूहमा सिपाहीं १०९० जना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्राङ्क ३० क

ने.रा.प्र.प्र.बाट प्रकाशित पुस्तकमा पृ. ३९, ४३५-४३६



पत्राङ्क ३० ख



३. उपर्युक्त २३ समूहका १०९० जना सिपाहीँजन नव-निर्मित पाँचतले मन्दिरमाथि टुप्पोमा गजुर चढाई मन्दिर भित्र आराध्यादेवीको मूर्ति स्थापना गरिएको उपलक्ष्यमा आयोजित हर्ष वढाइको भोजमा निमन्त्रित भएका थिए- ने.सं. ८२२ आषाढ प्रतिपदाको दिनमा (वि.सं. १७५९)।

४. पाँच तले मन्दिर नव-निर्माणका लागि आवश्यक निर्माण सामग्रीमध्ये अग्राख काठ जोहो गर्ने सिलसिलामा उपर्युक्त सिपाहीँजनवाट अग्राख काठ ढुवानी गरी उपलब्ध गरी सेवा गरेका थिए। ती सहयोगी सिपाहीँ जनका २३ तैनाथ वालाका नाइकेका नाम, प्रत्येक समूहका उपस्थित सिपाहीँजनका संख्या, तिनीहरूले उपलब्ध गरिदिएका काठ (अग्राख) थान र संवत् तिथि यसरी सूची उल्लिखित भएका छन्:-

(अ) संवत् ८२२ कार्तिक वदि ३ तिथि/वि.सं. १७५९ मा पत्राङ्क १५१ ख, १५२ क, १५२ ख, १५३ क मा प्रकाशित पुस्तकका पृ. २२१-२२३ मा

पत्राङ्क १५१ ख



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्राङ्क १५२ क



पत्राङ्क १५२ ख



पत्राङ्क १५३ क



मूल अभिलेख ग्रन्थमा	नेपालीमा रूपान्तरित
शिवनानया जन	शिवनानको सिपाहीँजन २१ जनाले ५ थान
शङ्कर सिंया जन	शङ्कर सिंहको सिपाहीँजन ३३ जनाले ७ थान
पद्मसिंया जन	पद्मसिंको सिपाहीँजन १९ जनाले ५ थान
चुकुति ग्वगरया जन	चुकुति ग्वंगलको सिपाहीँजन २१ जनाले ५ थान
मोहोन भतया जन	मोहन भतको सिपाहीँजन ४२ जनाले ९ थान
चवतालाया जन	चवताराको सिपाहीँजन ७३ जनाले ४ थान
•मधुसूदनया जन	मधुसूदनको सिपाहीँजन ८ जनाले २ थान
हाकु धर्व्वाया जन	हाकु धर्व्वाको सिपाहीँजन ५१ जनाले १० थान
*विदेश्वरया जन	विदेश्वरको सिपाहीँजन २९ जनाले ६ थान
चुकुति द्वया जन	चुकुति द्वको सिपाहीँजन ३८ जनाले १० थान

• यसै सूचीमा नत्रा प्रविष्ट

* *विदेश्वर र विशेश्वर एकै व्यक्ति हो कि ?*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गणदेवया जन	गणदेवको सिपाहीँजन १५ जनाले ४ थान
रामेश्वरया जन	रामेश्वरको सिपाहीँजन २० जनाले ५ थान
°भायरामया जन	भायरामको सिपाहीँजन २१+७४ जनाले ५+१=६ थान
जागेया (जागेश्वरया) जन	जागेश्वरको सिपाहीँजन २५ जनाले ५+१=६ थान
रहदेव (लहदेव) या जन	रहदेवको सिपाहीँजन ३२ जनाले ७ थान
°कृष्णदासया जन	कृष्णदासको सिपाहीँजन ३९ जनाले ८ थान
चुकुति कस्तया जन	चुकुति कस्तको सिपाहीँजन १२ जनाले ३ थान
राजफौत (राजफौड) या जन	राजफौडको सिपाहीँजन २०१ जनाले १२ थान
▲धनसिंया जन	धन सि.को सिपाहीँजन ८ जनाले ३ थान
दातेम्हाया जन	दातेम्हाको सिपाहीँजन १६ जनाले ४ थान
तवधेक उया जन	तवधेक उको सिपाहीँजन ३८ जनाले ७ थान
हाकुया जन	हाकुको सिपाहीँजन ३४ जनाले १ थान
रामेश्वरया जन	रामेश्वरको सिपाहीँजन ९७ जनाले १ थान
•चवताला, गणदेव र तीन टोल	(संयुक्त) को सिपाहीँजन २५३ जनाले १ थान
•चुकिति ग्वगल र दुइ टोल	(संयुक्त) को सिपाहीँजन २८४ जनाले १ थान
•चुकुटी द्व, भायराम ति र दुइ टोल	(संयुक्त) को सिपाहीँजन २३५ जनाले १ थान
•दातेम्हाको धनसिंको र दुई टोल	(संयुक्त) को सिपाहीँजन १६० जनाले १ थान
•चुकुतिकस्तको शिवनानको र दुई टोल	(संयुक्त) को सिपाहीँजन २३८ जनाले १ थान
•रहदेव (लहदेव) को तीन टोलको रामदत्त भन्ने व्यक्तिको	(संयुक्त) सिपाहीँजन ११२ जनाले १ थान
•शंकरसिंको, पद्मसिंको र एउटा टोलको	(संयुक्त) सिपाहीँजन १०१ जनाले १ थान

▲ *यहाँ धनसिं खालिसाको नामको सट्टामा धनसिं मात्र उल्लिखित देखिन्छ ।*

▲ *काठ ढुवानीमा संलग्न सिपाहीँजन संख्या र काठ थान संख्याको काठ कत्रो होला अनुमान गर्न सकिन्छ । एकभन्दा बढी पटक सूचित भएका यी तैनाथवाला नाइकेका प्रत्येक समूहबाट कति-कति जना सिपाहीँजनले काठ ढुवानी र उपलब्ध गरे गराएका थिए संख्या स्पष्ट्याउन सकिन्न ।*

माथि गएको सूचीमा २३ सिपाहीँजन समूहका प्रत्येक समूहका छुट्टाछुट्टै सिपाहीँजनले ढुवानी गरी उपलब्ध गराएका अग्राख काठका स्पष्ट तथ्याङ्को जानकारी मिल्छ त १० (संयुक्त) सिपाहीँजन समूहहरूले ढुवानी गरी उपलब्ध गराएका अग्राख काठका तथ्याङ्मा पनि बेग्लै जानकारी मिल्छ । जम्मा अग्राख काठ थान १३० एक सय तीस सिपाहीँजन २७३० दुई हजार सात सय ३० जनाबाट उपलब्ध भएका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*खालीसा वैद्यका र दुई टोलको	(संयुक्त) सिपाहीँजन १२४ जनाले १ थान
*हाक धर्व्वाको र एउटा टोलको	(संयुक्त) जन १३० जनाले १ थान
*तव धेकको र तीन टोलको	(संयुक्त) सिपाहीँजन १३१ जनाले १ थान

(आ) ने.सं. ८२२ पौष शुल्क १३ तिथि । वि.सं. १७५९ पत्राङ्क १५७ ख - १५८ क । प्रकाशित पुस्तकको पृ. २३० मा *पलमान चाप्सि टुकाया । प्रमानहरूकातर्फबाट चाँप काठ प्राप्त भएको ।

पत्राङ्क १५७ ख



पत्राङ्क १५८ क



मूल अभिलेख ग्रन्थमा	नेपालीमा रूपान्तरित
चवतालाया ग्व ५ म्हं ५०	चौताराका सिपाहीँजन ५० जनाले थान ५
राजफौडया ग्व १३ x म्हं १३४	राजफौडका सिपाहीँजन १३४ जनाले थान साढे तेह्र
हाकु धर्व्वाया ग्व ४० म्हं ४०	हाकु धर्व्वाया सिपाहीँजन ४० जनाले थान ४०
पद्मसिंया ग्व २ म्हं १३	पद्मसिंका सिपाहीँजन १३ जनाले थान २
विदेश्वर धर्व्वाया ग्व १ म्हं १४	विदेश्वर धर्व्वाका सिपाहीँजन १४ जनाले थान १
तवधेकया ग्व ४ म्हं २७	तव धेकका सिपाहीँजन २७ जनाले थान ४
मोहोन भतया ग्व ३ म्हं २५	मोहोन भतका सिपाहीँजन २५ जनाले थान ३
जयसिं भतया ग्व २ म्हं १५	जयसिं भतका सिपाहीँजन १५ जनाले थान २
चुकुति दोकोछेंया ग्व ३ म्हं ३८	चुकुति दोकोछेंका सिपाहीँजन ३८ जनाले थान ३

---

* *उपर्युक्त २० जना मात्र पलमान भनिएको हो कि माथि गइसकेका २३-२५ समूहका तैनाथवालाहरू सबै पनि पलमान हुन् ? स्पष्ट भएन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भय (भाय्) रामया ग्व १ म्हं २०	भायरामका सिपाहीँजन २० जनाले थान १
हाकु न्हुछेया ग्व २ म्हं २१	हाकु न्हुछ्का सिपाहीँजन २१ जनाले थान २
धन खालिसाया व्व १ X म्हं १९	धन खालिसाका सिपाहीँजन १९ जनाले साढे १ थान
शिवनानया, चुकुतिया, गया संयुक्तया ग्व ११ म्हं ३०	शिवनान, चुकुति, गयाका सिपाहीँजन संयुक्त भई ३० जनाले ११ थान
*जागेश्वर जोशीया ग्व ३ म्हं २४	जागेश्वर जोशीका सिपाहीँजन २४ जनाले थान ३
*गणदेव कस्तया ग्व २ म्हं ८	गणदेव कस्तका सिपाहीँजन ९ जनाको थान २
*दातेम्हा न्हुलछेया ग्व १ म्हं १४	दातेम्हा न्हुलछेका सिपाहीँजन १४ जनाले थान १
रह (लह) देवया ग्व म्हं ३०	रहदेवका सिपाहीँजन ३० जनाले थान ३
	५३१ जनाले साढे ८७ थान चाप्सि काठ (चाँप काठ)

(इ) ने.सं. ८२२ फागुन सु ११ देवल पेयकाय थेङा (पत्राङ्क २४३ क -२४५ ख प्रकाशित पुस्तकमा पृ. ३६९-३७४) वि.सं. १७५९ फागुन सु ११ मा नव निर्माण भइरहेको पाँचतले मन्दिर सुरक्षार्थ सिपाहीँजनलाई सुत्न खटाइएको यस सूचीमा पालो परेका सिपाहीँजनका नाम उल्लिखित भएकाले प्रामाणिक तथ्य नै भयो । मूल अभिलेख ग्रन्थको पत्राङ्क ३० क, ख का सिपाहीँजन समूहका संख्यालाई आधार पूर्ण संख्या मान्न सकिन्छ । अब यहाँ तल प्रस्तुत हुने सिपाहीँजनका संख्या धेरैजसोमा केहीका आधार पूर्ण संख्याभन्दा कम संख्या र कुनैकुनैमा आधार पूर्ण संख्या जति नै उल्लिखित भएका छन् । पत्राङ्क ३० क, ख, का सूचीमा नभएका कुनैकुनै तैनाथवाला प्रमान र तिनका तैनाथमा रहेका सिपाहीँजन समूह तलको सूचीमा समाविष्ट भएका जति यसै सूचीमा नत्रा प्रविष्ट भन्ने बुझिन्छ । पत्राङ्क ३० क, खमा भएका कुनैकुनै नाम यसमा नहुन पनि सक्छ, फेरवदल भएको पनि हुन सक्छ । त्यस्तालाई सङ्केतार्थ चिन्ह सहित टिप्पणी लेखद्वारा स्पष्ट्याइएको छ । यस सूचीबाट भूपतीन्द्र मल्लको शासनकालीन सिपाहीँजनलाई कुनै काममा खटाउन परेमा उप-समूहबद्ध गरेर खटाइँदो रहेछ भन्ने बुझिन्छ । अहिलेसम्ममा प्रकाशनमा आएका वंशावलीमा, घटनावली टिप्पणीमा, अभिलेखांशमा र प्राचीन माध्यमिक नेपालभाषा गीत-नाटकमा तत्तत्कालीन सिपाहीँहरूका परिचय ओझेलमा पारिएका औं तिनीहरूका संख्या तथ्य पनि अपुष्ट र अनिश्चित लाग्छन् । तिनका तुलनामा प्रस्तुत **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा**.....अभिलेख ग्रन्थमा भेटिएका सिपाहीँ सम्बन्धी तथ्य तथ्याङ्क, समूह गठन, उनीहरूलाई सामाजिक, धार्मिक एवं सांस्कृतिक काजमा लगाइएका तथ्य तथ्याङ्क अत्यन्त महत्त्वपूर्ण र भरपर्दा अनुसन्धेय सामग्री भएकाले यहाँ उल्लेख र चर्चा गर्न लागेको हुँ ।

---

* यी व्यक्तिका नाम पछाडि थर जात अथवा स्थान सूचक नाम गाँसिएका देखिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तैनाथवाला प्रमानका सिपाहीँजन समूह र तिनमा रहेका सिपाहीँका कुल संख्या	पाँचतले मन्दिर सुरक्षार्थ सुत्न खटाइएका सिपाहीँजनका संख्या	उप-समूह भए तिनका संख्या र तिनमा भएका सिपाहीँजन
(क) जागेश्वरका सिपाहीँजन	३१ जनामध्ये २४ जनालाई	६/६ जना भएको ४ उप-समूहमा आवद्ध
(ख) हाकु धर्व्वाका सिपाहीँजन	४६ जनालाई	६/६ जनाको १७ उप-समूह र ४ जनाको एक उप-समूहमा आवद्ध
(ग) वीरेश्वर धर्व्वाका सिपाहीँजन	१८ जनामध्ये १४ जनालाई	एउटामा ८ जना अर्कोमा ६ जना गरी दुई उप-समूहबद्ध ।
(घ) खारिसा/खालिसाका	२४ जनालाई	६/६ जना भएको ४ उप-समूहबद्ध ।
(ङ) शङ्कर सिंहका सिपाहीँजन	३८ जनामध्ये २३ जनालाई	४ उप-समूहबद्ध ५ + (३x६)=२३ जना
(च) भीमका सिपाहीँजन	२६ जनामध्ये २० जनालाई	३ उप-समूहबद्ध ६+(२X७)=२० जना
(छ) गणदेवका सिपाहीँजन	२१ जनामध्ये १२ जनालाई	६/६ जनाको २ उप-समूहमा आवद्ध
(ज) चुकुति कस्तका सिपाहीँजन	१५ जनामध्ये १२ जनालाई	६/६ जनाका २ उप-समूहमा आवद्ध
(झ) पद्मसिं आचातका सिपाहीँजन	७२ जनालाई १३	१३ उप-समूहमा आवद्ध यसरी ५+४+६+४+६+ ४+८+५+६+६ +६+६+६= ७२ जना
(ञ) मोहन भतका सिपाहीँजन	५१ जनामध्ये ३६ जनालाई	६/६ जना भएको ६ उप-समूहमा आवद्ध
(ट) जयसिं भतका सिपाहीँजन	५३ जनामध्ये ४१ जनालाई	७ उप-समूहमा आवद्ध गरिएको ५+(६x६) =४१ जना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तैनाथवाला प्रमानका सिपाहीँजन समूह र तिनमा रहेका सिपाहीँका कुल संख्या	पाँचतले मन्दिर सुरक्षार्थ सुत्न खटाइएका सिपाहीँजनका संख्या	उप-समूह भए तिनका संख्या र तिनमा भएका सिपाहीँजन
•(ठ) अमरसिं गोंगलका सिपाहीँजन	५० जनालाई	यसरी उप-समूहमा आवद्ध गरिएको १४+१२+(६x४) =५० जना
(ड) रामेश्वरको सिपाहीँजन	२८ जनामध्ये ११ जनालाई	दुई उप-समूहमा ८+३ = ११ गंरी आवद्ध गरिएको
(ढ) शिवनानको सिपाहीँजन	२१ जनालाई	यसरी ४ उप-समूहमा आवद्ध गरिएको देखिन्छ ३+(३x६) = २१ जना
•(ण) छैं भडिलको	७ जना मात्र सिपाहीं भएको	सिपाहीँजन समूह रहेछ ।
(त) चौताराको सिपाहीँजन	९१ जनालाई	१० उप-समूहमा यसरी आवद्ध गरिएको बुझिन्छ ४+४१+(६x६)+(२X५) = ९१ जना
(थ) नवराजको सिपाहीँजन	समूहमा ३९ जनालाई	७ उप-समूहमा यसरी आवद्ध गरिएको बुझिन्छ ४+३+(२x७)+(३x६) = ३९ जना
(द)तवधेकको सिपाहीँजन	४८ जनामध्ये ३१ जनालाई	६ समूहमा यसरी आवद्ध गरिएको छ (६x३)+ (४x२)+५ = ३१ जना
(ध) लहदेवको सिपाहीँजन	ज़म्मा ४० जनामध्ये ३० जनालाई	३ उप-समूहमा यसरी आवद्ध गरिएको थियो १०+१४+६=३० जना
(न) रामेश्वरको सिपाहीँजन	२८ जनामध्ये ५ जना	५ जना भएको एउटै उप-समूह रहेछ ।

• यसै सूचीमा देखापरेको प्रविष्टी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तैनाथवाला प्रमानका सिपाहीँजन समूह र तिनमा रहेका सिपाहीँका कुल संख्या	पाँचतले मन्दिर सुरक्षार्थ सुत्न खटाइएका सिपाहीँजनका संख्या	उप-समूह भए तिनका संख्या र तिनमा भएका सिपाहीँजन
(प) दातेम्हाको सिपाहीँजन	१९ जनामध्ये ११ जना	दुई उप-समूहमा यसरी आवद्ध गरिएको रहेछ ६+५=११
(फ) राजफौजका	३०० जना सिपाहीँजनमध्ये १७३ जना	२४ उप-समूहमा यसरी आवद्ध गरी सुत्न खटाइएको बुझिन्छ ६/६ जनाको ११ उप-समूहमा ६६ जना ७/७ जनाको ४ उप-समूहमा २८ जना ८/८ जनाको २ उप-समूहमा १६ जना १३/१३ जनाको २ उप-समूहमा २६ जना १६ जनाको १ उप-समूहमा १६ जना ३ जनाको १ उप-समूहमा ३ जना ४ जनाको १ उप-समूहमा ४ जना ९ जनाको १ उप-समूहमा ९ जना ५ जनाको १ उप-समूहमा ५ जना जम्मा २४ उप-समूह १७३ जना सिपाहीँजन

(ई) ने.सं. ८२२ ज्येष्ठ शुक्ल ५ तिथि । वि.सं. १७५९ को टिपोट "देडाया ल्याख" (सुत्ने पालो परेकाहरूका नामावली) पत्राङ्क ६४ख - ६५ख । ने.रा.प्र.प्र. बाट प्रकाशित पुस्तकको पृ. ९३-९४ मा) मा पनि राजफौजका सिपाहीँजनहरूका नाम उल्लिखित भएका छन् । त्यस नाम सूचीमा कुनै २ व्यक्तिको थर, स्थान, र उपनाम जस्ता शब्द पनि जोडिएर आएकाले केही बढी विशिष्ट जस्तो पनि लाग्छन् । तर त्यस नाम सूचीमा भेटिएका नाममध्ये धेरैजसो उस्तैउस्तै भएकाले पहिचान र गणना गर्न अप्ठ्यारो परेको छ । माथि उल्लिखित भइसकेको राजफौज केही व्यक्तिका विशिष्ट र नदोहोरिने जस्ता नाम छान्दा ४६ वटा नाम भेटिए ।

ती ४६ व्यक्ति नाम र यस लेखका अघिल्ला पृष्ठहरूमा परिसकेका राजफौत सिपाहीँजनका संख्यामा जोड्दा १७३+४६ = २१७ हुन आउँछन् । राजफौतमा भएका ३०० सिपाहीँजनमध्ये अहिलेसम्म २१७ जनाको नाम निश्चित रूपले चिन्न सकिने भएको छ । राजफौत वाहेक अन्य नाइके प्रमानहरूका सिपाहीँजनहरूका नाम पनि उपर्युक्त प्रकाशित पुस्तका पृ. ९४-१०३ मा पनि भेट्टाउन सकिएला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्तिप्रिय, धर्म संस्कृति र प्रजाहित हुने नव निर्माण र पुननिर्माण कार्यक्रम सक्रियताका साथ सम्पन्न गर्न गराउनमा विशेष अभिलाषा र लगन भएका राजा भूपतीन्द्र मल्लको शासनकालमा लिपिवद्ध गरिएको प्रस्तुत **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा** अभिलेख ग्रन्थमा त्यस समयका सिपाहीँका तथ्यवारे जानकारी दिने काम भएको छ । यति तथ्य उपलब्ध भइदिनाले तत्कालिन सिपाहीँहरूका वारेमा अरू वढी सोधखोज अनुसन्धान अध्ययन गर्न केही सहायता गर्ला कि ! राष्ट्रिय अभिलेखालयमा भएका नेपाल भाषाका अभिलेख ग्रन्थहरू खोजेर छानेर वर्णनात्मक सूची पुस्तक तयार गर्ने सिलसिलामा पत्ता लागेको उपर्युक्त अभिलेख ग्रन्थ विभिन्न उद्देश्यले दोहऱ्याई तेहऱ्याई अध्ययन गर्दागर्दै भूपतीन्द्र मल्ल राजाको समयका सिपाहीँजनहरूका संख्या, उनीहरूलाई लगाइएका काम (सामाजिक, धार्मिक र सांस्कृतिक क्षेत्रका शान्तिकालीन काम) वारे जान्न पाइयो । त्यतिखेर सिपाहीँजनलाई सामाजिक, धार्मिक र सांस्कृतिक कामकाजमा खटाईएको यो दृष्टान्त राम्रै हो भन्नु पर्छ ।

राज फौत/फौड/फौज (?) नामक सिपाहीँजन समूहमा भएका व्यक्तिका नामावली

उप-समूह	व्यक्तिका नामावली
१	चुकुन, राजाराम, जयराम, मनोहर, रामचन्द्र, चुकुति ॥
२	विश्व, पुनसिं, काशिराम, पुनराम, गनदेव, मनोहर सिं ॥
३	देवराम, चुकुति, कृष्णा, मोहन सिं, रन्हसिं, शिवहरि ॥
४	सुखुर, रामचन्द्र, नानसिं, पुनासिं, हरिराम, जुगिनाथ जुगि ॥
५	विशेश्वर, मानसिं, जिवमान, भागिसिं, नन्द्र, मानसिं ॥
६	विशेश्वर, पारूसिं, हाकु ॥
७	लक्ष्मन राउत, सिद्धिश्वेर, वासिं, रामचन्द्र, देवसिं, रामचन्द्र, चुकुति ॥
८	वासुदेव, शिरिखण्ड, देवराम, सिद्धिराम, लन्हराम, सोङ ख्वाल ॥
९	मानसिं, किन्हसिं, रामेश्वर, पुलसोक, मनहोर, रामहरि ॥
१०	धन, मनोहर सिं, वंशीधर, कृष्ण, हेरसिं, देविराम ॥
११	हाकु, हाकु, चुकुनि, रामचन्द्र, राजाराम, पुनसिं ॥
१२.	हरिसिं, सुनवा, उपर जुगि, छुस्या, धर्म्म, रछेराम ॥
१३	विन्हु, भागि, रामनाथ जुगि, वासुदेव, गंगाराम, एस नवया काय, पालु, वेखा, रामनाथ जुगि, विश्वहरि कस्त, लछेराम धर्व्वा, पुनसिं, देवराम, धापरसिं, हरि कृष्ण चौ ॥
१४	सुनद्रर, गोमिरामचौ, चाकुसिं चौ, अंजराम, गुणदेव, रामचन्द्र, पुनसिं ॥ भोनि संकर, जुगिदेव, सूर्य्य, रामकृष्ण, गंगादेव, रामहरि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१५ कल्याण सिं, विशेश्वर ॥

१६ तकनासिं, रामेश्व, विश्वहरि, भागिराम, हरिराम, मनोहर, रामहरि ॥

मालसिं, नरसिं, गोविन्द्र, गोविन्द्र, विष्णुदास, मयासिं,

१७ गुसायि, देवराम ॥

१८ दुर्ग्गादास, रामहरि, सूर्य्य, मनोहर सिं ॥

लुकुं दोलया, लछेराम, दुर्ग्गादास, हेरसिं, जयकृष्ण, शिवकृष्ण

१९ पंच, रामेश्वर, विश्वसिं, हरिसिं, क्वाछे, भागिराम, विशेश्वर ॥

२० तुलशिराम, गंगाराम, रामहरि, जय कल्याण, अचिन्तर, पुनराम, सिल्हाम ॥

देव, रामचन्द्र, रन्हसिं, विश्वनाथ, नयसिं, हरिशिव,

२१ सर्न्न, चुकुति, जयराम ॥

२२ जयहरि, जयराम, सूर्य्य, कृष्ण, चुकुति ॥

२३ सत्यराम, मेलु, भागिसिं, जयराम, यन्द्रराम; देवराम ॥

निकोया, हरिराम, देवराम, पर्शुराम, तुलशीराम, सत्यराम,

२४ हरिकृन्ह, गंगाराम, लुज्यायाक, हरिराम, क्वाछे, लघु, जय ॥

पत्राङ्क २४३ क



पत्राङ्क २४३ ख



पत्राङ्क २४४ क



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्राङ्क २४४ ख



पत्राङ्क २४५ क



पत्राङ्क २४५ ख



टिप्पणी

लेख लम्बिने र भाराक्रान्त होला कि भनेर, राजफौत नामक सपाहीँजन समूहका पूरा नामावली मात्र यहाँ पाठकहरूको जिज्ञासा पूर्ति होओस् भनेर प्रस्तुत गरियो। अन्य समूहमा रहेका सिपाहीँहरूका व्यक्तिगत नामावली निम्ति ने.रा.प्र.प्र.बाट प्रकाशित पुस्तक **सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा : पाँचतले मन्दिर न्यातपोलल देवल** निर्माण ..... पुस्तक हेर्नु होला। माथि उप-समूह १९ औं को "लुकुंटोल" स्थान नाम हो त्यससंगै सम्बन्धित निवासी व्यक्ति 'लछेराम' आउनु पर्ने देखिन्छ। त्यस्तै, सोह्र उप-समूहमा रहेको 'हरिसिंह' व्यक्ति नामसंगै उसको निवास स्थान बोधक टोलको नाम 'क्वाछे' गाँसेर आउनु पर्ने औं ती दुवैलाई एउटै सरह गणना गर्नुपर्ने भन्ने लाग्छ। उप-समूह २४ का 'निकोया' र 'हरिराम', 'लुँज्यायाक' (पेशा बुझाउने थर र 'गंगाराम' पनि एउटै एउटै गणना गर्नुपर्ने देकिखन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुद्धशम्शेरकालीन वि.सं. १९९३ को इस्तिहार

✍ डा. इन्दिरा जोशी *

राज्यको तर्फबाट आफ्ना राज्यमा बसोवास गर्दै आएका जनता जनार्दनलाई व्यवस्थित रूपबाट शान्ति एवं अमनचयनका साथ जीवनयापन गर्नका लागि सरकारको तर्फबाट सबै प्रक्रियाहरू रीतबमोजिम पुऱ्याई लिखित रूपमा जारी गरिएको प्रकाशित फिहरिस्तको दस्तावेजलाई इस्तिहार भनिन्छ। शब्दकोषले इस्तिहारलाई सरकारी तहबाट सम्बन्धित पक्षलाई सार्वजनिक रूपमा दिइने सूचना वा आदेश, विज्ञप्ति, जनाउ भनी परिभाषित गरेको छ।[१] आधुनिक नेपालको इतिहासको राणाकालमा विविध विषयसँग सम्बद्ध अनेकौं इस्तिहारहरू निर्माण भएका छन्। प्रस्तुत इस्तिहार ती मध्येको एउटा विधा हो। यो इस्तिहार ब्राह्मण क्षत्रीयहरूको व्यवहारको विषयमा छ। जुन वि.सं. १९९३ सालमा पशुपति छापाखानाद्वारा छापिएको हो।[२] यतिबेला नेपालमा राजा श्री ५ त्रिभुवन र प्रधानमन्त्री श्री ३ जुद्धशम्शेर थिए। वि.सं. १९१० को पौष ७ रोज का दिन श्री ५ सुरेन्द्रको शासनकालमा निर्मित मुलुकी ऐन नेपालको पहिलो लिखित ऐन हो। यस ऐन निर्माण गर्दा आवश्यकता अनुसार कौशल बसाइ श्री ३ हरूले नयाँ ऐन निर्माण गर्न सक्ने स्वीकृती श्री ५ बाट भएको व्यहोरा भेटिन्छ।[३] यसै अनुसार वीरशम्शेरले केही सुधारहरू गरेका थिए।[४]

---

१ वसन्तकुमार शर्मा नेपाल, (सं.), *नेपाली शब्दकोष, काठमाडौं* : भामा पुस्तक भण्डार, २०५७, पृ. १५३।

२ इस्तिहार, *ब्राह्मण क्षेत्रीहरूको व्यवहारको किताब*, काठमाडौं : पशुपति छापाखाना, १९९३।

३ *श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन*, काठमाडौं : श्री ५ को सरकार, कानुन किताब व्यवस्थापन समिति, २०२२, पृ. ७०७-७१२।

४ गोविन्द मास्के, *शोसियल लाईफ ईन नेपाल*, दिल्ली : अनमोल पब्लिकेशन, ई.सं. १९९६, पृ. ७४-७५।

---

*सह-प्राध्यापक: पाटन संयुक्त क्याम्पस।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तै चन्द्रशम्शेरले सती प्रथा र दास प्रथालाई नेपालबाट उन्मूलन गरेका थिए।[५] जुद्धशम्शेरले ब्राह्मण, क्षेत्री र नेवारहरूको विधि व्यवहारको सुधार गरी अनावश्यक तडकभडक रीतिरिवाजलाई कटौती गरी जनतालाई राहत पुऱ्याएका थिए।[६]

वि.सं. १९९३ साल आश्विन ३० रोज ६ का दिन ब्राह्मण क्षेत्रीहरूको व्यवहार उल्लेख भई कौसलमार्फत जारी भएर एउटा इस्तिहार प्रकाशनमा आएको भेटिन्छ। उक्त इस्तिहारमा तत्कालीन प्रधानमन्त्री जुद्धशम्शेर र कमाण्डर-इन-चिफ पद्मशम्शेरको प्रशस्ती र ३ भाषामा (नेपाली, अंग्रेजी र फारसी) उल्लेख भएको जुद्धशम्शेरको छाप लागेको छ। सो इस्तिहारमा ब्राह्मण र क्षेत्रीहरूको छैटी, न्वारान, पास्नी, क्षेवर, व्रतवन्ध, विवाहजस्ता अवसरमा गर्ने काम र खर्चहरूको फेहरिस्त प्रस्तुत गरिएको छ।[७] यसवाट तत्कालीन समाजमा ब्राह्मण र क्षेत्रीहरूको रीतिरिवाजको जानकारी प्राप्त गर्न मद्दत पुग्दछ। समाजमा अनावश्यक भड्किलोपना बढ्दै गई जनता जनार्दनलाई व्यवहार गर्न दुःख एवं बोझिलो हुन गएकोले अनावश्यक भडकलाई कानुनी रूपवाट कम गराउने उद्देश्य राखी यो इस्तिहार जारी भएको कुरा यसै मार्फत खुल्न आउँछ। कानुनी रूपवाट अनावश्यक भड्किलो व्यवहारलाई कम गर्ने उद्देश्य राखी कौशलमार्फत जारी भएको उक्त इस्तिहार अत्यन्त महत्त्वपूर्ण र लाभदायी देखिन्छ। ऐतिहासिक दृष्टिकोणवाट हेर्दा पनि यसको महत्त्व र उपयोगिताको पक्ष निकै सकारात्मक भएको पाइन्छ। यस्तो ऐतिहासिक र उपयोगी इस्तिहार मलाई पारिवारिक सङ्कलनमा प्राप्त हुन आएको हो। यसलाई व्याख्याको साथसाथै फोटोकपी मार्फत सक्कलसमेत प्रकाशित गर्दा पाठकवृन्दलाई निकै उपयोगी सिद्ध हुन सक्ने र यसको महत्त्व अझ बढ्ने हुँदा प्रकाशित गर्न जरूरी भयो। अतः विभिन्न स्रोत र सामग्रीहरूको आधार लिई यो इस्तिहारलाई व्याख्यासहित प्रस्तुत गरिएको छ। किनभने तोकिएको वन्दोवस्तमा चल्नुपर्ने र नचलेमा कानुनीरूपवाट सजायँको भागी हुनुपर्ने व्यवस्था गरी जनता जनार्दनलाई सचेत पारी उनीहरूको व्यवहारको बोझलाई कम गर्न चालिएको सरकारी प्रयासको यो उदाहरण हो। जनतालाई अमनचयनसाथ जीवनयापन गराउने उद्देश्य राखी यो ल्याइएको हो।

---

५. इन्दिरा जोशी, "सती प्रथा एक अध्ययन" *प्रज्ञा*, पूणाङ्क ४९, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४१, पृ. १-१४। इन्दिरा जोशी, "दास प्रथा" *प्रज्ञा*, पूर्णाङ्क ८७, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५५, पृ. ५६-७०।

६. ईश्वरी प्रसाद, *दि लाईफ एण्ड टाईम्स अफ महाराजा जुद्धशम्शेर वहादुर राणा अफ नेपाल*, दिल्ली : आशिस पब्लिसिङ्ग हाउस, ई.सं. १९९३, पृ. २२४-२२५।

७. पाद टिप्पणी २।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रधानमन्त्री जङ्गबहादुरले स्थापना गरेका वि.सं. १९१३ को राणा रोलक्रमअनुसार वि.सं. १९८९ को भाद्र १७ गते प्रधानमन्त्री भीमशम्शेरको मृत्यु पछि उनका भाइ जुद्धशम्शेर नेपालका प्रधानमन्त्री भएका थिए।[८] यिनको शासनकाल राजनैतिक, आर्थिक, सामाजिक, प्राकृतिक प्रकोपजस्ता विभिन्न किसिमका घटनाबाट चर्चित रहेको कुरा नेपालको इतिहासको अध्ययनबाट स्पष्ट हुन्छ।[९] प्रधानमन्त्री जुद्धशम्शेरले आफ्नो शासनकालमा कार्यान्वयन गरेका कार्यहरूको मूल्याङ्कन गर्दा उनी सुधारवादी दृष्टिकोण राख्ने तथा राष्ट्रिय भावनालाई केन्द्रविन्दु बनाएको अनुभूति हुन्छ।

नेपालले प्राचीनकालदेखि नै वर्णाश्रम व्यवस्थाको सिद्धान्तलाई अंगीकार गर्दै सामाजिक संगठन गरेको पाइन्छ। यो वर्णाश्रम व्यवस्था वास्तवमा समाजका कार्यहरूको आर्थिक चारित्र्य सुरक्षित गर्ने व्यवस्थाको रूपमा रही आएको पाइन्छ, जसले बिस्तारै-बिस्तारै सामाजिक वर्गहरूको रूप लिंदै आयो र यसका आचारविचार विहेवारीका अनेक कडा र खुकुला विधानहरू पनि बन्दै आउन थालेको पाइन्छ। उक्त वर्णाश्रम व्यवस्थामा समाजलाई ४ भागमा बाँडिएको पाइन्छ, जसअन्तर्गत बाहुन, क्षेत्रीय, वैश्य र शुद्र पर्दछन्। तिनको काम र सामाजिक जिम्मेवारीहरू पनि तोकिएको पाइन्छ।[१०] लिच्छविकालमा ४ वर्ण १८ जातको प्रचलन नेपालमा भएको वर्णन पाइन्छ। तर समयको प्रवाहसँगै एकै वर्गअन्तर्गत अनेक उपवर्गहरू बन्दै गए। तिनलाई पनि शास्त्रहरूमा स्वीकृति दिइए तिनका कामको जिम्मेवारी पनि तोकिदिएको पाइन्छ। फलतः मध्यकालमा ४ वर्ण ३६ जातको शुरुवात भएको भेटिन्छ। जयस्थिति मल्लले विद्वान्हरूको सहयोग तथा सल्लाह लिई स्थिति बन्देजहरू बाँधिदिएको पाइन्छ। राजा जयस्थिति मल्लले स्थिति बन्दोबस्तहरू बाँधी सबै प्रजाहरू र आफू पनि त्यसै स्थिति बन्देजमा रहेका थिए।[११] यसरी जयस्थिति मल्लले मध्यकालको राजनीतिक स्थिति सुदृढ पारी शक्तिशाली राजाका रूपमा शासन गरेका थिए।

जयस्थिति मल्लपछि ज्योर्ति मल्लले नेपालको राजकाज चलाए। उनी विद्वान् एवं धार्मिक प्रवृत्तिका हुनाले जयस्थिति मल्लद्वारा प्रदत्त शास्त्रीय परम्परालाई कायमै राखे।

---

८ प्रसाद, पाद टिप्पणी संख्या ६, पृ. ५५।

९ वालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रुपरेखा, वाराणसी* : श्रीमती कृष्णकुमारी देवी, २०२७, पृ. ३८४

१० टि. आर. वैद्य, त्रिरत्न मानन्धर र शंकर लाल जोशी, *शोसियल हिस्ट्री अफ नेपाल*, दिल्ली : अनमोल पब्लिकेशन, ई.सं. १९९३, पृ. २२-२८।

११ चन्द्रविक्रम बुढाथोकी, *जयस्थितिमल्लको सुधार*, काठमाडौं : साझा प्रकाशन, २०३९, पृ. १-२३।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्योर्ति मल्ल पछि यक्ष मल्ल नेपालका राजा भए । जयस्थिति मल्लले संगठित गरेको राज्यलाई यिनले अझ शक्तिशाली, प्रभावशाली र महत्त्वपूर्ण पारेको स्पष्ट हुन्छ । परन्तु उनका सन्तानले आफ्ना पूर्खाले कायम गरेको स्थितिलाई थाम्न सकेनन् । साथसाथै ठाउँ-ठाउँमा स्वतन्त्र राज्यहरू खडा गरी नेपाल अधिराज्यलाई खण्डित तुल्याए । यसपछि क्रमशः पश्चिमी नेपालका कर्णाली क्षेत्रमा बाइसी र गण्डकी क्षेत्रमा चौबीसी राज्यहरूको स्थापना हुन गयो । नेपाल अधिराज्य ५२ वटाभन्दा बढी राज्यहरूमा विभक्त भयो । नेपाल भन्ने नाम भौगोलिक अभिव्यक्तिमा मात्र सीमित रहन पुग्यो । राजनैतिक रूपबाट नेपालको अस्तित्व नै लोप हुन लागेको यस्तो अवस्थामा गोर्खाका राजा पृथ्वीनारायण शाहले आफ्नो राज्यको विस्तारको साथसाथै नेपाल एकीकरण अभियान आरम्भ गरी एउटा राष्ट्रिय चिन्तनकै आधारमा पहाडी र हिमाली मुलुकको जगेर्ना गरे ।[१२] यसरी जगेर्ना गरेको राष्ट्रलाई सुसंगठित बनाउनु आवश्यक भयो । त्यसैले पृथ्वीनारायण शाहले "अब उप्रान्त राजा रामशाहले बाँध्याको थिति पनि हेरिसके, राजा जयेस्थितिमल्ले बाध्याको थिति पनि हेरिसकें, राजा महिन्द्र मल्लले बाँध्याको थिति पनि हेरिसके, ईश्वरले दियो भन्या म पनि यस्ता बन्देजको बाह्रहज्जारको थिति बाँधी जाला भन्या अभिलाषा थियो । पुरुव पछिम्को रास्ता बन्ध गरि नेपालको रस्ता चलाई दिउंला, आफ्ना आफ्ना जात विशेषको कर्म गर्नु (भन्ने) बन्देज गरिजांला (भन्ने पनि मेरो मनमा अभिलाषा रहेको थियो)" भन्ने उल्लेख गरेका थिए ।[१३] यसबाट उनी सामाजिक सुधारको पक्षमा भएको स्पष्ट हुन्छ र उनको सुधार गर्ने आकांक्षा पनि थियो भन्ने कुरा खुल्न आउँछ । तर ती कार्यहरू गर्नाका लागि उनले फुर्सद पाएनन् र गर्न सकेनन् ।

धर्मशास्त्रीय परम्परामा समाजलाई जसरी विभाजित गरिएको थियो त्यही मूल सिद्धान्तको आधारमा नै यस अवधिको सम्पूर्ण सामाजिक व्यवस्था अडेको देखिन्छ । एकै किसिमको अपराध गर्ने दुईजनामा दण्डको स्वरूप फरक थियो । जात-जातको विहेवारी, खानपान र रहनसहनको कडाइका साथ पालना गरिने प्रचलन थियो । यस्ता समस्यामा आर्थिक दण्ड, जातपतन, कडाकडी प्रायश्चित, ज्यान सजायँ र कमारा कमारीसम्म बनाउने गरेको पाइन्छ ।[१४]

---

१२ टि. आर. वैद्य, *अडवान्स हिस्ट्री अफ नेपाल*, दिल्ली : अनमोल पब्लिकेशन, ई.सं. १९९७, पृ. ४-५ ।

१३ बाबुराम आचार्य र योगी नरहरिनाथ (सं.), *बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायन शाहको दिव्य उपदेश*, तृतिय संस्करण, काठमाडौं : श्री कृष्ण आचार्य २०६१, पृ. ४७-४८ ।

१४ जगदीशचन्द्र रेग्मी, *नेपालको वैधानिक परम्परा*, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, २०३६, पृ. १११-११२, १५८ र १७२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वि.सं. १८६३ साल बैशाखमा रणबहादुर शाहको हत्यापछि भीमसेन थापा मुख्तियार भए। त्यसवेलादेखि भीमसेन थापाले १८९४ साल श्रावणसम्म ३१ वर्ष नेपालमा मुख्तियारी चलाए। यस अवधिमा उनले अनेकौं क्षेत्रमा सुधारका कार्यहरू गरी देशको शासन व्यवस्थालाई सुव्यवस्थित पार्न प्रयत्न गरेका थिए। त्यसमा दास प्रथा उन्मूलन, अछामी जनताको स्थिति सुधार्न गरिएको सुधार, झारा प्रथा, वेठवेगारी बन्द गर्नु, घुस प्रथा विरोधी कदम, मोही तल्सिङको व्यवस्था जस्ता कार्यहरू हुन्। यस बाहेक भीमसेन थापाले नेवार जातिको सामाजिक स्थितिमा सुधार ल्याई त्यस जातिलाई राहत प्रदान गराएका थिए। नेवार जातिको प्रचलनमा जन्मदेखि मृत्युपर्यन्त गर्नुपर्ने थुप्रै कार्यको हरेक बुँदामा उनले सुधार गरेथे।[१५] धर्मको आडमा चलेको सामाजिक प्रचलनमा परिवर्तन ल्याउन सजिलो कुरो थिएन। यस्ता प्रकारको सुधारहरू गर्ने आँट प्रधानमन्त्री जङ्गबहादुर राणाले पनि नगरेको कुरा उनले बनाएको मुलुकी ऐनबाट पनि स्पष्ट हुन्छ।[१६] यद्यपि सो ऐनमा समयको आवश्यकता अनुसार थपघट गर्दै लाने भनी उल्लेख भएको र प्रधानमन्त्रीहरूलाई श्री ५ बाट सो गर्न स्वीकृत प्रदान गरेको भए पनि जुद्ध शम्शेर बाहेक अन्य प्रधानमन्त्रीले त्यस्तो सुधारहरू गरी जनतालाई बोझबाट मुक्त गरेको पाइँदैन।[१७] श्री ३ जुद्धशम्शेरले भीमसेन थापाको त्यसै सुधारको अनुसरण गरी नेवारहरूको साथसाथै ब्राह्मण क्षेत्रीहरूको व्यवहारको विषयमा सुधार गरेका थिए।[१८] सो सुधारबाट धर्म र परम्पराको आडमा लादिन गएको अनावश्यक बोझबाट जनतालाई मुक्ति दिन उनी सफल पनि भए। त्यसरी सफलता हासिल गर्न सकेको रीतिरिवाजको सुधारको सवाललाई चर्चासहित तल वर्णन गरिएको छ।

नेपालीको सामाजिक संगठन वैदिर्क परम्पराअनुसार भएको पाउँदछौं। तर समयका साथ आवश्यक सुधारहरू क्रमिक रूपमा नभएका हुनाले समाजमा अनेकौं विकृतिहरू बढ्दै गए। जसले जनता जनार्दनलाई कार्य गर्न अत्यन्त गाह्रो भई व्यवहार बोझिलो हुन थाल्यो। यो इस्तिहार यस्तै बोझिलो व्यवहारलाई कानुनी रूपबाट कम गर्ने एउटा सरकारी दस्तावेज हो। ब्राह्मण क्षेत्रीहरूले विवाह तथा व्रतवन्धमा व्यवहार गर्दा आवश्यकीय

---

१५ चित्तरञ्जन नेपाली, *जनरल भीमसेन थापा र तत्कालीन नेपाल*, काठमाडौं : रत्नपुस्तक भण्डार, २०२२, पृ. १८४-२४१।

१६ वि.सं. १९०८ देखि बनाएको ऐन प्रथम खण्ड, दोस्रो खण्ड १९२७, तेश्रो खण्ड १९२८, चतुर्थ खण्ड १९२९ मा छापिएको।

१७ पाद दिप्पणी संख्या ३, पृ. ७०७-७१२।

१८ विनोद राज शर्मा, "वि.सं. १९९३ को इस्तिहार एक परिचय"। *रोलम्बा*, भो २४,नं. ३ र ४, ललितपुर : प्रदिप राम जोशी, ई.सं. २००४, पृ. ४२-४८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कार्यमात्र नगरी अनेक भडक बढाइ व्यवहार गरिदिएकाले केही जनतालाई व्यवहार गर्न नसकी पीरमर्का परेको र सो व्यवस्था कटौती गर्न श्री ३ मा जाहेर गरेका र यस सम्बन्धमा अफिसर र हाकिमहरूले पनि खर्च घटाइ व्यवहार चलाउन पाए हुँदो हो भनी श्री ३ मा बिन्ती गरे बमोजिम अनावश्यक खर्च कानुनी रूपबाट हटाई दुनियाँलाई सुख सुविस्ता होस् भन्ने चाहना श्री ३ जुद्धशम्शेरको पनि भएको पाइन्छ। त्यसैले आवश्यक व्यवस्था मिलाउनका लागि जनताहरूको राय लिई चाँडो बन्दोवस्त मिलाई दिनु भन्ने हुकुम श्री ३ महाराज जुद्धशम्शेरबाट भएको पाइन्छ। उक्त आदेशमा विवाहवारीको व्यवहारमा व्यवधान नआओस्, साविक सरहको रीतिस्थितिमा कतिसम्म काम गर्दा मुनासिव हुन्छ, जसबाट व्यवहार पनि नरोकिइ काम चल्दै गई दुनियाँलाई पैसा पनि किफायत भई गर्न सहज हुन्छ। सो किसिमको तजविज कौसलमार्फत् जाहेर गर्नु भन्ने उल्लेख छ। यस सन्दर्भमा सहरमा ब्राह्मण, द्यौभाजु ब्राह्मण, क्षेत्री, श्रेष्ठ आदि जातहरू समेत इज्जतदार ठालु भलाद्मीहरूका नाउँमा १ छापे भै गएबमोजिम आ-आफ्नो जातमा गरी चली आएकोमा घटाई छोट्याई किफायत साथ काम गरे पनि कर्मकाण्ड नछुट्ने भनी राय लेखि जाहेर गरेकोमा फरक-फरक मत आएको भए पनि व्यवहारमा खर्च घटाई काम गर्ने र गराउने विषयमा सबैको मत एकै भएको देखिन आएकोले रायमा एकै मिलान गर्न ब्राह्मण, द्यौभाजु क्षेत्री, श्रेष्ठ आदि जालका ८-१० जना व्यक्तिलाई कौसलमा सामेल गराई छलफल गर्दा आ-आफ्नो जातमा गर्नु र चलाउनु पर्ने वाहेक देखासिखीको भडक बढाई निम्न कुरामा अब उप्रान्त तपसील बमोजिम छोट्याई किफायत गरी व्यवहार गर्नु भनी आदेश जारी गरिएको थियो। तर कर्मकाण्डको व्यवहारमा भने साविक बमोजिम नै गर्ने गराउने भन्ने आदेश कौसलमार्फत् जाहेर गरिएको थियो। यो इस्तिहारबमोजिम ब्राह्मण र क्षेत्री जातिहरूले अब उप्रान्त तपसीलका कुरामा तपसीलमा उल्लेख भए बमोजिम कार्य गर्नु सोभन्दा बढाई काम गरे या गराएमा अदालतका ऐन बमोजिम सजायँको भागी हुनेछ भनी जनतालाई सचेत समेत गराइएको थियो।[१९] तपसीलमा उल्लेख गरिएको काम र सोदेखि वाहेक अरू कामकाज गर्दा परम्परादेखि चलिआएको कर्मकाण्ड नटुटाई सकेसम्म किफायत गरी कार्य गर्ने र अन्य व्यवहारहरू छोट्याई गर्ने गरी पाउँ भनी हाकिम् र अफिसरले जाहेर गरेको र छोट्याई काम चलाउने रायसमेत लेखिदिए बमोजिम हुन सकेसम्म छोट्याई घटाई गर्ने गरी अब उप्रान्त ब्राह्मण क्षेत्रीहरूले कामकाज गर्दा गराउँदा यो इस्तिहारमा उल्लेख भएमा नबढाई काम चलाउनु यो भन्दा बढाई कामकाज गरे गराएको ठहरिए अदालतका ऐनबमोजिम सजायँ हुनेछ भन्ने समेत उल्लेख यसमा गरिएको छ।

---

१९. पाद टिप्पणी संख्या २।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तपसील[२०]

छैटी, न्वारान, पास्नी, छेवर, व्रतवन्ध, विवाहको यज्ञ श्रृङ्गारमा भड्किलो सामान राख्न नपाउने, आवश्यक मानिस बाहेक बढी मानिसलाई आमन्त्रण नगर्ने, पञ्चवाजा वाहेक अन्य बाजा बजाउन नदिने, पास्नीमा आउने र व्रतवन्धमा आउने आमन्त्रित व्यक्तिले रू. १/- देखि बढी राख्न र राख्न लगाउन नपाउने बन्दोवस्त गरिएको पाइन्छ।

विवाहका समयमा दुलाहाकातर्फवाट दुलहीका घरमा कन्याको कुरा छिन्न जाँदा बढीमा ४ जना मानिस पठाउने, त्यसरी दुलाहाकातर्फवाट कुरा छिन्न आएका मानिसलाई पानमसलाले सम्मान गरी दक्षिणामा बढीमा रू. ५०/- पैसासम्म दिनुलिनु पर्ने बन्दोवस्त गरिएको पाइन्छ।

विवाहका समयमा दुलाहातर्फबाट साईपाटा लैजाने विषयमा ६ वटा किस्तीमा सामानहरू र ४ जना ब्राह्मणहरूसम्म जान पाउने स्थिति कायम गराए।

विवाहमा जन्त जाँदा पञ्चेबाजा र कुसले बाजासम्म लैजानु पर्ने स्थिति कायम गरिदिएथे।

विवाहको अवसरमा जन्त जाँदा चाँदीको ठेकी, कलश, सामदान र चाँदीको विड् भई सुनको वा पालिस लगाएको तास कीनखापको झल्लरी लैजाने चलनलाई प्रतिवन्ध लगाई अव सादा काठको दन्डी भएको कपडाको छातामात्र लैजान पाउने व्यवस्था गरिदिएका थिए।

दुलहाकातर्फबाट कल्स्यौंडी, मड्यौली गंरी बढीमा ५ जनासम्म र सो भन्दा बढी मानिस लैजान वा पठाउन नपाउने व्यवस्था गरियो।

विवाहका समयमा जन्त जाँदा मोटर, लरी र बग्गीमा लान प्रतिवन्ध लगाई डोली, तामदान, कारपेट र उलिनकाठसम्म लैजान पाउने गरिदिएका थिए।

विवाहको लागि जन्त जाँदा गुरु, पुरोहित, आफन्ती, टोले र छिमेकी गरी १०० जनाभन्दा बढी नलैजान र नपठाउने स्थिति कायम गरिदिएथे।

दुलाहालाई तास, किनखाप र रेशमका महँगा लुगाहरू लगाउन नदिई साधारण किसिमका कपडाको लुगा वा जामा पगरी लगाउन दिनु भनी बन्दोवस्त मिलाए।

विवाहको समयमा दुलहीलाई बढीमा दुईजोर लुगा र धोती, चोलो, घरमा भएको नथ र तिलहरी, ढुङ्ग्री, औंठी र सिरमा लगाउने सिरबन्दी, नाडीमा लगाउने सुनको एकथोक

---

२०. पाद टिप्पणी संख्या २।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गहना र चाँदीको कल्ली, वालासम्म लगाउन दिने र सोभ्रन्दा वढी दिन र लैजान नपाउने व्यवस्था गरियो ।

दुलाहा र दुलहीलाई एक-एक जोरसम्म जुत्ता दिनु भनी उल्लेख गरिएको पाइन्छ ।

उपत्यकाभित्रका ३ सहरकाले जन्ती गएका वरियातलाई टाढा फर्कन नभ्याएमा दुलहीका तर्फवाट एक छाक खाना दिई सत्कार गर्ने, नजिक भए दुलहा र कल्सेउडी मड्यौली, दमाई, भरिया र नोकरवाहेक अरुलाई भोज, भतेर खुवाउन र भाग दिन हुँदैन, भोलिपल्ट दुलाहाकातर्फवाट जन्तेवाखो ख्वाए हुने, रात वसे पनि खुवाउन हुँदैन, तर पहाडतर्फका भए आ-आफ्ना चलनवमोजिम जन्त आउनेलाई दुलहीको तर्फवाट खुवाउन पनि हुन्छ भन्ने स्थिति वनाएका थिए ।

दुलहीलाई दुलाहाको घरतर्फवाट श्रृङ्गारको सामानका काँचको चुरा, पोते, धागो, सिन्दूर, सिम्रिक, ऐना, टीका, बाँसको काँइयो, थाँक्रो वट्टाहरू आफ्नो गच्छेअनुसार सुन, चाँदी वा हस्तिहाडको भाडोमा हाली पठाउन हुने, सो देखि वाहेक अन्य सामान लैजान र पठाउन हुँदैन भनी उल्लेख गरिएको पाइन्छ ।

विवाहका दिन दुलाहा दुलहीलाई माथि उल्लेख गरिएका वाहेक अन्य गरगहना, बालगिरीमा (भाडामा) लिई लगाइदिन निषेध गरिएको थियो ।

विवाहको समयमा चलन भएका ठाउँमा दुलहीका बावुले दुलाहालाई साधारण १ जोर लुगा, धोती, उपर्ना, छाता, जुत्ता र सुनको औंठी एकसम्म दिन पाउने र चलन नभएका ठाउँमा चलन चलाउन नपाउने व्यवस्था कायमै गरिएको थियो ।

विवाहको समयमा दुलाहाको वरणी घुल्यर्क विष्टर र आचर गाँठो पार्ने, दुलाहाको जुठो खुवाउने र गोडा धुने कार्यमा पनि रू. १/- भन्दा वढी दिन लिन नपाउने व्यवस्था कायम गरिदिएथे ।

विवाहको समयमा कन्यादान प्रतिष्ठानमा मो.रू. १/- देखि मो.रू. २५/- सम्मको सुन दान प्रतिष्ठान दिने र गोदानमा गाई वा निग्रह राखी दान दिन हुने, सो भन्दा वढी लिन र दिन नपाउने व्यवस्था किटान गरिदिएको पाइन्छ ।

दुलही अन्माएपछि दुलहीपट्टिवाट समधी भेट गर्दा मो.रू. १/- सम्म राखी ढोगभेट गर्नु, सोभन्दा बढी राख्न नहुने स्थिति कायम गराइदिएका थिए ।

विवाहको अवसरमा गोडधुवा दिँदा तामाको गाग्री, खड्कुलो, झारी समेत चाँदी वाहेक अरू धातुको एकजोर भाँडासम्म दिनु हुन्छ र सोभन्दा वढी दिन नहुने भनिएको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विवाहका समयमा काठको सादा सन्दुस, कन्तुर वा बाकससम्म हाल्नु हुने त्यस्मा दुईजोर लुगा, एकजोर सादा धोतीचोलो राख्न हुने र बढी गर्न निषेध गरिएको पाइन्छ ।

दुलहीलाई दुलाहाको घरमा भित्र्याएपछि दुलहीको मुख हेर्दा, पाथी भर्दा र चुल्ठो जोड्दा सासु हुनेलाई बुहारीले ढोगभेट गर्दा रू. १/- सम्म राख्न पाउने, सोभन्दा बढी नगदी र सुन, असर्फी गिनी दिन र राख्न नहुने स्थिति तय गरियो ।

विवाहको भोलिपल्ट छोरीलाई भेट गर्न पठाउँदा १ किस्ती रोटी, अचार, तरकारी, फलफूल, मसला आदि गरी अर्को १ किस्तीसम्म पठाउन हुने गरी किटान गरिदिएका थिए ।

दुलही अन्माउने बेलामा दुलहीको आमाले धर्मगाँठो बाँध्दा रू. १/- भन्दा बढी राख्न नहुने गरी व्यवस्था कायम गरिदिएका थिए ।

दुलान फर्काउन आउँदा दुलहीको अविभावकले जुवाइँलाई रू. १/- भन्दा बढी दक्षिणा दिन नपाउने व्यवस्था गरियो ।

विवाहपछि सोह्रदिने साइत गर्दा ६ किस्ती सामानहरू वाहेक ऊखु, दही र माछासम्म लान पाउने किटान गरियो ।

विवाहपछि दुरागमन अर्थात् खाजा खुवाउने प्रचलनमा रोटीहरू १ किस्ती र अचार, तरकारी, फलफूल, मसला १ किस्तीसम्म लैजान पाउने र दक्षिणामा रू. १/- सम्मको व्यवस्था गरिदिएथे ।

छोरीको सासु समधिनीलाई तिजमा दर पठाउँदा खाने रोटी १ किस्ती, अचार, तरकारी, फलफूल र मसला १ किस्तीसम्म पठाउन पाउने व्यवस्था गरिएको पाइन्छ ।

वहालवाला मेजर, कप्तान र मीरसुब्बासम्मका कर्मचारीले आफ्ना वा भाइको छोरा, छोरी, नाती र नातिनीका विवाहमा इच्छा हुनेले झलरवाला छाता, म्याना र मोटर लैजान र दुलहीलाई लुगा दिंदा आफूसँग भएको जुनसुकै लुगा लगाउन दिन हुने र कर्नाट कार्नेस बाजा बजाउन लैजान हुने छुटकारा दिएको पाइन्छ ।

यस इस्तिहारमा उल्लेख गरिएका दफादेखि वाहेकका अरू कुरामा साविकअनुसार चलिआएवमोजिम भरसक घटाई गर्न भनिएको पाइन्छ ।

माथि उल्लेखित काम कार्यमा र सोदेखि वाहेकका अन्य कामकार्यमा पनि कर्मकाण्ड नटुट्ने गरी सकेसम्म र हुनेसम्म किफायतका साथ व्यवहार छोट्याई गर्ने गर्नु भनी उल्लेख गरिएको पाइन्छ ।

यस इस्तिहारको दफा-दफामा उल्लेख गरिएभन्दा बढी किसिमसँग भडक बढाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काम काज गर्ने ब्राह्मण क्षेत्रीलाई अदालतका ऐनबमोजिम सजायँ हुनेछ । सो कार्यको अनुगमन गर्ने कर्मचारीलाई अधिकार सुम्पि कडाईका साथ जाँच गरी कार्वाही गर्दा कर्मचारीले काम रोकिदिने पनि सम्भावना भएकोले तीन सहरभित्र पुलिसहरूले र पहाडमा अड्डाखानाहरूले देखिने कुरामा रेखदेख गरी अनुगमनको कार्य गर्ने र यस्तो कार्य गर्दा नियमभन्दा वढी गरेको पाइएमा सम्वन्धित व्यक्तिलाई पहिलो सूचना दिने र काम चलाउन लगाउने, तरपनि तडकभडक गरेमा काम सकेपछि झिकाई अदालतको ऐनबमोजिम सजायँ दिने व्यवस्था गरियो । यसका साथै सामानको जाँच गर्दा काम नरोकिने गरी जाँच गर्ने र बन्द भएको संदुस बाकसहरू खोली जाँचवुझ गर्न गराउन नपाउने व्यवस्था समेत उल्लेख गरी दिए ।

यसरी समयको प्रवाहसँगै विकृत वन्दै गएको सामाजिक रीतिरिवाजले नेपाली जनतालाई आर्थिक बोझ पारी व्यवहार गर्न कठिनाई भएको महसूस गरी त्यसमा सरकारी स्तरबाट सुधार भएमा सवैलाई सहजता मिल्ने ठानी प्रधानमन्त्री श्री ३ जुद्धशम्शेरसँग जनताले अनुरोध गर्दा यो कार्यले सामाजिक सुधारमा सफलता प्राप्त गऱ्यो । ऐन बमोजिम सामाजिक रूपमा विकृत हुन गएका सामाजिक कुराहरूलाई प्रतिवन्ध लगाउँदा सामाजिक समानता हुन आउने देखेर प्रधानमन्त्री श्री ३ जुद्धशम्शेरले कौशलमार्फत् इस्तिहार ल्याई एकातिर जनभावनाको कदर गरे भने अर्कातिर आफूलाई सामाजिक सुधारको पङ्क्तिमा राख्न सफल भए । नेपालको इतिहासमा यस प्रकारको सामाजिक सुधार गरी अमरत्व प्राप्त गर्ने पहिलो व्यक्ति मुख्तियार भीमसेन थापा हुन् भने अर्का व्यक्ति प्रधानमन्त्री श्री ३ जुद्धशम्शेर हुन् । आजभन्दा ७० वर्ष पूर्वप्रकाशित यो इस्तिहारका कुराहरू ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका हुनुका साथै आजको सन्दर्भमा पनि उत्तिकै लाभदायक देखिएकोले यसलाई प्रकाशित गर्नु आफ्नो कर्तव्य ठानी यहाँ जस्ताको तस्तै प्रकाशित गरेकी छु ।

इस्तिहार

उप्रान्त हाम्रा रैतिदुनिञाहरूले विवाह व्रतवन्ध समेत इत्यादि वेवहार गर्दा मुनासीव माफीकको गर्नु पर्ने काम चलाउने आवस्यकीय काम मात्र नगरी अनेक किसीमबाट भडक बढाई काम काज गरेबाट ज्यादा खर्च हुनगई कोही दुनीञाको हालत कम हुने र खर्चगर्न नसकने दुनीञाले वेवहार चलाउन नसकी मडका पीर परेको बेहोरा जाहेर भएको र अफिसर हाकिम्हरूले पनि सो वारेमा खर्च घटाई व्यवहार चलाउन पाए हुदोहो भनी विन्ती चढाएकोले समेत सवै दुनीञामा सुविस्ता हवस भन्ना निमित्त गर्नुपर्ने विवाह व्रतवन्ध समेत व्यवहार गर्दा मुनासिव माफिकको सम्म खर्च गरी काम चलाउने गर्नालाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ठालू इज्जतदारहरू र अरूको समेत जजस्को राय झिकाउनुपर्छ झिकाई वन्दोवस्त मिलाई चाडो जाहेर गर्नु भन्न्या हामी श्री ३ महाराजवाट हुकुम वमोजिम वीहावारी समेतको व्यवहारमा सावीक गर्ने गरी आएको रीत चलन खर्चमा कती कती सम्म गर्ने गर्दा मुनासिव माफीकभै व्यवहार नरोकी काम चलेन र पैसामा कीफाएत हुंने हुन्छ सावीक गरी चलिआएकोमा घटाउने छोट्याउने समेत तजवीज गरी कौसल मार्फत जाहेर गर्नु भंन्या र सहरका ब्राह्मण द्यौभाजु ब्राह्मण क्षेत्री श्रेष्ट जातहरू समेत इज्जतदार ठालु भलादमीहरूका नाउमा १ छापेभै गया बमोजिम आफ्ना आफ्ना जालमा गरी चली आएकोमा घटाई छोट्याई किफाएत साथ काम गरेपनी कर्म काण्ड नछुठ्ने भनी राए लेखि जाहेर गरेकोमा कुनैको कुनै किसिम कुनैको कुनै किसिम सँग लेखिएको वाट सवै काम कुराको सवैको राएमा पनी नपरेको सवैको मिलान भएको देखिएन तापनि व्यवहारमा खर्च घटाई काम गर्न गराउनामा सवैको राए मिलां भएको देखिनाले राएमा एकै मिलान गरन ब्राह्मण द्यौभाजु क्षेत्री श्रेष्ट जातहरू जातपीछे १०।८ जनालाई, कौसलमा राखी छल फल गर्दा आफ्ना आफ्ना जातमा गर्नु चलाउनु पर्ने देखासिखिले भडक आएका तपसीलका कुरामा तपसील बमोजिम छोट्याई किफाएत गरी गर्ने भएमा पनि कर्मकाण्डमा नछुट्ने अरूगरयीकैगरी चलीआए बमोजिमगरे हुने भन्याएकै राए कायम् भएको वेहोरा कौसलमार्फत् जाने भयो तसर्थ हाम्रा रैती दुनिज्ञाहरूलाई सुविस्ता हवस भन्ना खातीर तपसीलमा लेखिए बमोजिम ब्राह्मण क्षेत्री जातहरूले अबउप्रान्त व्यवहार गर्नेमा तपसीलका कुरामा तपसील बमोजिम र अरू कुरामा सावीक गरी चली आए बमोजिम गर्नु र तपसीलका कुरामा तपसील बमोजिम भन्दा वढाई काम गर्नपाउँदैनौ सो भन्दा कामगरे गराएमा अदलका अैन बमोजिम सजाए हुनेछ तपसीलमा लेखिएका काम काममा र सो देखि वाहेक अरू काम काज गर्दा समेत कर्मकाण्ड नटुट्ने गरी भरसक किफाएत गरी व्यवहार छोट्याई गर्ने गरी पाउ भनी हाकिम् अफिसरले जाहेर गरेको र छोट्याई काम चलाउने राए समेत लेखिदिए बमोजिम हुनसकेसम्म छोट्याई घटाई गर्ने र गरी बक्सेकोछ अबउप्रान्त ब्राह्मण क्षेत्रिहरूले काम काज गर्दा गराउदा यो इस्तीहार लेखिएकोमा नबढाई भरसख घटाई काम चलाउनु यो भन्दा बढाई काम काज गरे गराएको ठहरे अदलका अैन बमोजिम सजाय हुनेछ ----------

तपसील

छैटी न्वारान पास्नी छेवर समेत काम काम्मा र व्रतवन्ध विवाहको यज्ञ श्रृङ्गारमा समेत भडकीलोचीज राख्न र नभै नहुने आवस्यकी मानिसवाहेकवढी मानिस निमन्त्रणागर्न औ पञ्चबाजा बाहेकअरूकिसिमको बाजाहरू वजाउनदीनसमेत हुदैन पास्नीमा भात ख्वाउन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आउने र व्रतवन्धमा भिक्षापदिनेले रु. १ देखि वढी राखन रखाउन हुँदैन ---------- १

कन्याको कुरा छिन्नजाँदा नभै नहुँने चाहिने किसिम्का मानिस वढीमा चारजना सम्महुन्छ तेसभन्दा वढी मानिस जान पठाउन हुँदैन सो जानेलाई दुलहितर्फवाट पानमसाला सम्मदी सनमानगरी दक्षिणामा वढीमा रु। ५० सम्म दिनु लिनु सो देखीवढी दिनुलिनुहुँदैन ---------- २

साईपाटा लैजादा लग्नपत्रका साथ सगुनका निमित्त पालुङ्गाको साग र रोटीमा दनेउरा र शेल कसार केही फलफूल समेतगरी ६ किस्ती सम्म र उखु दही माछा सम्म लैजानहुन्छ सो लैजादा पत्रसमेत लिजानेहुनाले ब्राह्मण चारजना सम्म जानहुन्छ सो भन्दा वढीमाल लैजान र मानिस जान पठाउनसमेत हुँदैन ---------- ३

जन्त जादा पञ्चवाजा र कुसलेवाजासम्म लैजानहुन्छ सो वाहेक अरू किसिमको बाजाहरू लैजान वजाउनदीन हुँदैन ---------- ४

जन्तमा चाँदीकोठेकी कलस सामादान र चाँदीकोविड् गजुरमा सुनको वा मोलम्वाभएको र तास कीनखापको झल्लरिछाता लैजान पठाउनहुँदैन छाता लैजानखोजनेले लेखिएदेखि वाहेक सादा काठको दन्डी भएको कपडाको छातासम्म लैजान हुन्छ ---------- ५

कलस्यौडी मड्यौली वढीमा ५ पाँचजना सम्मलैजान पठाउनहुन्छ सो भन्दावढी लैजान पठाउन हुँदैन ---------- ६

जन्तजाँदा दिउसै लैजानेगर्नु जन्तमा मोटरलरी वगिलैजानहुँदैन डोलि तामदान कारपेट वलीनकाठ् सम्म लैजान पठाउनहुन्छ ---------- ७

जन्तलैजाँदामा गुरु प्रोहित दाजु भाई भाञ्जा समेत आफ्ना नातेदार नभै नहुने टोले छिमेकी इष्टमित्र समेत गरी कुलजम्मा १०० जवान्सम्ममा नबढाईलैजानेगर्नु सो भन्दावढी जवान् लैजान पठाउनहुँदैन ---------- ८

दुलहालाई तास किनखाप रेसमी सकलिढाका वाहेक अरू किसिम्का कपडाको लुगा र कोट् इष्टकोट समेतको पोसाक वा जामा पगरी टोपी फेटामात्र लाउनदिनु ---------- ९

दुलहिलाई विवाहका दिन वढीमा साधारण दुईजोर लुगा र एकजोर चोखो धोती चोलो र आफ्नै घरमा भएकाले नत्थ तिलहरी ढुङ्ग्री औंठी र सिरमा लाउने र नाडीमालाउने १ थोक गहना सम्म सुनको र चाँदीको कल्ली बालासम्म पहिराउन हुन्छ सो भन्दावढीदिन लैजान पहीराउनहुँदैन ---------- १०

दुलहा दुलहिलाई जुत्ता १।१ जोर सम्म दिनु ---------- ११

३ सहरकाले जन्तगएका बरियातलाई टाढापरी फर्कन नभ्याई रातबस्नेलाई दुलही तर्फबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेलुका १ छाक ख्वाउन सत्कार गर्न हुन्छ नजिकमा भए दुलाहा र कल्सेउली मड्यौली बाजावजाउने भारीवोकने नोकरान वाहेक अरूलाई दुलहा तर्फवाटपनी मसलासम्मदी सनमान्गर्नु भोजभतियार ख्वाउन र भोजभागदीनहुँदैन भोलिपल्ट दुल्हातर्फवाट जन्तेवाखोख्वाए हुन्छ रातवसेमा पनी दुलहीतर्फवाट ख्वाउनदिन हुँदैन पाहाडकालेभए आफ्ना आफ्ना चलन वमोजिम् दुलहीतर्फवाट जन्त आउनेहरूलाई खुवाउनपति हुन्छ--१२

श्रृङ्गारको सराजाममा काँचकोचुरा, पोते र धागो सिंदूर, सिम्रीक अैना टिका वाँसको कांग्यो थाँक्रो सम्म गच्छेअनुसार सुनचादी हस्तहाड् वाहेक अरू वट्टा भाडामा राखी लैजान पठाउनहुन्छ सो देखिवाहेक अरू श्रृङ्गार सामान लैजान पठाउन हुँदैन ----------१३

दुलहा दुलहीलाई विवाहकादीन पैन्हाउनेमा माथिलेखिए देखि वाहेक अरू गहना वांलगिरीली दिई पहिराउन लाउन हुँदैन ---------- १४

दुलहालाई दुलहिकोवावुले ३ सहरभित्र कसै कसैलेलुगा १ जोरदीने चलन्भएको र पाहाडतर्फ चलन्नभएकोले पाहाडतर्फकालेचलन् चलाउन र दीनुहुँदैन लुगादीने चलन् भएकालेपनी अघी पछि समेत लाउनहुने किसिंको मैलपेस सुरुवाल् कोट ईष्टकोट् वा जामा पगरी धोती उपर्ना छाता जुत्ता सुनको औंठी एकसम्म दिनहुन्छ सो भन्दा वढी विवाहका दिनमा दिन हुँदैन ---------- १५

दुलहाको वरणी घुल्यर्क विष्टर औ आचल गाठोपार्ने जुठोख्याउने गोडाधुने काम्मा कलम्पिछे १ रु भन्दावढी दिन लिन हुँदैन ---------- १६

कन्यादान प्रतिष्ठान मोरु. १। देखि मोरु २५। सम्मको सुन दानप्रतिष्टादिने र गोदान्मा गाइनै वा निग्रह राखी दान् गर्नहुन्छ दान्प्रतिष्ठामा लेखिए भन्दा वढी दिनहुँदैन ----- १७

दुलही अन्माएपछि समधिभेट गर्दा मोरु १ सम्म राखी ढोगभेट् गर्नु सो भन्दा वढी राखन हुँदैन ---------- १८

गोडधुवादिंदा घरमा आमा वावुहरूले तामाको गाग्री खडकुलो झारी समेत चाँदी वाहेक अरू धातुको एक जोर भाडा वर्तन्सम्म दिनुहन्छ सो भन्दा वढी राखनदिनहुँदैन----- १९

विवाहामा काठ्का सादा सन्दुस, कंतुर वा ट्रंक वाकस सम्म र दुई जोर लुगा र धोती चोला एक जोरसम्म दिनहुन्छ सो भन्दा वढी दिनहुँदैन ---------- २०

दुलहीको मुखहेर्दा पाथीभर्दा चुल्ठो जोड्दा सासुहुनेलाई वुहारीले ढोग भेट् गर्दा समेत रु १,१ सम्म राख्न रखाउन हुन्छ सो भन्दावढी नगदी र सुन असर्फि गिनी दीन राखनहुँदैन ---------- २१

विवाहका भोली पल्ट जुवाञ्री छोरीलाई भेट गर्न पठाऊदा खाने रोटी १ किस्ती र अचार तरकारी फलफूल मसला १ किस्ती सम्म लान पठाउनहुन्छ सो भन्दा वढि लैजान पठाउन हुँदैन ---------- २२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मगाँठो बाँधदा रु १ सम्म राखन हुन्छ सो भन्दा बढि राखन हुँदैन ---------- २३

दुलहा फर्काऊदा जुवाञीलाई बढिमा रु १ सम्म दक्षिणा दिनहुन्छ सो भन्दा बढि दक्षिणा दिनहुँदैन ---------- २४

सोह्रदिने साइत गर्दा साइपाटा पठाउदा सह्र रोटी फल फुल समेत गरी ६ किस्ती सम्म र उखु दही माछा सम्म लैजान हुन्छ सो भन्दाबढी लैजान लानहुँदैन ----------२५

दुरागमन अर्थात् खाजा ख्याउनेमा खानेकुरा रोटी १ किस्ती तरकारी अचार फल फुल मसला १ किस्ती मात्र लैजाने पठाउनेगर्नु भेटी दक्षिणामा रु १ सम्म दिनु लिनु सो भन्दा बढि दिन लिनहुँदैन ---------- २६

समधिनीलाई तिजमा दर पठाऊदा खानें रोटी १ किस्ती अचार तरकारी फलफुल मसला १ किस्ती सम्म लैजान पठाउन हुन्छ सो देखि बढी लैजान पठाउन हुँदैन ---------- २७

बाहालवाल मेजर कपतान मीरसुब्बा सम्मका जागीरदारले आफ्नु वा भाई छोरा छोरी नाती नातिनी समेतका विहेमा मनसुवा हुनेले झलंरवाल छाता म्याना मोटरलैजान र दुलहा दुलहिलाई समेत लुगादिनेमा आफुसँगनभएको जुनसुकै लुगा लगाउनदिन औ कनाट कार्नेसबाजा बजाउन लैजान हुन्छ ---------- २८

माथि दफा दफामा लेखिए देखि बाहेक अरू कुरामा साविकगरी चलिआएवमोजिम भरसक घटाई गर्ने गर्नु ----------२९

माथि दफा दफामा लेखिएको काम काम्मा र सो देखि बाहेक अरू कामकाज गर्दा समेत कर्मकाण्ड नटुटने गरी भरसक किफायत् गरी वेव्हार छोट्याई कामकाज गर्नु वहुतै आवस्यक हुनाले हुनसकेसम्म छोट्याई घटाई गर्ने गर्नु ---------- ३०

ब्राह्मण र क्षत्री जातले समेत माथि दफा दफामा लेखिएका काम कुरामा दफा दफामा लेखिए भन्दा बढि किसिम सँग भडक बढाई काम काज गर्नेलाई अदलका अैन वमोजिम सजाय हुनेछ सो सजाय गर्नालाई एकदम जाचगर्ने गर्दा काम रोकिदिने पनि सम्भव भएकाले तिन्सहरभीत्रकालाई पुलिसहरूले पाहाडकालाई अड्डाखानाहरूले देखिने कुरामा सम्म हेरदेखगरी रूल भन्दा बढाई भडक कामगरेको देखीएमा सो कामको मुख्ये मानिसलाई सुनाई कामचलाउन लगाई बढी कामगरेमा कामसकेपछि झिकाई अदलका अैन वमोजिम सजाय गर्नेछन् कामै रोकीने गरी जाचगर्न नपाउने गरी बक्सेकाले कामरोकन र बन्द भएका संदुस वाकसहरू खोली जाँच बुझगर्न गराउन हुँदैन ---------- ३१

इति सम्वत् १९९३ साल आश्विन गते ३० रोज ६ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीः

श्री मदतिप्रचण्ड भुजदण्डेत्यादि ओजस्वि-राजन्य प्रोज्ज्वल. नेपाल तारा अतिप्रबल गोरखादक्षिणबाहु पृथु लाधीश श्री श्री श्री महाराज कुल शम्शेर जङ्गबहादुर राणा, जी. सी. बह्. यच्; जी. सी. यल्; जी. सी. यस् आई; जी. बी. यस्. यस्, यस्. यच्; जी. सी. आई. ई; पितेङ्ग पावटिङ्ग शुन चियान, लुचुर्या एयाङ्ग च्याङ्ग, आनरेरी लेफ्टेन्याण्ट जनरल ब्रटिश आर्मि. आनरेरी कर्णेल अफ अल दि गोरखा राइफल रेजिमेण्टस इण्डियान आर्मि. प्राइममिनिष्टर याण्ड सुप्रिम कम्याण्डर इन-चीफ का हुकुम

र

श्रीमन्महाराजकुमारकुमारात्मज श्रीसुप्रदीप्तमान्यवर नेपालतारा सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु कम्याण्डर-इन-चीफ जनरल पद्मसम्शेर जङ्गबाहादुर राणा, जी. बी. ई; के. सी. एस्. आई; के. सी. आई. ई. नेपाल प्रताप बर्द्धकका मर्जि मुताबिक

कौसलगार्फत् जारी भएको

ब्राह्मण क्षत्रियहरूको व्यवहारको

किताब.

"पशुपति-छापाखाना" मा छापियो

सम्वत् १९९३ साल,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



उमान्द आमाल [illegible] साह व्रतबन्ध समेत इत्यादि बेप-
हार गर्दा सुनासीब मार्फतकको गनु पर्ने काम चलाउने आवस्यकीय काम
मात्र नगरी अनेक किसीम घाट सडक पदाई काम काज गरे बाट ज्यादा ख-
र्च हुनगई कोही दुनीयाको हालत कम् हुने र खर्चगर्न मसक्ने दुनीयाले
बेपहार चलाउन यसकी सडका पीर परेको बेहोरा जाहेर भएको र अफिसर
हाकीमहरूले पनी सो परेमा खर्च घटाई व्यपहार चलाउन पाए हुदोहो भ-
नी बिन्ती चढाएकोले समेत सबै दुनीयामा सुविस्ता हुवस मन्वा निमित्त
गर्नुपर्ने विषाहा व्रतबन्ध समेत व्यपहार गर्दा सुनासिब माफिकको सम्म ख-
र्च मरी काम चलाउने गनोठाई ठालु इजतदारहरू र अरूको सगेत जजस्को राय
सिकाउनुपर्छ सिकाई पन्दोपर मिलाई चाहे
जाहेर गर्नु भन्न्या हामी थी ३ महाराज घाट हुकुम भयसे यमोजिम पीहावरी समेतको व्यवहारमा सावीक गर्ने गरी आएको सी-
म चक्रन खेचमा फती फर्ती सम्म गर्ने गर्दा सुनासिब माफीकमै व्यवहार नरोकी काम चलेन र पैसामा कीफायत हुने हुन्छ सा-
बीक गरी चलिआएकोमा घटाउने छोटयाउने समेत तजवीज गरी कौसल मार्फत जाहेर भर्नु भन्या ३ सदाफा ब्राह्मण क्षौमाजु-
ब्राह्मण क्षेत्री श्रेष्ट जातहरू समेत इजनदार ठालु भलादमीहरूका नाउमा १ छापैमै गया यमोजिम आज्ञा आज्ञा आतमा गरी
चर्को आएकोमा घटाई छोट्याई किफायत साथ काम गरेपनी कर्म काण्ड नछुट्ने भनी राए लेखि जाहेर गरेकोमा कुनैको कु-
नै किसिम कुनैको कुने किसिम सँग रखिएको बाट सबै काम कुराको सबैको राएमा पर्ची नपरेको सबैको मिलान भएको दे-
खिएन आपनी व्यवहारमा खर्च घटाई काम गर्ने गराउनामा सबैको राए मिल्दा भएको देखिनाले राएमा एक मिलान गरन
ब्राह्मण क्षौमाजु क्षेत्री श्रेष्ट जातहरू जातपीछे १०।८ जनालाई कौसलमा राखी छल फल गर्दा आज्ञा आज्ञा आतमा
गनु चलाउनु पर्ने देखामिस्खिले सडक पदाई आएका बपसीलका कुरामा बपसील यमोजिम छोट्याई किफायत गरी गर्ने भएमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनी कर्मकाण्डमा नहुदेन अरुपनीकैगरी चलीआए बमोजिमगरे हुने मन्त्याएकै राए कायम् भएको बेहोरा कौशलमार्फत् ज मयो तमसुक द्वारा रेती दुनिआहरूलाई सुम्पिस्ता हवस भन्ने खातीर तपसीलमा लेखिए बमोजिम ब्राह्मण क्षेत्री ज हरूले अवउप्रान्त व्यवहार गर्नेमा तपसीलका कुरामा तपसील बमोजिम र अरू कुरामा सौंचोक गरी चली आए बमोजिम गर्नु पसीलका कुरामा तपसील बमोजीम मन्दा बढाई काम गर्नपाउँदैनौ सो भन्दा बढाई कामगरे गराएमा अदलका जैन बमोजिम जाए हुनेछ तपसीलमा लेखिएका काम काममा र सो देखि बाहेक अरू काम काज गर्दा समेत कर्मकाण्ड नहुदने बरी मुर किरिकाएत गरी व्यवहार छोड्याई गर्ने गरी पाउनको हाकिम् अफिसरले जाहेरगरेको र छोड्याई काम चलाउने राए समेत देखिदि मोजिम हुनसकेसम्म छोड्याई घटाई गर्ने गरी पञ्चसेकोछ अवउप्रान्त ब्राह्मण क्षत्रिहरूले काम काज गर्दा गराउदा यो इस्तीहा लेखिएकोमा नबढाई भएसम्म घटाइ काम चलाउनु यो भन्दा बढाई काम काज गरे गराएको ठहरे अदलका जैन बमो सुजाय हुनेछ ——————————————————————

तपसील.

छट्टी न्वारान छैठी सुभेत काम काम्मा र अतवन्ध पिताको या मजुरमा समेत मरकीलेजीव भएन र नौ नहुने आवस्यकी मानिसबाहेकबढी मानिस निमन्त्रणामने औ पञ्चबाजा बाहेकअरूकिसिम्को बाजाहरू बजाउनदीनसमेतहुँदैन पाम्मीमा मात खुवाउन आउने र अतन्धपा भिक्षादिनेले रु१ देखी बढी राखन खुवाउन हुँदैन ——————— १

कन्याको छैठा छिनजोंदा नभै नहुँने चाहिने किसिम्का मानिस बढीमा चारजना सम्म जानहुन्छ तेसभन्दा बढी मानिस जान पठाउन हुँदैन सो जानेलाई दुलहितर्फबाट पानमसाला सम्मदी सनमानस्वरी दक्षिणामा बढीमा रु।५० सम्म दिनु लिनु सो देखीबढी दिनुलिनुहुँदैन ——————— २

साईपाटा लैजादा लग्नपत्रका साथ सगुनका निमित्त पाहुनाको साग र रोटीमा दनेउरा र शेख कसार बेही फल फूल समेतगरी ६ किस्ती सम्म र उखु दही माछा सम्म लैजानहुन्छ सो लैजादा पत्रसमेत लिजानेहुनाले ब्राह्मण चारजना सम्म जानहुन्छ सो भन्दा बढीमाल लैजान र मानिस जान पठाउनसमेतहुँदैन ———————

अन्त बाहा पञ्चबाजा र कुमलेबाजासम्म लैजानहुन्छ सो बाहेक अरू किसिम्को बाजाहरू लैजान बजाउनदीनहुँदैन ———

जन्तमा चाँदिकोठेकि फलैन नामादान र चाँदिकोबिट् गजुरमा सुनको या मोलम्बामएको र तास कीनखापको झण्डारेका लैजान पठाउनहुँदैन छाता लैजानखोजनेले लेखिएबेखि बाहेक सादा काठको दन्डी भएको कपड़ाको छाता सम्म लैजान कलस्यौंली मल्यौंली बढीमा ५ पाँचजना सम्मलैजान पठाउनहुन्छ सो भन्दाबढी लैजान् पठाउन हुँदैन ———

जन्तजोंदा दिउँसै लैजानेभनु जन्तमा गोटरलरी बगिलैजानहुँदैन डोलि तामदान फारपेट बलीनकाट् सम्म लैजान पठाउनहुन्छ

जन्तलैजोंदामा गुरु प्रोहित बाजु भाई भाञ्जा भाञ्जि समेत आफ्ना नातेदार र नभै नहुने टोले छिमेकी बाहेक अरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरी कुलजम्मा १०० जवान्सम्ममा नबढाईलैजानेगर्नु सो भन्दाबढी जवान् लैजान पठाउनहुँदैन ——— ८

दुलहालाई तास किनखाप रेसमी सकलिढाका बाहेक अरू किसिम्का कपड़ाको लुगा र कोट् इष्टकोट् समेतको पोसाक वा जामा पगरी टोपी फेटामात्र लाउनदिनु ——— ९

दुलहिलाई विवाहका दिन बढीमा साधारण दुईजोर लुगा र एकजोर चोखो धोती चोलो र आफ्नै घरमा भएकाले नत्य तिलहरी ढुङ्ग्री औंठी र सिरमा लाउने र नाडीमालाउने १ थोक गहना सम्म सुनको र चाँदिको कल्ली बालासम्म पहिराउन हुन्छ सो भन्दाबढीदिन लैजान पहीराउनहुँदैन ——— १०

दुलहा दुलहि लाई जुत्ता १।१ जोर सम्म दिनु ——— ११

३ सहरकाले जन्तगएका बरियातलाई टाढापरी फर्कन नभ्याई रातबस्नेलाई दुलही तर्फबाट बेलुका १ छाक ख्वाउन सत्कार गर्न हुन्छ नजिकमा भए दुलाहा र कल्सेउली मड्यौली बाजाबजाउने मारिबोक्ने नोकरान बाहेक अरूलाई दुलहा तर्फबाटपनी ममलासम्मदी सनमान्गर्नु भोजभतियार ख्वाउन र भोजभागदीनहुँदैन भोलिपल्ट दुलहातर्फबाट जन्तेबाखोख्वाए हुन्छ रातबसेमा पनी दुलहीतर्फबाट ख्वाउनदिन हुँदैन पाहाडकालेभए आफ्ना आफ्ना चलन बमोजिम् दुलहीतर्फबाट जन्त आउनेहरूलाई खुवाउनपनीहुन्छ ——— १२

शृङ्गारको सराजाममा काँचकोचुरा,पोते र धागो सिंदूर,सिम्रीक अैना टिका बाँसको कांग्यो थाँक्रो सम्म गच्छे अनुसार सुन चाँदी हस्तीहाड् बाहेक अरू बट्टा भाडामा राखी लैजान पठाउनहुन्छ सो देखिबाहेक अरू शृङ्गार सामान् लैजान पठाउनहुँदैन १३

दुलहा दुलहीलाई विवाहकादीन पठाउनमा [illegible] गहना बालगिरीली दिई पहिराउन लाउन हुँदैन १४

दुलहालाई दुलहिकोबाबुले ३ सहरभित्र कसै कसैले लुगा १ जोरदीने चलन्भएको र पाहाडतर्फ चलन्नभएकाले पाहडतर्फकालेचलन् चलाउन र दीनुहुँदैन लुगादीने चलन् भएकालेपनी अघी पछि समेत लाउनहुने किसिंको मैलपोस सुरुवाल कोट् ईष्टकोट् वा जामा पगरी धोती उपर्ना छाता जुत्ता सुनको औंठी एक सम्म दिनहुन्छ सो भन्दाबढी विवाहका दिनमा दिनहुँदैन — १५

दुलहाको परणी घुल्यर्क बिष्टर औ आचल गाठोपार्ने जुठोख्वाउने गोडाधुने काम्मा कलम्पिछे १रु भन्दाबढी दिन लिन हुँदैन ——— १६

कंन्यादान प्रतिष्ठामा मोरु १। देखि मोरु २५। सम्मको सुन दानप्रतिष्ठादिने र गोदान्मा गाइनै वा निग्रह राखी दान् गर्नेहुन्छ दान्प्रतिष्ठामा लेखिए भन्दा बढी दिनहुँदैन ——— १७

दुलही अन्माएपछी समधिमेट गर्दा मोरू १ सम्म राखी ढोगभेट् गर्नु सो भन्दा बढी राखन हुँदैन ——— १८

गोड्धुवादिंदा घरका आमा बाबुहरूले तामाको गाग्री खडकुलो झारी समेत चाँदी बाहेक अरू धातुको एक जोर भाडा बर्तन्सम्म दिनुहुन्छ सो भन्दा बढी राखनदिनहुँदैन ——— १९

विवाहामा काठ्का सादा सन्दूस,कंतुर वा ट्रंक बाकस सम्म र दुई जोर लुगा र धोती चोलो एक जोर सम्म दिनहुन्छ सो भन्दा बढी दिनहुँदैन ——— २०

दुलहीको मुखहेर्दा पायीमर्दा चुल्ठो जोड्दा सासुहुनेलाई बुहारीले ढोग भेट् गर्दा समेत रु १,१ सम्म राखन रखाउन हुन्छ सो भन्दाबढी नगदी र सुन असर्फिगिनी दीन राखनहुँदैन ——— २१

विवाहका भोलि पल्ट जुवाञी छोरीलाई भेट गर्न पठाऊदा खाने रोटी १ किस्ती र अचार तरकारी फलफुल मसला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१ किस्ती सम्म दान पठाउनहुन्छ सो मन्दा बढि लैजान पठाउन हुँदैन ——— २२

धर्मगोटो बाँधदा रु १ सम्म राखन हुन्छ सो मन्दा बढि राखन हुँदैन ——— २३

दुलाहा दुलहीलाई सुवर्णीलाई बढिमा रु १ सम्म दक्षिणा दिनहुन्छ सो भन्दा बढि दक्षिणा दिनहुँदैन ——— २४

सोह्रदिने भाद्र गर्दा साह्रपाटा पठाउदा सट्टु रोटी फल फुल समेत गरी १ किस्ती सम्म र उसु दही माला सम्म लैजान हुन्छ सो भन्दाको लैजान लानहुँदैन. ——— २५

दुरागमन अर्थात् खाजा खाउनेमा खानेकुरा रोटी १ किस्ती तरकारी अचार फल फुल मसला १ किस्ती मात्र लैजाने पठाउनेगनु भेटी दक्षिणामा रु १ सम्म दिनु लिनु सो भन्दा बढि दिन लिनहुँदैन ——— २६

सगधिनीलाई तिजमा दर पठाउदा खाने रोटी १ किस्ती अचार तरकारी फलफुल मसला १ किस्ती सम्म लैजान पठाउन हुन्छ सो देखि बढी लैजान पठाउन हुँदैन ——— २७

बालबच्चा मेसर कपडान मीरसुब्बा सम्मका जागीरदारले आफ्नु वा भाई छोरा छोरी नाती नातिनी समेतका विहेमा जनयुवा हुनेले झलरझाल छाता न्याना मोटरलैजान र दुलहा दुलहिलाई समेत लुगादिनेमा आफुसँगभएको लुगासुकै लुगा लगाउनदिन औं कनाट फार्नेसबाजा बजाउन लैजान हुन्छ ——— २८

माथि दफा दफामा लेखिए देखि बाहेक अरू कुरामा साविकगरी चलिआए बमोजिम मरसक घटाई गर्ने गर्नु ——— २९

माथि दफा दफामा लेखिएको काम काम्मा र सो देखि बाहेक अरू कामकाज गर्दा सबैलाई कर्म कायड गर्नुपर्ने गरी मरसक मिलाएर गर्नु नेपालमा छोड्नाई कामकाज गर्नु गर्नुपर्ने कामकाज हुनपर्ने कुनैनेपाल छोड्नाई पर्ने गर्नु ——— ३०

ब्राह्मण र क्षत्री जातले समेत माथि दफा दफामा लेखिएका काम कुरामा दफा दफामा लेखिए भन्दा बढि किसिम सँग मडक बढाई काम काज गर्नेलाई अदलका ऐन बमोजिम सजाय हुनेछ सो सजाय गर्नालाई एकदम जाचपर्ने गर्दा काम गरेकिदिने पनी सम्भव भएकाले तिनुसहरमीत्रकालाई पुलिसहरूले पाहाडकालाई अड्डाखानाहरूले देखिने कुरामा सम्म हेरदेखुनी हुन भन्दा बढाई मडक बढाई कामगरेको देखीएमा सो कामको हुक्पे मानिसलाई सुनाई कामचलाउन लगाई बढी कामगरेमा कामसेकपछि झिकाई अदलका ऐन बमोजिम सजाय गर्नेछन् कामै रोकीने गरी जाचगर्न मपाउने गरी चक्सेकालें कामरोकन र बन्द भएका संदुस बाकसहरू खोली जाच पुरगर्न गराउन हुँदैन. ——— ३१

इति सम्वत् १९९१ साल [illegible] गते ३० रोज [illegible]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय अभिलेखालयमा संरक्षित तिब्बती वाङ्मय विवरण

✍ *लोचावा पुण्यप्रसाद पराजुली* *

परिचय

ईशाको सातौं शताब्दीको पूवार्द्धमा तिब्बतमा संभोट लिपिको विकास भए पछि त्यस लिपिमा शुरुमा संस्कृत भाषाबाट अनुदित ग्रन्थहरू लेखिए । राजा स्रङचेन गम्पो (सन् ६१७-६५०) को अनुरोधको तिब्बती मन्त्री थोन्मी संभोटले उत्तर भारतका विभिन्न लिपिहरूको अध्ययन गरी तीस वर्ण भएको संभोट लिपिमा सर्वप्रथम आर्य अवलोकितेश्वर सम्बन्धी लघु ग्रन्थहरू अनुवाद भएका थिए जसमा नेपाली विद्वान् शीलमञ्जु, भारतीय विद्वान् कुसर आदिले अनुवाद कार्यमा तिब्बती अनुवादकलाई सघाएका थिए । नेपाली राजकुमारी भृकुटीको पनि उक्त अनुवाद कार्यमा प्रत्यक्ष योगदान थियो । त्यस पछि शुरु भएको अनुवादको क्रम चौधौं शताब्दीसम्म तीव्र रूपमा अगाडि बढ्यो भने बीसौं शताब्दीसम्म पनि फाटफुट भइरहेका छन् ।

अनुवादको साथै तिब्बती विद्वान्हरू नुव्छेन साङगे येशे (सन् ८४१-) रोङशोम पण्डित (सन् १०१२-१०८८), सावया पण्डित (सन् ११८२-१२५१), भुतोन रिन्छेन डुव् (सन् १२९०-१३६४) चोंखपा (सन् १३५७-१४१९), पाँचौ दलाइ लामा (सन् १६१७-१६८२) आदि लेखकहरूले थुप्रै मौलिक ग्रन्थहरू तिब्बती भाषामा लेखे । त्यसको अलावा तेर्तोन साङ्गे लामा (सन् १०००-१०८०) ले सर्वप्रथम जमीनमुनि निधि (तेर) को रूपमा राखेका ग्रन्थ निकाले पछि हालसम्म लाखौंको संख्यामा त्यस्ता पवित्र निधि ग्रन्थहरू निस्कीसकेका छन् भने हाल पनि तिब्बत र नेपालको विभिन्न भू-भागबाट त्यस्ता ग्रन्थहरू निस्कने क्रम जारी छ । जमीन, पानी, आकाश र मनबाट निधि अन्वेषकहरू (तेर्तोन)ले निकालेका त्यस्ता ग्रन्थहरूलाई तिब्बती भाषामा तेर्मा भनिन्छ ।

**बौद्ध अनुसन्धानकर्ता तथा अनुवादक*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाल राष्ट्रिय अभिलेखालयको तिब्बती शाखामा संस्कृत आदि भाषाबाट अनुदित, तिब्बती लेखकहरूका मौलिक र निधिको रूपमा पत्ता लगाइएका ग्रन्थहरू राखिएका छन्। यस्ता ग्रन्थहरू छापिएका र हस्तलिखित गरी दुई खाले छन्। हाल हस्तलिखित ग्रन्थहरूको सूचीकरण गर्ने काम भइरहेको हुनाले मूलतः त्यसरी पाइएका ग्रन्थहरूको विषयमा परिचय दिने काम यस लेखमा गरिन्छ।

तिब्बतमा अनुदित वाङ्मय

तिब्बतमा बौद्ध ग्रन्थहरूको अनुवाद गर्नकै लागि शुरुमा लिपि बनाइएको हुनाले भारतीय भाषाहरूबाट अनुदित ग्रन्थहरूलाई सर्वोत्तम भनिन्छ। त्यस्ता अनुदित बौद्ध ग्रन्थहरूलाई पनि बुद्धवचन अनुवाद (काग्युर) र बौद्धशास्त्र अनुवाद (तेन्ग्युर) गरी दुई ग्रन्थ संग्रहमा संकलित गरिएको छ।

भगवान बुद्धका विनय, प्रज्ञा पारमिता, तन्त्र आदि विषयका वचनहरू संस्कृत र पाली भाषाबाट तिब्बतीमा अनुवाद गरिएको छ। बुद्धकै मुखबाट निस्केका मानिने त्यस्ता ग्रन्थहरूलाई भारतवर्षमा त्रिपिटक (सूत्र, विनय र अभिधर्म)को रूपमा संग्रह गरिएको छ। तिब्बतमा चाहिँ वज्रयान बौद्धधर्मको अभ्यास गरिने भएको हुनाले तन्त्रहरूलाई पनि बुद्ध वचनकै रूपमा स्वीकार गरिन्छ। ईशाको सातौं शताब्दीदेखि चौधौं शताब्दीसम्म अनुवाद भएका वचनलाई तिब्बती विद्वान् भुतोन (सन् १२९०-१३६४) ले विभिन्न वर्गमा वर्गीकरण गरी १०३, ठेली ग्रन्थहरूलाई काग्युरको रूपमा छपाए। उनले गरेको वर्गीकरण अनुसार बुद्ध वचनलाई विनय, प्रज्ञा पारमिता, अवतंशक, रत्नकुट, सूत्रवर्ग, तन्त्र, प्राचीनतन्त्र र धारणी संग्रहमा बाँडिएको छ। हाल राष्ट्रिय अभिलेखालयमा दुई सेट काग्युर रहेका छन्।

बुद्ध वचनलाई स्पस्ट बनाउने अभिप्रायले भारतीय आचार्यहरू अश्वघोष, नागार्जुन, आर्यदेव, असङ्ग वसुवन्धु, धर्मकीर्ति, चन्द्रकीर्ति, शान्तिदेव, शात्तरक्षित, अतीश दीपंकर आदिले लेखेका बौद्ध ग्रन्थहरूलाई बौद्धशास्त्र (तिब्बतीमा तेन्चो) भनिन्छ। तिनीहरूलाई तिब्बतीमा अनुवाद गरे पछिको संकलनलाई तेन्ग्युर (बौद्धशास्त्र अनुवाद) भनिन्छ। हाल २२५ ठेलीमा तेनग्युर संग्रह पाइन्छ। भुतोन रिन्पोछेले तेन्ग्युरलाई स्तोत्र, तन्त्रव्याख्या, प्रज्ञापारमिता, माध्यमिक, सूत्र टीका, योगाचार, अभिधर्म, विनय, जातक पत्र, प्रमाणशास्त्र, व्याकरण, चिकित्साविद्या, शिल्पविद्या, नीतिशास्त्र, विश्वशास्त्र, अतीशकृत ग्रन्थ खण्डको रूपमा बाँडेका छन्। भारत वर्षमा लुप्त भएका धेरै दार्शनिक ग्रन्थहरू यो संग्रहमा सुरक्षित छन्।

तिब्बती लगायत सम्पूर्ण हिमाली भेगमा काग्युरलाई संविधानको रूपमा र तेनग्युरलाई ऐन कानूनको रूपमा लिइन्छ। यी दुवै ग्रन्थका विस्तृत सूची लिपि पनि हाल उपलब्ध छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिब्बतमा निधि (तेरमा) वाङमय

तिब्बतमा ईशाको आठौं शताब्दीमा बौद्ध धर्मलाई दिगो रूपमा फैलाउने उडीयानका गुरु पद्मसंभवले भविष्यका बौद्धमार्गीका लागि हिमाली क्षेत्रका विभिन्न स्थानमा राखेका पवित्र निधि ग्रन्थहरू विभिन्न शताब्दीका निधिअन्वेषकहरूले निकालेर प्रचार गरेका छन् । त्यस्ता निधि अन्वेषकहरूमध्ये एक सय आठ जनालाई मूल मानिन्छ । नेपालका पहाडी इलाकाका वहुसंख्यक तामाङ, गुरुङ तथा ह्योल्मो समुदायमा रिग्जीन गोदेम चेन (सन् १३३७-१४०८) ले ल्हासाभन्दा उत्तरतर्फको ठाउँवाट निकालेका निधि (भ्याङ्तेर) को आधारमा धर्म अभ्यास तथा पूजाआजा हुन्छ । हाल राष्ट्रिय अभिलेखालयमा ३ सेट पूरै भ्याङतेर निधि ग्रन्थहरू संरक्षित छन् भने त्यसभित्रका प्रचलित फुटकर कर्मकाण्ड ग्रन्थहरू सयौंको संख्यामा छन् ।

नेपालको शेर्पा तथा अन्य हिमाली र पहाडी बौद्ध समुदायमा प्रचलित रिग्जीन ज्याछोन न्यीङपो (सन् १५८५-१६५६) का ६ वटा ठेलीमा संग्रहित बौद्ध ग्रन्थहरू पनि चार सेट अभिलेखालयमा सुरक्षित छन् । हिमाली क्षेत्रका न्यीङमा र काग्यु दुवै परम्परामा प्रचलित कोन्छोग च्यीदुई (त्रिरत्न समुच्चय) पनि ज्याछोन न्यीङयोले पत्ता लगाएको निधि भित्रै पर्दछ ।

न्यीङमा परम्परामा अत्यन्तै गम्भीर मानिने महासन्धि (झोग्छेन) को चार वर्ग पनि यहाँ छन् । न्यीन्थीग याब्सी नामले प्रसिद्ध उक्त अभ्यास विषयक ग्रन्थहरूमा पद्मसंभव र विमलभित्रका मूल ग्रन्थहरूको अलावा लोङछेन्या (सन् १३०८-१३६३) का व्याख्या ग्रन्थहरू पनि समाविष्ट छन् ।

यमान्तक विषयका धुमग्या शाङठोमका दुर्लभ ग्रन्थको अलावा सिक्किममा अत्यधिक प्रचलित ल्हाचुन नाम्खा जिग्मे (१५९७-१६५०) का निधि ग्रन्थहरू पनि यहाँ सुरक्षित छन् । अन्य निधि अन्वेषक तेर्दाग लिङ्पा (१६४६-१७१४) नेपाली विद्वान् डारी पन्छेन (सन् १६४०-१६८५), पाँचौ दलाइ लामा (१६१७-१६८२), गुरु छोवाङ (१२१२-१२७०) आदि प्रसिद्ध गुरुहरूका निधि ग्रन्थहरू राष्ट्रिय अभिलेखालयमा रहेका छन् । हरेक गुरुका एकभन्दा बढी सेटहरू यहाँ पाइने भएकाले ग्रन्थ सम्पादनको लागि आवश्यक पाठ भेद हेर्न पनि सकिन्छ । सम्पूर्ण ग्रन्थमध्ये दुई तिहाइ ग्रन्थहरू निधि वाङमयसंगै सम्बन्धित छन् । सूचीपत्र तयार भईसके पछि राष्ट्रिय, अभिलेखालय, निधि साहित्यको अध्ययनमा विश्वकै उत्कृष्ट भण्डार हुनेछ ।

तिब्बतको मौलिक लेखन

तिब्वती लिपिको प्रचलन भइसके पछि तिब्वतीहरूले विभिन्न विधामा आफैंले पनि मौलिक रचनाहरू लेख्न थाले । लेखन पद्धतिमा भारतीय प्रभावचाहिँ प्रशस्त पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बीसौं शताब्दीसम्मै काव्य रचना गर्दा भारतीय काव्यशास्त्र ग्रन्थ काव्यादर्श (न्येन डाग मेलोङ) को प्रभाव पाइन्छ । विशेष गरी सन् १९७० को दशकदेखि मात्र प्रवासमा रहेका तिब्बती तथा चीनको तिब्बतमै रहेका तिब्बतीहरूले नयाँ शैलीहरूमा कविता लेख्न थालेका छन् । तिब्बत, नेपाल, भुटान, भारत आदि क्षेत्रका बौद्ध विद्यालय (लोण्डा) तथा महाविद्यालय (शेडा) हरूमा हालसम्म पनि काव्यादर्श र यसका विभिन्न टीकाहरूको अध्ययन अनिवार्य छ । काव्यशास्त्रमा आधारित साक्या पण्डित, लोङछेनपा, पाँचौं दलाई लामाका ग्रन्थहरू यहाँ उपलब्ध छन् ।

तिब्बतीहरूले लेखेको पहिलो मौलिक पुस्तक तिब्बती व्याकरणसँग सम्बन्धित थोन्मी संभोटको सातौं शताब्दीको पुस्तक हो । आठ अध्यायमा लेखिएको उक्त ग्रन्थका सुम्चुप्र (त्रिंशिका) र ताग्जुग्पा (लिङ्गावतार) मात्र हाल उपलब्ध छन् । एघारौं शताब्दी पछि भारत वर्षमा प्रचलित चान्द्र, सारस्वत र कलाप व्याकरणको आधारमा थुप्रै तिब्बती व्याकरण ग्रन्थहरू लेखिएका छन् । सितु धर्माकर (सन् १६९९-१७७४) डुल्छु धर्मभद्र (सन् १७७२-१८५१) आदि व्याकरणहरूका मौलिक ग्रन्थहरू हाल राष्ट्रिय अभिलेखालयमा छन् । भारतवर्षमा हाल प्रचलित पाणिनीको अष्टाध्यायीको तिब्बती अनुवाद पाइए पनि तिब्बतमा विशेषत चान्द्र व्याकरणकै प्रभाव बढी पाइन्छ ।

तिब्बती लेखकहरूको अर्को क्षेत्र इतिहास हो । तिब्बतमा सन् ८४१ भन्दा पहिले फैलेको बौद्ध धर्मलाई पुरानो अनुवादमा आधारित डाग्युर न्यीङमा र पुनरुत्थान पछिको अनुवादमा आधारित बौद्ध धर्मलाई सारग्युर सार्मा भनिन्छ । बौद्ध धर्मको श्रोत भारतवर्ष भएकाले तिब्बती इतिहासकारहरू आफ्नो धर्मको इतिहास लेख्दा भारतबाट शुरू गर्छन् र क्रमैसँग आफ्नो समयसम्म आइपुग्छन् । त्यस्ता प्रसिद्ध इतिहासकारहरूमा भुतोन (१२९०-१३६४) रातो पुस्तकका लेखक छाल्पा कुन्गा दोर्जे (१३०९-१३६४), नील पुस्तकका लेखक शोन्नु पाल (१३९२-१४८१), पाओ चुग्लाग ठेङवा (१५०४-१५६६), तारानाथ (१५७५-१६३५) थुकुआन छोक्यी न्यीमा (१७३७-१८०२), दुज्झोम रिन्पोछे (सन् १९०४-१९८७) पर्छन । भारत तथा नेपालका लुप्त ऐतिहासिक तथ्य पनि यी तिब्बती इतिहासकारहरूका ग्रन्थबाट पत्ता लगाइएका छन् । सन् १६०८ मा लेखिएको भारतमा बुद्धधर्म नामक लामा तारानाथको इतिहास ग्रन्थबाट भारतका थुप्रै कुराहरू पत्ता लगाइएको छ ।

इतिहासभित्र पनि ध्याल्राव (राजवंशावली), धेव्थेर (ऐतिहासिक दस्तावेज), धेनराव (विहारका उपाध्यायहरूको जीवनीक्रम), धुङराव (वंशावली), छोज्युङ (धार्मिक इतिहास), नाम्थार (गुरुहरूको जीवनी), तेन्ची (ऐतिहासिक घटनाक्रम) आदि विषय समावेश भएका हुन्छन् । यी विषयहरूमा केन्द्रित थूप्रै पुस्तकहरू राष्ट्रिय अभिलेखालयमा पाइएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिब्बती लेखकहरूको अर्को क्षेत्र चिकित्सा विद्या हो । आयुर्वेद उपचार पद्धतिमा आधारित आम्ची विद्यालाई चीनका शासक माओत्सेतुङले सम्म पनि प्रशंसा गरेका छन् । यस विषयमा युथोग योन्तेन गोन्पो (सन् ७०८-८३३), भ्याङपा (१४ औं शताब्दी), देस्रि साङ्गे ग्याछो (सन् १६५३-१७०५) आदि लेखकहरूले थुप्रै आयुर्वेदीय उपचार पद्धतिका पुस्तकहरू लेखेका छन् । आर्युवेदसंगै ज्योतिष शास्त्रलाई पनि एकैसाथ राख्ने चलन छ । ज्योतिषको राम्रो ज्ञान नभइकन सफल वैद्य हुन नसकिने भएकाले भैषज्य विद्यासंगै ज्योतिषको पनि अध्ययन गरी पुस्तकहरू लेखिएका छन् । भारत वर्षको ज्योतिषमा आधारित श्वेत ज्योतिष (कार्ची) र चिनीया ज्योतिषमा आधारित कृष्ण ज्योतिष (नाग्ची) का ग्रन्थहरू पनि थुप्रै राष्ट्रिय अभिलेखालयमा उपलब्ध छन् ।

तिब्बतमा हेतु विद्या (छेमा रिग्पा), शब्द विद्या (डारिग्पा), अध्यात्मविद्या (नाङदोन रिग्पा), चिकित्सा विद्या (सोरिग्पा) र वास्तुविद्या (सो वा रिग्पा) मा निपूण व्यक्तिलाई मात्र पण्डित भन्ने पद्वी दिइने भएकाले तिब्बती विद्वान्हरू यी पाँचवटै विद्या स्थान (क्षेत्र) हरूमा कलम चलाउँछन् । यस्तो पद्वी पहिलोपल्ट काश्मीरी पण्डित शाक्य श्री भद्रले सन् १२०४ तिर कुन्गा ग्याल्छेन (११८२-१२५१) लाई दिएका थिए जसले गर्दा पछि उहाँ साक्या पण्डितको नामले प्रसिद्ध हुनुभयो । त्यसपछि वोदोङ छोग्ले नाम्ग्याल (१३०६-१३८६), डारी पन्छन (सन् १६४०-१६८५), पर्छन रिन्पोछे (१५६७-१६६२) जस्ता विद्वान्हरूलाई पण्डित भनिन थालियो । यी विद्वान्हरूले विभिन्न विद्यामा लेखेका ग्रन्थहरू राष्ट्रिय अभिलेखालयमा पाइन्छन् ।

बोन धर्मका ग्रन्थहरू

तिब्बतमा बौद्ध धर्म प्रवेश गर्नुभन्दा पहिलेदेखि प्रचलित धर्मलाई बोन धर्म भनिन्छ । तिब्बत लगायत नेपालको हिमाली तथा पहाडी क्षेत्रमा यो धर्मको बलियो पकड छ । यसमा पनि पशुवली गरिने कालो वोन (वोननाग्) र पशुवली नगरीने सेतो वोन (वोन कार) गरी दुई प्रकार छन् । नेपालको डोल्पा र मुस्ताङ जिल्लामा सेतो बोन परम्पराका थुप्रै गुम्वा र अनुयायीहरू छन् । काठमाण्डू उपत्यकाको इचंगु नारायण क्षेत्रमा ठूलो वोन गुम्वा छ जहाँ नेपालको हिमाली भेगका विद्यार्थीहरू उल्लेख्य मात्रामा अध्ययन गर्छन् ।

कालो वोन धर्मका ग्रन्थहरू हुन्नन् तर सेतो वोन धर्मका हजारौंको संख्यामा पुस्तकहरू छन् । नेपालको डोल्पावाट भारत लगिन लागेका वोन धर्मका ग्रन्थहरू हाल राष्ट्रिय अभिलेखालयमा छन् । वोन ग्रन्थहरूको अध्ययन र अनुसन्धानका लागि यो ठाउँ उपयुक्त स्थान हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपसंहारः

हाल राष्ट्रिय अभिलेखालय स्थित तिब्बती ग्रन्थहरूको सूचीकरणको कार्य जारी रहेको हुनाले विभिन्न विधाका ग्रन्थहरूको यकिन संख्या बताउन नसकिए पनि मोटामोटी विषयवस्तु यहाँ देखाउन खोजिएको छ । हालसम्मको कार्यबाट तिब्बती वाङ्मयका सबै पक्षका ग्रन्थहरू यहाँ पाइएका छन् । तिब्बती मात्र नभई हाम्रो नेपाली संस्कृति र इतिहासको अध्ययनमा राष्ट्रिय अभिलेखालयको तिब्बती फाँटको भूमिका उल्लेखनीय छ । यो विश्वस्तरकै तिब्बती वाङ्मयको भण्डार हो भन्नुमा दुईमत नहोला ।

सन्दर्भ ग्रन्थहरू

1. A complete catalogue of Tibetan Buddhist canons, Edited by Prof. Hakuju vi etc. Tahoku Imperial University: Sendai, Japan 1934
2. Tibetan Literature, studies in genre Edited by Jose Ignacia Cabezon and Roger R. Jackson, Snowlion 1996
3. Smith, E. Gene: Among Tibetan Texts Wisdom, 2001
4. Rinpoche, Tulku Thondup: Hidden Teachings of Tibet, Wisdom 1986

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय अभिलेखालय- हिजो, आज र भोलि

✍ बलराम दास डंगोल *

वि.सं. २०२४ सालमा कार्यालयस्तरमा जन्मेको राष्ट्रिय अभिलेखालय आज ३८ वर्ष पूरा गरेर ३९ वर्षमा प्रवेश गर्दैछ। ३८ वर्ष पूरा गरेको अभिलेखालयका कार्य प्रगतिको मूल्याङ्कन गर्दा के हामी सन्तोषको श्वास लिन सक्छौं ? यसको मूल्याङ्कन गर्दा यसले ३८ वर्ष भित्र के गऱ्यो ? त्यसको कार्यविधि केलाउन वाञ्छनीय हुन्छ। २०२४ सालदेखि २०३३ सालसम्म अर्थात् ९ वर्षसम्म अभिलेखालयको नेतृत्व संस्कृत साहित्यको विद्वान्का हातमा रह्यो जसलाई आधुनिक अभिलेखालयको काम, कर्तव्य वारे राम्रो जानकारी भएन। साच्चै भन्ने हो भने अभिलेखालयको स्थापना नै आधुनिक अभिलेखको संरक्षण र संवर्द्धन गर्नको लागि नभएर त्रिचन्द्र कलेजस्थित वीर पुस्तकालयमा अव्यवस्थित रूपमा रहेका प्राचीन हस्तलिखित ग्रन्थहरू (अन्दाजी २०-२५ हजार) व्यवस्थित तरिकाले राख्नको लागि वर्तमान नयाँ भवनको निर्माण गरिएको थियो। भवनको निम्ति आवश्यक आर्थिक रकम भारतीय सहयोग मिशनबाट उपलब्ध भएको थियो। तत्कालीन भारतीय सहयोग मिशनका प्रमुख डा. भन्डारकर प्राच्य विद्याका विज्ञ थिए। प्राचीन हस्तलिखित ग्रन्थहरू प्रति वहाँको विशेष अनुरागको प्रमाण नै वर्तमान भवनको उपज हो। तर भवनको नामाकरण गर्दा हस्तलिखित पुस्तकालय नभनेर राष्ट्रिय अभिलेखालय भनियो। अतः राष्ट्रिय अभिलेखालयको जन्म नै विभिन्न मन्त्रालयहरूमा अव्यवस्थित रूपमा रहेका कागजातलाई व्यवस्थित राख्न र पुराना कागजहरू अनुसन्धानकर्ताहरूलाई उपलब्ध गराउन नभई प्राचीन हस्तलिखित ग्रन्थहरूको संरक्षण गर्नु रह्यो। त्यसैले यस कार्यमा दूतता आउन सकेन। कच्छप गति नै यसका विशेषता भयो। तर राष्ट्रिय अभिलेखालयको नामाकरणले गर्दा यस संस्थाप्रति थप दायित्व पनि थपिन गयो।

---

*पूर्व प्रमुखः राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेखसंग सम्बन्धित दुईवटा संस्थाहरू छ । एउटा अन्तर्राष्ट्रिय अर्को क्षेत्रीय । यी दुवै संस्थाहरूको मूल उद्देश्य आधुनिक अभिलेखहरूको संरक्षण तथा सम्वर्द्धन गर्नु हो ।

अन्तर्राष्ट्रिय संगठनः

सन् १९४८ मा यूनेस्कोको आह्वानमा विश्वका प्रमुख देशहरूका अभिलेख विशेषज्ञहरूको एउटा बैठक फ्रान्सको राजधानी पेरिसमा बस्यो । विश्वका अभिलेखालयहरूको संघ स्थापना गर्ने निर्णय भयो । यही अभिलेखालयहरूको विश्व संगठनलाई अन्तर्राष्ट्रिय अभिलेख संघ भनिन्छ । छोटकरीमा यसलाई ICA (International Council on Archives) भनिन्छ ।

२०२४ सालमा (१९६७ ई.) राष्ट्रिय अभिलेखालयको स्थापना भए पछि नेपालले पनि यस संघको सदस्यताको लागि आवेदन दियो र सदस्य पनि भएको छ ।

क्षेत्रीय संगठनः

अन्तर्राष्ट्रिय अभिलेख संघको धारा १० अनुसार ICA को विधान अन्तर्गत रही क्षेत्रीय अभिलेखालयहरूको संघको स्थापना गर्न सक्ने प्रावधान छ । यही प्रावधान अन्तर्गत सन् १९७६ (२०२३ वि.सं.) मा दक्षिण-पश्चिम एशियाली मुलुकहरूको अभिलेखालयहरूको संघ स्थापना भयो । यसलाई छोटकरीमा **स्वारविका** भनिन्छ । (South and West Asian Regional Branch of the International Council on Archives) नेपाल स्वारविकाको संस्थापक सदस्य रहेको छ । राष्ट्रिय अभिलेखालय कार्यालय स्तरको भएकोले यसको प्रतिनिधित्व पुरातत्त्व विभागबाट भएको थियो ।

नेपाल-जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजनाः

प्राचीन विद्याको अध्ययन अनुसन्धानका लागि जर्मनीमा एउटा संस्था छ जसलाई जर्मन ओरियन्टल सोसाइटी भनिन्छ । राष्ट्रिय अभिलेखालयमा रहेका हजारौं मूल्यवान हस्तलिखित ग्रन्थहरूप्रति यस सोसाइटीको आकर्षण बढ्यो । फलतः जर्मन ओरियन्टल सोसाइटीले यहाँका ग्रन्थहरूको सुरक्षार्थ एउटा प्रस्ताव पुरातत्त्व विभागमा पेश गऱ्यो । यस प्रस्ताव अनुसार सम्पूर्ण ग्रन्थहरूको माइक्रोफिल्म गर्ने र मूल ग्रन्थहरूलाई नष्ट हुनबाट बचाउन रसायनिक प्रक्रियाबाट सुरक्षित राख्ने । यो गरिदिए वापत जर्मन ओरियन्टल सोसाइटीलाई माइक्रोफिल्मको एक प्रति दिने । यस सम्झौता अनुरूप 'नेपाल-जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना (NGMPP)' खडा भयो । आरम्भमा यो परियोजना ५ वर्षका लागि (२०२७-०३२) भएको थियो । पछि सम्झौता प्रत्येक ५ वर्षपछि बढाएर २०४७ सम्म पुऱ्याईयो । यस बीस वर्षको अवधिमा जर्मन ओरियन्टल सोसाइटीले नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधिराज्यभरको संस्थागत तथा व्यक्तिगत स्वामित्वमा रहेका हस्तलिखित ग्रन्थहरू तथा अन्य सान्दर्भिक कागजातका माइक्रोफिल्म गर्ने कार्य सम्पन्न गरियो ।

नेपाल ICA को सदस्य भएको नाताले नै युनेस्कोले राष्ट्रिय अभिलेखालयको विकासका लागि प्रतिवेदन पेश गर्न श्रीलंकाका अभिलेख विशेषज्ञ डा. देवराजलाई पठायो र वहाँकै सिफारिस अनुसार अभिलेख संरक्षणका लागि चाहिने आवश्यक संरक्षण सामग्री प्राप्त भयो । संरक्षणको कार्य सूचारूपूर्वक संचालन गर्नको लागि अभीलेखालयको एक प्राविधिकलाई युनेस्कोले बेलायतमा प्रशिक्षण पनि दियो ।

यसरी राष्ट्रिय अभिलेखालयले स्थापना भएको पहिलो दशकमा आफ्नो संस्थाको उद्देश्य अनुरूप प्रगति गर्न नसकेता पनि यसले यसतर्फ केही नगरेको भन्न मिल्दैन । यस संस्थालाई आफ्नो कार्यप्रति अगाडि बढ्नमा समय-समयमा श्री ५ महाराजाधिराज सरकारबाट अभिलेखसम्बन्धी बक्स भएका निर्देशनहरूले ठूलो टेवा पुऱ्याएको छ । उदाहरणका लागि २०३० र २०४२ सालको निर्देशनलाई लिन सकिन्छ । २०३० को निर्देशनको सार यस प्रकार छ ।

(क) श्री ५को सरकारको सचिवको बैठकले महत्त्वपूर्ण तथा सुरक्षित राख्नुपर्ने अभिलेखहरूको वर्गीकरण गर्ने ।

(ख) कागजातको महत्त्व अनुसार दुई वा तीनप्रति बनाउने र अलग-अलग ठाउँमा राख्ने ।

(ग) सक्कल प्रति आगोबाट बचावट गर्न Fire Proof दराजहरूमा राख्ने प्रबन्ध गर्ने ।

२०४२ सालमा राष्ट्रिय अभिलेखालयबारे बक्स भएको निर्देशनहरू:

(क) हालको भवनबाट पुरातत्त्व विभागलाई अन्यत्र सार्ने । अभिलेखालयको कामलाई क्रमशः उद्देश्य अनुरूप विस्तार गर्दै लैजाने ।

(ख) राष्ट्रिय अभिलेखालयमा के-कस्ता अभिलेखहरू पठाउने बारेमा श्री ५ को सरकारको मन्त्रालय र अभिलेखालयबीच छलफल गरी अभिलेख पठाउने आधार र कार्यविधि स्पष्ट गराउने र सोही अनुरूप क्रमशः अभिलेख उपलब्ध गराउँदै जाने यसको समन्वय मन्त्रीपरिषद् सचिवलायले गर्ने ।

(ग) आवश्यक दक्ष जनशक्तिको आपूर्ति क्रमशः गराउँदै लैजाने र छात्रवृत्तिहरू उपलब्ध गराउने ।

यसरी २०४२ सालको निर्देशनलें अभिलेखालयलाई आफ्नो कार्य अनुरूप काम गर्न हौसला मिल्यो । फलतः एउटा लामो कसरत पछि २०४६ सालमा मात्र अभिलेख संरक्षण ऐन पारित हुन सक्यो । यस ऐनको आगमनले अभिलेखालयलाई आफ्नो उद्देश्य अनुरूप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कार्य गर्न मार्ग प्रशस्त फराकिलो भयो । ऐनलाई पूर्णरूपमा कार्यान्वयन गर्न नियमावलीको आवश्यकता पर्दछ तर ०४६ सालमा ऐन पारित भएता पनि आजसम्म नियमावली पास हुन सकेको छैन । यो अभिलेखालयको निम्ति वडा दुःखदायी अवस्था हो । २०४७ सालसम्म अभिलेखालयको नेतृत्व प्रशिक्षित अभिलेख विशेषज्ञको हातमा थिएन । तर २०४८ देखि अभिलेखालयको नेतृत्व प्रशिक्षित अभिलेख विशेषज्ञको हातमा आयो । अझ केही वर्षसम्म अभिलेखालय हाकिम पनि अभिलेख विशेषज्ञ र पुरातत्त्व विभागको महानिर्देशक पनि अभिलेख विशेषज्ञ नै हुनुहुन्थ्यो । यो समय अभिलेखालयको विकास (२०५७-२०५९) लाई एकदम अनुकूल थियो । यस कालमा नेतृत्वले चाहेको भए अभिलेख संरक्षण ऐनको नियमावली पास गराउन सक्दथ्यो र २०४२ सालको निर्देशनलाई मार्गदर्शनको रूपमा लिएर अभिलेखालयको स्तर वृद्धि गर्न सक्दथ्यो ।

यस समयको सदुपयोग नहुनु अभिलेखालयको दुर्भाग्य नै भन्नुपर्छ । यसको पूर्णरूपमा विकास नहुनुको कारण केलाई हेर्दा मूलतः निम्न परिस्थिति देखापर्छन् ।

नेपालको विशेष भौगोलिक अवस्था

नेपालको विशेष भौगोलिक बनावटले, यसको इतिहासको धारा दक्षिण एशियाका मुलुकहरूको राजनैतिक तथा आर्थिक धाराहरूभन्दा छुट्टै आफ्नै मौलिक किसिमको हुन पुग्यो । यसबाट नेपाललाई राजनैतिक तथा आर्थिक फाइदा वेफाइदा दुवै भयो । नेपालले आफ्नो राजनैतिक स्वतन्त्रता अक्षुण्ण राख्न सकेता पनि विकासको दाँजोमा भने पछाडि नै रह्यो । आज नेपाल प्रगतिको हरेक क्षेत्रमा पछाडि पर्न गयो भने अभिलेख र अभिलेखालयको क्षेत्रमा पनि यसको छाप प्रष्ट देख्न सकिन्छ ।

नेतृत्व र प्रोत्साहनको कमी

अभिलेख विषय आफैंमा त्यति आकर्षक विषय होइन । यसले महत्त्वाकाङ्क्षी प्रशासकलाई आकर्षित गर्न सक्दैन भन्ने पनि चलन छ । Archirist has to play with dead files and no one would like to play with the dead । त्यसैले आरम्भमा प्रशिक्षित जनशक्तिले कार्यालयमा प्रवेश गरेता पनि यसको विकासमा ठोस योगदान पुऱ्याएनन् । माथिल्लो तहका अधिकारीहरूबाट पनि यो नौलो संस्थाले आफ्नो विकासमा ठोस प्रोत्साह पाउन सकेन ।

भोलिको अभिलेखालयलाई हामी एउटा अनुसन्धानमूलक संस्थाको रूपमा पूर्ण विकशीत भएको हेर्न चाहन्छौं । २१ औं शताब्दीको चुनौतीहरूलाई यसले पनि सामना गर्नुपर्ने हुन्छ । विभिन्न मन्त्रालयहरूका एक विशेष अवधिभन्दा पुराना कागजातहरू यहा स्वतः आउने व्यवस्था होस् अभिलेखालयले ती कागजातको सुरक्षात्मक पद्धति अपनाए पछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुसन्धानकर्ताहरूलाई उपलब्ध गराइयोस् । यी कार्यहरू सुचारु ढंगबाट संचालन गर्न प्रत्येक मन्त्रालयमा एउटा अभिलेख शाखा हुनपर्दछ । यस शाखाको सम्बन्ध अभिलेखालयसंग निरन्तर हुनुपर्दछ ।

नेपाल अधिराज्यलाई ५ विकास क्षेत्रमा विभाजित गरिएकोले अभिलेखालयको पहलमा ५ क्षेत्रीय अभिलेखालयको स्थापना हुनुपर्दछ ।

स्थानीय स्वशासन सम्बन्धी अभिलेखालयको स्थापना:

स्थानीय स्वशासन राजनैतिक शिक्षाको प्रथम पाठशाला हो । अतः नेपाल अधिराज्यभरी स्थापना भएका नगरपालिका, जिल्ला विकास समितिका अभिलेखहरू व्यवस्थित ढंगबाट राख्ने कार्य राष्ट्रिय अभिलेखालयको अग्रसरतामा हुनु पर्दछ । एशियाली मापदण्ड अनुरूप अभिलेखालयको विकास पनि हुनुपर्ने भएकोले अभिलेखालयमा नयाँ आयमहरू थपिनु पर्ने हुन्छ । जस्तै कम्प्यूटरको माध्यमबाट सामग्रीहरूको अध्ययन । ध्वनि संकलनको व्यवस्था । फोटोग्राफिक प्रीन्ट तथा पुराना-पुराना नक्साहरूको संकलन आदि ।

कतिपय देशहरूमा राष्ट्राध्यक्षको अभिलेख शाखा खोलेको जस्तै अभिलेखालयले पनि राजाको Archives को स्थापना गर्ने कार्यमा अग्रसरता लिनु पर्दछ । उपरोक्त आकारमा अभिलेखालयलाई सञ्चालन गर्न अभिलेखालयले निम्न कार्यहरू शीघ्रता शीघ्र गर्नुपर्ने हुन्छ ।

(क) अभिलेख संरक्षण ऐनलाई पूर्णरूपमा लागू गर्न नियमावली पारित गर्नुपर्ने

(ख) ऐनलाई कार्यान्वयन गर्न चाहिने थप जनशक्तिको सिर्जना हुनुपर्ने ।

(ग) अभिलेखालय प्रति जनरूचि बढाउने कार्यक्रमहरू । जस्तैः अभिलेखसम्बन्धी प्रदर्शनी, गोष्ठी, लेख प्रकाशन आदि हुनुपर्ने ।

(घ) अभिलेखसम्बन्धी पठनपाठनको व्यवस्था त्रि.वि.वि. इतिहास तथा संस्कृति विभागसंग सम्पर्क राखी १०० वा ५० पूर्णाङ्कको पाठ्यक्रममा समावेश गराउन अभिलेखालयले पहल गर्नुपर्ने ।

(ङ) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले श्री ५ को सरकारमा भर्ती हुने नयाँ अधिकृतहरूलाई प्रशानिक ट्रेनिङ दिने गर्दछ । यस ट्रेनिङमा अभिलेखको महत्त्वको केही पाठ्यांश राख्नुमा निरन्तरता दिन अभिलेखालयले पहल गर्नुपर्दछ ।

(च) २०४२ सालको निर्देशनमा परिसकेको अभिलेखालयको भौतिक सुविधा विस्तारको विषयलाई कार्यान्वयन गर्न पहल गर्नुपर्छ ।

आशा छ, वर्तमान नेतृत्वलाई यी उपरोक्त कार्यहरू गर्नमा सफलता मिलोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रमिक रूपमा संकलनमा आएका अभिलेखहरूको माइक्रोफिल्म विवरण

✍ गोविन्द घिमिरे *

माइक्रोफिल्मको माध्यमबाट प्राचीन ग्रन्थ तथा कागजातहरूको अभिलेख संरक्षण गर्ने कामको प्रारम्भ व्यवस्थित एवं विधिवत रूपमा "श्री ५ को सरकार, राष्ट्रिय अभिलेखालय र नेपाल-जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना (NGMPP)" को संयुक्त प्रयासमा वि.सं. २०२७ साल देखि २०५७ सालसम्म संचालित यस परियोजनाबाट यस अवधिभरमा एकलाख एकासीहजार ग्रन्थ र कागजातहरूको माइक्रोफिल्ममा संरक्षण भै सकेको छ।

संकलनमा आएका संरक्षित माइक्रोफिल्महरूमध्ये नेपालका विभिन्न स्थान, व्यक्ति, संस्था, गुम्बा तथा श्री ५ को सरकारका विभिन्न निकायहरू जस्तै- तत्कालीन वीर पुस्तकालयको हस्तलिखित ग्रन्थहरूको संग्रह, केशर पुस्तकालयका हस्तलिखित ग्रन्थहरूको संग्रह, भद्रकाली गुठीमा रहेका हस्तलिखित कागजातहरूको संग्रह, केही पशुपतिनाथ गोश्वारा गुठीका हस्तलिखित कागजात/ताम्रपत्रहरूको संग्रह त्यस्तै त्रिभुवन विश्वविद्यालयको पुस्तकालयमा संग्रहित हस्तलिखित ग्रन्थहरूको संग्रह र परराष्ट्र मन्त्रालयबाट प्राप्त केही कागजातहरूको संग्रह आदि पर्दछन्।

राष्ट्रिय अभिलेखालयको भण्डारमा व्यवस्थित एवं सुरक्षित रूपले मूल (Original) रूपमै संग्रहीत महत्त्वपूर्ण ग्रन्थ एवं कागजातहरूमा धर्मशास्त्र (यस अन्तर्गत वेद, व्याकरण, स्तोत्र र कर्मकाण्ड विषयका समेत गरी झण्डै ७८९४ थान हस्तलिखित ग्रन्थ), तन्त्रशास्त्र (यस अन्तर्गत वैष्णवतन्त्र, बौद्धतन्त्र, शैवतन्त्र, तान्त्रिक कर्मकाण्ड, स्तोत्र तथा आयुर्वेद विषयका समेत गरी करीव ६७३९ थान हस्तलिखित ग्रन्थहरू), ज्योतिषशास्त्र (यस अन्तर्गत इतिहास, कथा, काव्यशास्त्र, पुराण, माहात्म्य नीति, साहित्य, संगीत, रामायण, हिन्दी अलंकार तथा ऐन कानून समेत गरी करीव ६२८२ थान ग्रन्थहरू), दर्शनशास्त्र (यस

*प्रमुख छविकार: राष्ट्रिय अभिलेखालय।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्तर्गत न्याय दर्शन, वैशेषिक दर्शन, योग दर्शन, पूर्व मीमांशा, वेदान्त दर्शन, शैव दर्शन, वैष्णव दर्शन, बौद्ध दर्शन, बौद्ध कर्मकाण्ड, बौद्ध जातक, बौद्ध धर्मशास्त्र, बौद्ध कथा धारिणी, बौद्ध स्तोत्र, बौद्ध संगीत, बौद्ध चित्र तथा ग्रन्थ लक्षण विषयका समेत गरी करीब ३२७० थान हस्तलिखित ग्रन्थहरू), तिब्बति शाखा (यस अन्तर्गत संकलनमा रहेका विविध विषयका तिब्बति लिपिका ग्रन्थहरू झण्डै ११७२ पोकाका रूपमा संग्रहीत छन् जस्मा मुद्रित, ब्लक प्रिन्ट तथा हस्तलिखित सबै पर्दछन्), अभिलेख (विषय) शाखा (यस अन्तर्गत ऐतिहासिक चिट्ठीपत्र, लालमोहर, निजामती किताबखानाको रेकर्ड रजिष्टर, ०३६ साल (जनमत संग्रह) को मतदाता नामावलीहरूको रजिष्टर, पृथ्वीनाराण शाहको दिव्योपदेश, भूमि सम्बन्धी तमसुक, ताडपत्र, शिलालेखको उतार, २०१९ देखि यताका गोरखापत्र, २०४७ सालको संविधानको मस्यौदा तथा छलफलका लागि पेश भएका कागजातहरू, निर्णय पुस्तिका आदि सम्बन्धी कागजातहरूको संग्रह छन्) जसको अधिकांश भाग माइक्रोफिल्ममा संरक्षण भैसकेका छन् ।

माथि उल्लेख भएका विविध विषयका ग्रन्थ र कागजातहरूको मूल रूपमा राष्ट्रिय अभिलेखालयमा व्यवस्थित रूपले सुरक्षित भण्डारण गरिएको छ जस्लाई माइक्रोफिल्म वा आवश्यकता अनुसार मूलवाट पनि अध्ययन गर्न सकिन्छ । तर यस वाहेकका राष्ट्रिय अभिलेखालयको संकलनमा मूल रूपमा नभएका ग्रन्थ र कागजातहरूको भने केवल माइक्रोफिल्मको माध्यमबाट मात्र अध्ययन गर्नुपर्ने बाध्यता रहन्छ । माइक्रोफिल्म भै सकेका ग्रन्थ तथा कागजातहरूको व्यवस्थित रूपमा अधिकांशको प्रारम्भिक सूचीकरण भै सकेको हुनाले सम्बन्धित विषयगत शाखाहरूबाट इच्छित ग्रन्थ वा कागजातको माइक्रोफिल्म रील नम्बर प्राप्त गरी अध्ययनार्थी अनुसन्धानकर्ताले माइक्रोफिल्म शाखामा आई इच्छित विषयको माइक्रोफिल्म अध्ययन गर्न सकिने व्यवस्था रहेको छ ।

राष्ट्रिय अभिलेखालयमा यस वाहेक पनि समय-समयमा छिटफुट रूपमा विभिन्न महानुभावहरूबाट आफैं आइ वा प्रतिनिधि पठाइ वहाँहरूको संकलनमा रहेका विविध विषयका महत्त्वपूर्ण ग्रन्थ तथा कागजातहरूलाई माइक्रोफिल्ममा संरक्षण गर्न आग्रह हुने गर्दछ । यसरी आएका कागजातहरूको अध्ययन र मूल्याङ्कन गर्दा आवश्यक र महत्त्वपूर्ण ठहरीएमा मात्र नियमानुसार माइक्रोफिल्म तैयार गरी मूल प्रति सम्बन्धितलाई नै फिर्ता बुझाउने र त्यसको एक प्रतिलिपि माइक्रोफिल्म रिलमा वा रीडरप्रीन्ट (कागजमा) निःशुल्क प्रदान गरिने व्यवस्था रहेको छ ।

यसरी समय-समयमा उपलब्ध भएका कागजातहरूको माइक्रोफिल्म बनाई सूचीकृत गरी व्यवस्थित रूपमा सुरक्षित भण्डारण गरिन्छ । यस प्रकार उपलब्ध कागजातहरूको माइक्रोफिल्म संग्रहलाई "X" बाट नामाकरण गरिएको छ । वि.सं. २०५३ देखि आजसम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छिटफुट रूपमा प्राप्त करीव २०५ थान हस्तलिखित ग्रन्थ तथा अभिलेखहरूको माइक्रोफिल्म रील संख्या जम्मा १२ पुगेको छ। यसरी संकलनमा आएका माइक्रोफिल्म सम्पदाहरू जिज्ञासु अनुसन्धानकर्ता, विद्यार्थी वा पाठक महानुभावहरूलाई महत्त्वपूर्ण अध्ययनको विषय समेत हुने ठानी यसको संक्षिप्त विवरणात्मक सूची सर्वप्रथम यहाँ प्रकाशित गरिएको छ।

"X" सीरीज अन्तर्गत छिटफुट रूपमा संकलनमा आएका विविध विषयका ग्रन्थ तथा कागजातहरूको संख्यात्मक र विषयगत विवरण निम्न रूपमा भएको पाइन्छ।

विषय	थान	विषय	थान
महात्म्य	१	फार्छेपत्र	५
लालमोहर	३०	भर्पाइ	२
चिट्ठीपत्र	१६	ताम्रपत्र	२३
रुक्का पत्र	१	शिलापत्र	७
रिपोर्ट	१	तमसुकपत्र	६
सन्धिपत्र	१	२०४७ सालको संविधान सम्बन्धी	५
स्तोत्र	३	कवुलियतनामा	११
पुराण	२	ज्योतिष	३
सनद (एक छापे, दुई छापे समेत)	१७	बौद्ध	१४
श्याहा मोहर	१	नाटक	१
कर्मकाण्ड	३	आयुर्वेद	२
चिना	१	कर्मकाण्ड	१३
टिपोट	१	गुठीपत्र	१
धर्मपत्र	१	विविध विषयका अभिलेख	३३

"X" सीरीजको यस संकलनमा लिपिका दृष्टिले पनि महत्त्वपूर्ण रहेको पाइन्छ जस्मा भिन्न-भिन्न लिपिहरूका अभिलेख पाइन्छ जस्तैः-

१) देवनागरी

२) नेवारी (प्रचलित, भूजिमोल आदि समेत)

३) रञ्जना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) तिब्बति

५) रोमन

त्यसैगरी "X" सीरीजको संकलनमा सबैभन्दा पुरानो ग्रन्थमा नेपाल संवत् ६६५ को तमसुक अभिलेख (X4/15) ग्रन्थ रहेको छ।

यसैगरी यो संकलनमा सबैभन्दा बढी व्यक्तिगत रूपमा ग्रन्थ र कागजातहरू माइक्रोफिल्ममा संरक्षण गर्न दिनुहुने श्री सुशीलविक्रम थापा हुनुहुन्छ।

यस संकलनमध्ये अहिलेसम्म सर्वाधिक चासो राखि अध्ययन तथा प्रतिलिपि माग भएको अभिलेखमा नेपाल अधिराज्यको संविधान २०४७ सम्वन्धी कागजातहरू पर्दछन्। जसको संक्षिप्त विवरण निम्नानुसार छ -

रिल नं. X 7/1 - नेपाल अधिराज्यको संविधान २०४७ को मस्यौदा तयार पार्ने क्रममा संविधान सुझाव आयोगका बैठकमा भएका छलफलहरू (पृष्ठ संख्या ११५०)

रिल नं. X 7/2 - संविधान सुझाव आयोगका बैठकहरूमा छलफलका लागि पेश भएका कागजातहरू (पृष्ठ संख्या २१४)

रिल नं. X 7/3 - संविधान सुझाव आयोगका बैठकहरूको निर्णय पुस्तिका (पृष्ठ संख्या २११)

रिल नं. X 7ii/4 - श्री ५ महाराजाधिराजका हजुरमा चढाएको प्रतिवेदन (पृष्ठ संख्या ३४)

रिल नं. 7ii/5 - नेपाल अधिराज्यको संविधान (मस्यौदा र व्याख्यात्मक टिप्पणी (पृष्ठ संख्या ७८+८५)

यथासंभव पाठकहरूको सुविधालाई ध्यानमा राखी समग्र रूपमा "X" सीरीजसंग सम्बन्धित निम्न अनुसारको तालिका यहाँ प्रस्तुत गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Microfilm– X Series को विवरण

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण / अपूर्ण	श्रोत	कैफियत
X 1/1	ज्योतिष	ज्योतिष विषयको किताव (ठ्यासफु)	५४	संवत् ८९९	नेवारी	ने.का.	अपूर्ण	उल्लेख नभएको	
X 1/2	नाटक	गीति नाटक (रागमाला) (ठ्यासफु)	५५	–	"	"	"	"	
X 1/3	बौद्धग्रन्थ	स्वयम्भू पुराण	५५	–	"	"	"	"	
X 1/4	"	चण्डमहारोशण तन्त्र	२०	–	"	"	"	"	
X 1/5	आयूर्वेद	आयुर्वेद दोष वृद्धि लक्षण (बैद्य विनोद)	७०	–	दे.ना.	"	पूर्ण	"	
X 1/6	"	सापर्ण दर्पण (चिकित्सा खण्ड) (लेखक- नन्ददेव नारायण)	१११	–	"		"	"	
X 1/7	बौद्धग्रन्थ	बौद्ध स्तोत्र (लेखक- जितेन्द्र मान)	७	–	ने.अ.	"	अपूर्ण	"	
X 1/8	"	पंचरक्षा महायान सूत्र	१४०	संवत् ८३३	"	"	पूर्ण	"	
X 1/9	"	देव प्रतिष्ठा लक्षण	११४	संवत् ८३०	"	"	"	"	
X 2/2	"	आयं ध्वजाग्रकेचरोनाम धारणि	६	–	"	"	"	"	
X 2/3	"	प्रज्ञापारमिता	१९०	–	"	"	अपूर्ण	"	
X 2/4	"	परमार्थ नाम संगिती	१८	–	"	"	पूर्ण	"	
X 2/5	"	चन्द्र महारोशन साधन	१२	–	"	"	"	"	
X 2/6	"	प्रज्ञापारमिता	६४	–	"	"	अपूर्ण	"	
X 2/7	"	स्वयंभू उत्पत्ति कथा स्वयंम्भू पुराण	२२०	–	"	"	पूर्ण	"	
X 3/2	कथा	सुवर्ण केशरानीको कथा	१००	–	"	"	पूर्ण	त्रि.अ.वि. भन्सार कार्यालय	
X 3/3	बौद्धग्रन्थ	आर्य पञ्चविसंतिका प्रज्ञापारमीता (आर्य उषविष विजयनाम धारणी	१०३	संवत् ८०१	रञ्जना	नीलपत्र (स्वर्णाक्षर)	"	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र_सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 3/4	बौद्धग्रन्थ	सतसाहस्रीका द्वितीय खण्ड	३५६	सं. ८०१	ने.अ.	ने.का.		"	निवास मल्ल
X 4/2	ज्योतिष	१९३५ को पञ्चाङ्ग		वि.सं. १९३५	दे.अ.		पूर्ण	"	
X 4/3	भूमि सम्बन्धी तमसुक	हाकुजा भाडले मेताज भाजुलाई जग्गा बिक्री गरेको सम्बन्धी	१	ने.सं. ७२२	ने.अ.	ताडपत्र		"	
X 4/4	"	जययोग नरेन्द्र मल्लवाट विश्वनाथ वैद्यलाई लेखिदिएको	१		"	"		"	
X 4/5	"	योग नरेन्द्र मल्लले विश्वनाथ भारोलाई जग्गा दिएको	१	८१४	"	"		"	
X 4/6	"	चन्द्रमान भारोलाई ठिमीवासीले जग्गा बिक्री गरेको	१	८४८	"	"		"	
X 4/7	"	भक्तपुर क्वाथंहु टोलको वलिराम भारोलाई बिक्री गरेको	१	७७६	"	"		"	
X 4/8	"	श्रीराम भारोले आफ्नो छोरालाई दिएको अंशवण्डाको तमसुक	१	८२३	"	"		"	
X 4/9	"	भक्तपुर शिग्ने देवराम र रामकृष्णलाई जग्गा बिक्री गरेको	१	७९०	"	"		"	
X 4/10	"	भक्तपुर भागेराम भारोले भीमभारोलाई जग्गा बिक्री गरेको	१	संवत् ७८५	"	"		"	
X 4/11	"	पाटन देवनी माताज्यूले संक्रान्ती गुठीको नाममा पैसा राखिदिएको	१	संवत् ८२२	"	"		"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 4/12	भूमि सम्बन्धी तमसुक	पोकनाका कृष्ण सिङ्ग भारो र आफ्नो भाई समेतले श्रीमान् ज्यू शाक्यको पाताल भूमि किनेको	१	संवत् ८५४	ने.अ.	ताडपत्र		"	
X 4/13	"	ठिमीका हलेहल वाहादुरलाई मितासिङ्ग वाहादुरले जग्गा बिक्री गरेको	१	संवत् ८४१	"	"		"	
X 4/14	"	ललितपुरका हृदय सिंङ शाक्यलाई मालती अजिज्यू परिवारले जग्गा बिक्री गरेको	१	संवत् ७६६	"	"		"	
X 4/15	"	भक्तपुरका उल्हा सिङ्ग भारोलाई जय कृत भारोले जग्गा बिक्री गरेको	१	संवत् ६६५	"	"		"	
X 4/16	"	तवधङ चोकको किल्ला प्रमाण गरेको	१	संवत् ८६९	"	"		"	
X 4/17	"	भक्तपुरका भवानी शङ्कर भारोलाई जयराम भारोले जग्गा सुक्रि बिक्री गरेको	१	संवत् ८६१	"	"		"	
X 4/18	"	वनेपाका रुद्र मल्लले वावु राजालाई पाताल भूमि दिएको	१	संवत् ६८५	"	"		"	
X 5/1	सनद	रेसुङ्ग विष्णु पादुका गुठी	१	१९३४।१०	दे.ना.	ने.का.	पूर्ण	पिताम्वर पन्थी गुल्मी	
X 5/2	"	"	१	१९३४।९	"	"	"	"	
X 5/3	"	"	१	१९१२।११	"	"	"	"	
X 5/4	"	"	१	१८८९।१६	"	"	"	"	
X 5/5	"	"	१	१९१४।१	"	"	"	"	
X 5/6	"	"	१	१९०२।१	"	"	"	"	
X 5/7	"	"	१	१९३३।९	"	"	"	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 5/8	सनद	रेसुङ्ग विष्णु पादुका गुठी	१	१९३९।९।१०	दे.ना.	ने.का.	पूर्ण	पिताम्वर पन्थी गुल्मी	
X 5/9	"	"	१	१९७७।८।११	"	"	"	"	
X 5/10	"	"	१	१९०४।४।६	"	"	"	"	
X 5/11	लालमोहर	"	१	१९०५।४।१	"	"	"	"	
X 5/12	"	"	१	१८६१।७।८	"	"	"	"	
X 5/14	"	"	१	१९१२।८।११	"	"	"	"	
X 5/15	"	"	१	१९३६।९।५	"	"	"	"	
X 5/16	"	"	१	१९३६।९।६	"	"	"	"	
X 5/17	"	"	१	१९३९।२।८	"	"	"	"	
X 5/18	कवुलियत नामा	"	१	१९७८।१२।१५	"	"	"	"	
X 5/19	"	"	१	१९७८	"	"	"	"	
X 5/20	"	"	१	१९३६।१२।६	"	"	"	"	
X 5/21	"	"	१	१९३७।१।१४	"	"	"	"	
X 5/22	"	"	१	१९३४।१२।९	"	"	"	"	
X 5/23	"	"	१	१९३७।१।१३	"	"	"	"	
X 5/24	"	"	१		"	"	"	"	
X 5/25	"	"	१	१९३७।१।४	"	"	"	"	
X 5/26	"	"	१	१९२९।१०।५	"	"	"	"	
X 5/27	"	"	१	१९३४।१२।९	"	"	"	"	
X 5/28	"	"	१	१९८३।१०।३	"	"	"	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण / अपूर्ण	श्रोत	कैफियत
X 6/1	चिट्ठीपत्र	नालापानीको लडाइँ गढको वन्दोवस्त वारे	१	१८७१।७।८	दे.ना.	ने.का.	पूर्ण	राष्ट्रिय अभिलेखालय	
X 6/2	"	पश्चिमतिरको लडाइँ वारे र किल्ला भत्कि लड्न नसकिने भयो भन्ने वारे	१	१८७२।२।३	"	"	"	"	
X 6/3	"	अंग्रेजसंग राम नगरमा भएको लडाइँ वारे	१	१८७२।३।५	"	"	"	"	
X 6/4	"	पश्चिमतर्फको लडाइँ र किल्ला वनाएको वारे	१	भाद्र सूदि ५	"	"	"	"	
X 6/5	"	रणजित सिं कास्मीर लिने ठाउमा जाँदा हार खाएर फर्केको वारे	१	१८७१।४।६	"	"	"	"	
X 6/6	"	लुदीयानाको लडाइँ वारे माथवर सिं थापा आफैंले पठाएको खवर मुख जवानी विष्णुदत्त पाठक र पद्मावती पाठक	१	–	"	"	"	"	
X 6/7	"	कर्णेल विन्सन वर्मा प्रस्थान गर्‍यो भन्ने वारे लोकरमण उपाध्याय पठाउने	१	१८९५।४।१	"	"	"	"	
X 6/8	"	वलरामपुरको लडाइँ वारे पठाउने सिंहविर पाण्डे वुटवल	१	१८९८।९।११	"	"	"	"	
X 6/9	"	रिपुमर्दन थापाले पठाएको नालापानीको लडाइँ र दूनको लडाइँ र घाइते सिपाहीहरूको वारे	१	१८७१।९।१४	"	"	"	"	
X 6/10	"	नालापानीको लडाइँ वारे र कागडाका लडाइँ वारे	१	१८७१।१०।१२	"	"	"	"	
X 6/11	"	चावहिल ऐं वहालको शिलालेख उतार (राजा जय प्रताप)	१	७७५	"	शिलापत्र	"	"	
X 6/12	"	चावहिलको शिलापत्र	१	७७७	"	"	"	"	
X 6/13	"	चावहिलको शिलापत्र	१	८३५	"	"	"	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 6/14	दिव्य उपदेश	श्री ५ वडामहाराजाधिराज पृथ्वी नारायण शाहको दिव्य उपदेश	७	–	दे.ना.			"	
X 6/15	कर्मकाण्ड	श्री ३ महाराजाधिराज पृथ्वी वीर विक्रम (नित्य नैमित्य पूजा)	१	१९४२।१०।४	"	ताम्रपत्र		"	
X 7/1	संविधान	नेपाल अधिराज्यको संविधान २०४७ को मस्यौदा तयार पार्ने क्रममा संविधान सुझाव आयोगका वैठकमा भएका छलफलहरू	११५०	–	"	दे.का.	पूर्ण	"	
X 7/2	"	संविधान सुझाव आयोगका वैठकहरूमा छलफलका लागि पेश भएका कागजातहरू	२१४	–	"	"	"	"	
X 7/3	"	संविधान सुझाव आयोगका वैठकहरूको निर्णय पुस्तिका	२११	–	"	"	"	"	
X 7ii/3	"	श्री ५ महाराजाधिराजका हजुरमा चढाएको प्रतिवेदन	३४	–	"	"	"	"	
X 7ii/5	"	नेपाल अधिराज्यको संविधान (मस्यौदा र व्याख्यात्मक टिप्पणी)	७८+८५	–	"	"	"	"	
X 8/1	लालमोहर	तक्मा दिएको वारे	१	१८७२।११।१३	"	ने.का.	"	शुशील विक्रम थापा	
"	"	"	१	१८९२	"	"		"	
"	"	"	१	–	"	"		"	
"		"	१	१९०२।१०।९	"	"	"	"	
"			१	१८९१।३।१३	"	"	"	"	अस्पष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 8/1	लालमोहर	काजी अमरसिंह थापाले भादगाउको जग्गा किनी वसुन्धराको व्रत गर्न राखिदिएको	१	१८६२।८।५	दे.ना.	ने.का.	पूर्ण	शुशील विक्रम थापा	
"	"	कमाण्डर कर्णेल रणवीर सिंह थापाले फकिरहरूलाई सदावर्त दिनाका निमित्त जमिन किनी विन्ति चढाएको	१	१८९०।४।२।४	"	ताम्रपत्र	"	"	
"	"	पाँडेहरूले रुपिया लिइ	१	१८९१।४।४।५	"	"	"	"	
" "	"	पंडित विश्वामित अर्ज्यालले संवत् १८६३ मा श्री दुर्गाको शुद्ध शान्तिमा जमीनहरू संकल्प गरिदिएको	१	१८७७।९।१४	"	"	"	"	
"	"	शक्ति वल्लभ गोतामेको संवत् १८८९ का दिन श्री दुर्गाका वर्षिमा खेतहरू संकल्प गरी विर्ता गरिदिएको	१	१८९०।१०।८	"	"	"	"	
"	"	चन्द्रशेपर पंडित लमसाल संवत् १९५६ जेष्ठ शुक्ल नवमी बुधवारका दिन र इन्द्रमान पत्रीले खेतवाट हुने चामल माना संकल्प गरी खायेको	१	१८५९।२।५	"	"	"	"	
"		शिलापत्र	१	१८०९।३।५	"	शिलापत्र	"	"	
"		पेत संकल्प गरेको	१	१८८२।१२।३	"	"	"	"	
"		कर्णेल रणवीर सिंह थापाले संकल्प गरेको	१	१८८५।२।१३	"	ताम्रपत्र	"	"	
"		माथवर सिंह थापाको संवत् १९०० को ताम्रपत्र	१	१९०१	"	"	"	"	
"		ताम्रपत्र	१	–	"	"	"	"	
"		ताम्रपत्र	१	–	"	"	"	"	
"		श्री भीम मुक्तेश्वरको महास्नान गर्नलाई संवत् १८१८ मा श्री जनरल भीमशमशेर थापाले गाछ लगाएको शिलापत्र	१	१९२२।७।१५	"	शिलापत्र	"	"	
"		भीमसेन थापाले रिद्धिघाटमा श्री सत्तोश्वर महादेव स्थापना गर्न सकल्प गरेको	१	१८७९।१२।१३	"	ताम्रपत्र	"	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 8/1	लालमोहर	श्री काजी वखतावरसिंह थापाको विन्ती पत्र	१	१८७२।११।१३	दे.ना.	ने.का.	पूर्ण	शुशील विक्रम थापा	
"	चिठ्ठीपत्र	छोटा जनरल रणवीरसिंह थापालाई अपराधिहरूल भलो चाहियो भनि लेखेको पत्र	१	१८९२।११।१३	"	"	"	"	
"	तमसुक	श्री जनरल कम्याण्डर इन चीफलाई अपराधिहरूलले लेखेको	१	१७४७।७।१२	"	"	"	"	
"	भर्पाइ	श्री वज्रचाथ मिश्रले खेत संकल्प गरी सुक्रि विक्री समेत गरेको	१	१८८४।७	"	"	"	"	
"	तमसुक	रणवीर सिंह थापालाई जग्गा सुक्रि विक्री गरेको	१	–	"	"	"	"	
"	"	भीमसेन थापाको नाति, अम्वरसिंह थापाका छोरा भूपाल सिंह थापाले जग्गा सुक्री विक्री गरी दिएको तमसुक (भर्पाइ)	१	१९०२।१०।९	"	"	"	"	
"	"	श्री रणवीर थापा तथा काजि रणजित थापाका तैनाथमा संवत् १९०३ वैशाख वदि १ मा रुपैया खर्च गरी वाँकी वुझाइ दिएको तमसुक	१	१९०४।१२।१	"	"	"	"	
"	"	काजि नरसिंह थापालाई अख्तियारी गरी ९१ ९१ साल देखिको वाली छुट्याउन गरिएको तमसुक	१	१८९१।३।१	"	"	"	"	
"	"	काजि अमरसिंह थापाले श्री पशुपति, श्री गुह्येश्वरीको नाममा जग्गा संकल्प गरेको	१	१८६२।८।५	"	ताम्रपत्र	"	"	
"	"	श्री भीमसेन थापाले श्री दुर्गा स्थापना गर्न संकल्प गरेको तथा रिद्धिघाटमा श्री सत्येश्वर महादेवको स्थापना गरी गुठी राखिदिएको	१	१८७९।१२।१३	"	"	"	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण / अपूर्ण	श्रोत	कैफियत
X 8/1	"	रणवीर सिंह थापाले फकिरहरूलाई माफ गरी विर्ता वितलपंको ताम्रपत्र गरिदिएको	१	१८९०।४।२	दे.ना.	ताम्रपत्र	पूर्ण	शुशील विक्रम थापा	
"	"	रणवीर सिंह थापाले श्री सत्तोसूर महादेवको गुठी स्थापना गर्नाका निमित्त जग्गा तथा रुपैया राखिदिएको	१	१८९१।४।४	"	"	"	"	
"		गुठी चलाउन खेत संकल्प गरेको	१	१८७७।९।१४	"	"	"	"	
"		खेत संकल्प गरेको	१	१८९०।१०।८	"	"	"	"	
"		चन्द्रशेषर पंडित लम्सालले इन्द्रमान खत्रीलाई विर्ता गरिदिएको	१	१८५९।२।५	"	"	"	"	
"		कम्याण्डर कर्णेल रणवीर सिंह थापाले श्री रत्नायशोनयेश्वरका गुठी राखिदिएको	१	१८८९।३।८	"	"	"	"	
"		संकल्प गरेको पेत वक्स भएको ताम्रपत्र	१	१८८२।१२।३	"	"	"	"	
"		कम्याण्डर कर्णेल रणवीर सिंह थापाले श्री गुरु महेश्वर दत्त मिश्रज्यूले किनेको पेतको ताम्रपत्र गरिदिएको	१	१८८५।२।१३	"	"	"	"	
"		माथवरसिंह थापाले श्री भीम मुक्तेश्वर स्थापना गरी गुठी चलाउन पेत संकल्प गरेको	१	१९०१।४।३	"	"	"	"	
"		कर्णेल रणवीर सिंह थापाले जग्गा राखि गुठी चलाउन दिएको	१	–	"	"	अपूर्ण	"	
"		रणवीर सिंह थापा.....	१	–	"	ने.का.	"	"	प्रष्ट नभएको
"		श्री भीम मुक्तेश्वर गुठीको वहि वुझि गुठी चलाउन दिएको	१	१९२२।७।१५	दे.अ.	शिलापत्र	पूर्ण	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 8/1		भीमसेन थापा लगायतका व्यक्तिहरूका चित्रहरू	४ थान	–	दे.ना.			शुशील विक्रम थापा	
X 8/2	लालमोहर	श्री ५ पृथ्वी वीर विक्रमले रुप वहादुर क्षेत्रीलाई लेखिदिएको लालमोहर	१	१९६७।१०।१०	"	ने.का.	पूर्ण	"	
X 8/3	तमसुक	मुखिया वलभद्र थापा, मुखिया काशिराम कार्कीले फुलपिंका द्वाऱ्यालाई लेखेको ताम्रपत्र	१	१८२२।७८	"	ताम्रपत्र	"	"	
"	सनद	काठमाडौं लगनटोल वस्ने कर्णेलनी पद्म कुमारी थपेनी क्षेत्रीले ऐन सवालले दुनियाका विर्ता नाप जाँच गर्दा वढी भएमा वढ्ता कट्टा गरी विगो दण्ड समेत गर्ने भनि लेखिएको	१	१९७८।७।२९	"	ने.का.	"	"	
"		श्री मदिश्वर पुराणोक्त श्री कालाग्नि रुद्रपनिषद् (?)	५	१९१४।७।१५	दे.अ.	"	अपूर्ण	"	
"		पुस्तक	११२	–	"	"	"	"	
"		पुस्तक	५	–	"	"	"	"	
X 8/4	लालमोहर	भानुभक्तको पूर्खालाई उजिर सिंह थापाले जग्गा दिएको लालमोहर	१	१८८२।१२।३	"	"	पूर्ण	व्रत राज आचार्य	
X 8/5	"	उजीर सिंह थापाले पाल्पामा स्थापना गरेको श्री दुर्गाको पूजा गर्न श्री ५ राजेन्द्रवाट पेत गुठ राखेको लालमोहर	१	१८७७।१२।१३	"	"	"	कृष्ण जंग थापा	
X 8/6	"	लालमोहर	१	१८७२।११।१३	"	"	"	नेत्र विक्रम थापा	
X 9/1	कर्मकाण्ड	चुडाकर्म विधि (ठ्यासफू)	४३	–	प्र.ने.	"	"	सुजन रत्न वज्राचार्य	
X 9/2		धूमांगारी देगुलि तारारा समाधिश्व (ठ्यासफू)	११	ने.सं. १०२७।२	"	"	"	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 9/3		कलशार्चन चक्रसंवर समाधि लोकत्तर लौकिक पूजाविधि तथा वौद्ध स्तोत्र	४५	–	प्र.ने.	ने.का.	पूर्ण	सुजन रत्न वज्राचार्य	
X 9/4		सिन्ह पूजा विधि (ठ्यासफू)	१६	–	दे.ना.	"	"	"	
X 9/5		मन्त्राभिषेक पूजा विधि	११	–	"	"	"	"	
X 9/6		श्री योगाम्वर समाधि	१२	–	"	"	"	"	
X 9/7		सिन्हामध किरन दिक्ष छवि संवीरेश्वर पूजाको चर्यागीत	९४	ने.सं. १०५९	प्र.ने.	"	"	"	
X 9/8		गुणकारण्डव्यूह महायान सुत्रोधृत वोधिचर्यावतार सिक्षा संवर	२२	वि.सं. १९९९	दे.ना.	म.का.	"	"	
X 9/9		चर्यागीत पंचताल	१०	–	प्र.ने.	ने.का.	"	"	
X 9/10		सिन्हपूजा तथा (सेलागू) चर्यागीत	६३	ने.सं. १०६२	"	"	"	"	
X 9/11	जमिन्दारी दिएको	जग्गाको जमिन्दारी प्रदान गरेको रुक्का	१	वि.सं. १९९०	दे.ना.	"	"	"	
X 9/12	गुठी सम्वन्धी	गौरी शंकर गुठी, किमडाडा गा.वि.स. अर्घाखाँचीको जग्गा गुठी सम्वन्धी ताम्रपत्र	१	१८५७।१०।७	"	ताम्रपत्र	"	जंगवहादुर रायमाझि	
X 9/13	लालमोहर	युद्धमा खटि गएका भारदारहरूलाई गएको आदेश	१	१८७२।११।३०	"	ने.का.	"	नेत्र विक्रम थापा	
X 9/14	"	श्री ५ पृथ्वी वीर विक्रम शाहवाट दर्शनभेट स्वरूप भारदारहरूले रकम/टिक पठाउने वारे	१	१९२५।९।७	"	"	"	"	
X 9/15	"	श्री ५ सुरेन्द्रवाट सुवेदार राम विक्रम थापालाई फारखती दिने वारे	१	१९३८।१।३	"	"	"	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 9/16	लालमोहर	श्री ५ राजेन्द्रबाट कप्तान रघुविक्रम सिंह थापालाई फारखती दिएको वारे	१	१९२६।७।१२	दे.ना.	ने.का.	पूर्ण	नेत्र विक्रम थापा	
X 9/17	"	कर्णेल रणवीर सिंह थापाले आफ्नो व्यक्तिलाई तिरो भरो गरी जग्गा भनि दिएको आदेशको नक्कल	१	१८८९।११।२	"	"	"	"	
X 9/18	"	श्री ५ सुरेन्द्रबाट सुवेदार राम विक्रम सिं थापालाई फारखति दिएको वारे	१	१९२५।९।७	"	"	"	"	
X 9/19	फार्छेपत्र	भक्तपुर चोछेंको लक्ष्मीनारायण ताचाभदिले त्राछेंटोलको जितमानलाई लव स्वकनाको जग्गा फार्छे गरिदिएको	१	९९७।१।१२	नेवारी	"	"	शुशील विक्रम थापा	
X 9/20		लगनटोलमा रहेको सेतो मच्छिन्द्रनाथको पाइग्रा राख्ने पाटि भत्किंदा लिलाम गरेको सामान सहितको विवरण	१	१९६८।९।२३	दे.ना.	"	"	रत्नमान शाक्य	
X 9/21		काठमाडौं गोफले टोलको सत्यधर्म सिंह वाडाको जग्गा फिर्ता गरेको पत्र	१	१८४१।४।१	"	"	"	"	
X 9/22	फारफाछ्यौंट	श्री महिन्द्रदल पल्टन १८ तोपका पीपा खलासीले बुझाएको विल दापखल गरि रसिद गरिदिएको	१	१९६१।३।२१	"	"	"	"	
X 9/23	"	काठमाडौं मखनको वुधधर वाडा र इटुंवहालको हर्ख वाडाले तिर्नुपर्ने रकम फारफाछ्यौंट गरिदिएको	१	१९५२।७।७	"	"	"	"	
X 9/24	लालमोहर	काठमाडौं वटु टोलको प्रानेश्वर अवारले गोलदे टोलको सर्वसिद्धि वाडालाई जग्गा वेचेको	१	१८४४।४।१४	"	"	"	"	
X 9/25		लगन नायभाचो टोलको लक्ष्मी, हर्खनरसिं समेतले रकम सापटी लिएको भर्पाइ	१	शुभ संवत् १०११।७।७	नेवारी	"	"	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 9/26		लगनटोलका तेजमान शाक्यभिक्षुले हेलमटिलाई सापटी दिएको	१	१००३।१।८	नेवारी	ने.का.	पूर्ण	रत्नमान शाक्य	
X 9/27		शाक्यभिक्षु धिजविरले इटुंवहालको वजमुनिलाई रकम सापटी दिएको	१	९७६।५।१५	"	"	"	"	
X 9/28		सरथा टोल तवो वहालको कुरंपति शाक्यले वेखालाई रकम सापटी दिएको कागज	१	९९६।२।११	"	"	"	"	
X 9/29	भर्पाइ	कर्णेल श्री विक्रम सिंह थापा क्षेत्रीले रकम बुझाएको	१	१९३७।३।३	दे.ना.	"	अस्पष्ट	सुशिल विक्रम थापा	
X 9/30		पाटन इलाका पुलचोक ठूलो चिवहाल मुनि पाटीका भित्तामा टासिएको शिलापत्रको छापा उतार	१	८८२ पौष	प्र.ने.	दे.का.		उल्लेख नभएको	
X 9/31		भट्टचन समाजको कुलदेवता इतिहास	१		ति.	ने.का.	पूर्ण	भट्टचन समाज	
X 9/32		भट्टचन समाजको कुलदेवता इतिहास "ऋव"	१		"	"	"	"	
X 9/33		भट्टचन समाजको कुलदेवता इतिहास "ऋव"	१		"	"	"	"	
X 12/1		श्री ३ जुद्ध शम्सेरवाट जारी गरिएको गुठी जग्गा सम्वन्धी	१	१९९५ श्रावण	दे.ना.	"	जीर्ण	नानीकृष्ण पौडेल	
X 12/3	रिपोर्ट	Master Plan for the Development of Lumbini Phase II (By- Kenzo Tange & Urtec) (Printed)	९७	March 1978	अंग्रेजी	दे.का.	पूर्ण	शुक्र सागर श्रेष्ठ	
X 12/4	सम्झौता पत्र	चारखण्डी जात्रा संचालन सम्वन्धी सम्झौता पत्र	१	१९६०।११।२६	दे.ना.	ने.का.	"	रत्नकाजी मानन्धर	
X 12/5		अथदान काल	४		"	"	पूर्ण	मोहन सिं लामा मार्फत श्रीधर खनाल, काभ्रे	
X 12/6	स्तोत्र	विष्णुकृत स्तोत्र	२		"	"	"	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 12/7	स्तोत्र	श्री रंभा श्रुक संवादे श्रृंगार ज्ञान निर्णय	४	–	दे.ना.	इण्डियन	"	मोहन सिं लामा मार्फत श्रीधर खनाल, काभ्रे	
X 12/8	स्तोत्र	काल भैरवाष्टक	२	–	"	ने.का.	"	"	
X 12/9	पुराण	पुराणेसंकटा नामाष्टकं	२	–	"	"	अपूर्ण	"	
X 12/10	गीता महात्म्य	श्री वाराह पुराणे स्तूत सौनक संवादे गति महात्म्य	६	–	"	"	"	"	
X 12/11	चिट्ठीपत्र	स्वस्ति श्री काभ्रेपलाञ्चोक माल अड्डा कस्ये पत्रम्	१	१९६४।११।३	"	"	पूर्ण	"	
X 12/12	"	सिन्धुपाल्चोक माल अड्डा कस्ये पत्रम्	१	१९६५।७।२२	"	"	"	"	
X 12/13	सनद	तालुकदारी मीझारी समेतको जीतापत्रको सनद	१	१९६६।८।२४	"	"	"	"	
X 12/14	रुक्का	स्वस्ति श्री मन्महाराजाधिराज कस्ये रुक्का	१	१९९८।१।१२	"	"	"	"	
X 12/15	फैसलाको कागज	डीठ्ठा वौधमान कार्की क्षेत्री र विचारी समर वहादुर षाती क्षेत्रीले गरेको फैसला	१	१९६५।५।२४	"	"	"	"	
X 12/16	भर्पाई	चन्द्र सेतु गोदाममा वाली वुझाएको भर्पाई	१	–	"	"	"	"	
X 12/17	दर्पण	पण्डित योग प्रदीय उपाध्याय आचार्यले ब्राम्हणहरूलाई वनाई दिएको	२८	१९३९।१२।९	"	"	"	"	
X 12/18	रुक्का	स्वस्ति श्री मंमहाराजाधिराज कस्ये रुक्का	१	१८९८।१।१२	"	"	"	"	
X 12/19	एक छापे सनद	अर्घाराज्य श्री महाकालीदेवी गुठीसंथ सम्वन्धित	१	१९०९।५।३	"	"	कि.च्या.	तेजनाथ भुसाल	
X 12/20	लालमोहर	"	१	१८९०।११।६	"	"	"	"	
X 12/21	एक छापे सनद	"	१	१९०७।१।४	"	"	"	"	
X 12/22	"	"	१	१९४४।३।३	"	"	"	"	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिल नं.	विषय	विवरण	पत्र सं.	लेखन समय	लिपि	पत्रभेद	पूर्ण/अपूर्ण	श्रोत	कैफियत
X 12/23	लालमोहर	अघाराजस्थल श्री महाकालीदेवी गुठीसंथ सम्बन्धित	१	१८९०।११।६	दे.ना.	ने.का.	कि.च्या.	तेजनाथ भुसाल	
X 12/24	"	"	१	१९०२।१।८	"	"	"	"	
X 12/25	दुई छापे सनद	"	१	१९५२।१२।३	"	"	"	"	
X 12/26	लालमोहर	"	१	१८८०।९।१२	"	"	"	"	
X 12/27	दुई छापे सनद	"	१	१९३६।१०।११	"	"	"	"	
X 12/28	जग्गाको टिपोट	"	१	२००१।३।८	"	"	पूर्ण	"	
X 12/29	ताम्रपत्र बाकस	मुर्दा गुठीको पुस्तक राख्ने ताम्रबाकस (अभिलेख भएको)	१	ने.सं. १०२३।१०।१५	नेवारी	ताम्रपत्र	"	विष्णुकान्त शर्मा	
X 12/30	मञ्जुरीनामा	चरखण्डी बिस्केटजात्रामा दुइखट बनाउन लेखिएको मञ्जुरीनामा	१	२०१४।१।४	नागरी	ने.का.	"	रत्नकाजि मानन्धर	
X 12/31	"	चरखण्डी बिस्केटजात्रामा मानन्धरतर्फको डबली सारेको मञ्जुरीनामा	१	२०१४।१२।२९	"	"	"	"	
X 12/32	स्याहामोहर /रुक्कापत्र	श्री कर्णेल खड्गवहादुर कुंवर राणाजीको श्री भगवती मन्दिरसंग सम्बन्धित रुक्कापत्र	१	पौष १४ रोज २	"	"	"	तेजनाथ भुसाल	
X 12/33	कर्मकाण्ड	कालरात्री पूजा विधि	२०	वि.सं. १९६२	"	"	"	"	
X 12/34	"	दुर्गा पूजा विधि	७	वि.सं. १८८७	"	"	"	"	
X 12/35	ज्योतिष	अंग्रेजीमा लेखिएको पञ्चाङ्ग	१	वि.सं. १९७०	रोमन	म.का.	"	"	
X 12/36	कर्मकाण्ड	रेखीको चित्र समेत भएको दशैं पूजा र कालरात्री पूजा विधि	७३	वि.सं. १९७०	नागरी	ने.का.	"	"	
X 12/37	चिना	देवभगत खत्रीको चिना	१	१९४०।६।२७	"	"	"	उद्धव आचार्य	
X 12/38	धर्मपत्र	न्होजोकोवे धर्मपत्र	१ रोल	वि.सं. १८८०	"	"	"	प्रान्ती शेरचन	
X 12/39	गुठीपत्र	च्हो गुठी पत्र	"		"	"	"	"	

ने.का. = नेपाली कागज, दे.अ. = देवनागरि अक्षर, म.का. = मदेशी कागज, ने.अ. = नेवारी अक्षर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"कीडोराम महासिद्ध क्षेत्र" उल्लेखित महत्त्वपूर्ण अभिलेख र "किमडोल विहार"

✍ *सिद्धिरत्न शाक्यभिक्षु* *

राष्ट्रिय अभिलेखालयमा अज्ञात जनाइएका शिलापत्रहरूको निर्क्यौल गर्ने सिलसिलामा रेकर्ड नं. अ.सं. ४९९ मा ध्यान आकर्षित भयो। यस अभिलेखको एक स्थानमा यसरी लेखिएको छ। **श्री ३ धर्म्मधातु वागीश्वरया सन्निधानस कीदोराम महासिद्ध क्षत्रस श्री ३ बजधातु चैत्यस्याष्ठान विहार स्थापन भूमि साधनादि याङा दिन।** यसको अर्थ यस्तो हुन्छ। श्री ३ धर्म्मधातु वागीश्वरको संगै कीदोराम महासिद्ध क्षेत्रमा श्री ३ वज्रधातु चैत्यको स्थानमा विहार स्थापनाका लागि भूमी साधना आदि गरिएको दिन। यहाँ धर्मधातु चैत्य वागीश्वर भनेको स्वयम्भू महाचैत्यलाई भनेको हो र कीदोराम महासिद्ध क्षेत्र भनेको हालको किमडोल हो। अतः यस शिलापत्र स्वयम्भू स्थित कीमडोल स्थानमा हुनुपर्ने बुझिएकोले सो स्थानमा खोज्दै जाँदा किमडोल विहारको भित्तामा यो अभिलेख भेटियो। साथै यस अभिलेखमा विहार स्थापना गरिएको भूमी श्री ३ बज्रधातु चैत्यको स्थापना भनी उल्लेख गरिएको छ। कीमडोल विहारको ढोका बाहिर ठूला साना गरी ४ ओटा बज्रधातु चैत्यहरू छन्। खुशीको कुरा हो कि ने.सं. ८०७ (**वि.सं. १७४४**) **को** यस अभिलेखबाट अभिलेख नभएको यहाँको ठूलो बज्रधातु चैत्य कीमडोल विहार बनाउनु अघि नै भएको देखिएकोले **करीब ३१८** (तीनसय अठार) वर्षभन्दा पुरानो चैत्य रहेछ भन्ने सिद्ध हुन आएको छ। अर्को महत्त्वपूर्ण कुरा कीमडोल स्थानलाई बडो महत्त्व दिई कीदोराम महासिद्ध क्षेत्र भनी उल्लेख गरिएको अध्ययनको दृष्टिकोणबाट महत्त्वपूर्ण देखिएकोले यहाँ यसको चर्चा गरिन्छ। शिलापत्रको मूल पाठ र अनुवाद यस प्रकार रहेको छ।

**लिपि सहायक, राष्ट्रिय अभिलेखालय।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिलापत्रको मूलपाठ :

१) ॐ नमस्त्रिरत्न मूर्त्तये ॥ त्रिरत्नेभ्यो नमस्तुभ्यं सर्व्व दुःख निवारणं भुक्तिमुक्तिपदस्मैख्य, चिन्तामणिरिवसद्मं ॥ स्वस्ति महाराजाधिराज राज राजेन्द्र

२) श्री जयपार्थिवेन्द्रं मल्ल देवस्य विजय राज्य ॥ दानपति श्री कान्तिपुर महानगरे भास्करदेव संस्कारित, श्री केशव चन्द्रकृत पालावर्त्त महाविहार वासित

३) ङतपिथ्याछँया धर्मात्मा शाक्यभिक्षु श्री सिङ तस्य पत्नी भवानी द्वितीय नारी दारा बसुन्धरी तृतीयदारा बशु प्रथम पुत्र धर्म्मसिंह भार्या धनवती त

४) स्य पुत्र सत्य पुत्री ज्ञानेश्वरी ॥ द्वितीय भार्यायां प्रथम पुत्र पद्मपाणि पत्नी वसुंधरा तस्यपुत्र धर्म्मपाणि पुत्रि छरी द्वितीय पुत्री रत्नवती तृतीय

५) पुत्र रतीकर द्वितीय भार्यायां द्वितीय पुत्र परमगुणी दारा शुगधरी, सिंहकस्य भगिनी पूर्ण्ण पुत्री जस्यधरा पदमावती थुति प्रमुखन मन ह

६) षमान जुस्यं चोङ बेरस श्री ३ सुगतावदान पुस्तकस धाक्व फलराष कारणस श्री ३ धर्म्मधातु वागीश्वरया सन्निधानस कीदोराम महासिद्ध क्षे

७) त्रस श्री ३ बज्रधातु चैत्यस्याष्ठान विहार स्थापना भूमि साधनादि याङा दिन । श्रेयोस्तु सम्वत ८०५ कार्तिक शुक्ल पूर्णमासि रोहिणी नक्षत्रे शिव यो

८) बुधवाले थ्वकुन्हु एकाशीति कोस्टस्यदेवतापूजा, वास्तु नाग साधः वंह भूमि आघात याङा दिन जुरो ॥ तदन्तल, जांगुलि पूजा गांव संचारण ततःशु

९) चा शुभद्दवप्याथेन कामारी पूजनं सब्वैदुष्ट निवारणार्थ माराचिपताकाष्ठापन तदनत्तरं सर्व्व विघ्नो पशान्याथ्वं कोधाग्नि कृता ततन्तरं

१०) ..ना पंचासकोषुस्य कीलन पूजा भागं ग्राहयेतर थ्वनलि र पौष कृष्ण पञ्चमी हस्त नक्षेत्र शुक्रमयोग बृहस्पति बारे थ्वकुन्हु पाद

११) स्थापना याङा । थ्वनलि माध शुक्ल पञ्चमी रेवती नक्षेत्र शुभयोग, बृहस्पतिवा थ्वहुन्हु द्वार स्तम्भ स्थापना याङा तिदन्तर, गवाक्ष

१२) स्थापनं, तदन्तर चैत्रशुल्क पूर्णमासि स्वाति नक्षेत्रे सुद्धियोगे वृहस्पति वार थ्वकुन्हु शिरोदारु स्थापना याङा । थ्वनलि वैशाख शुक्ल तृतीया मृगशील नक्षेत्रे शुद्धियोगे, बृहस्पतिवार थ्वकुन्हु त्रिरत्न मुर्त्ति वज्रासन अक्षेभ्यादि महाबल, महाकार हा

१४) रीती पर्यन्तन यथाविधि शास्त्रोक्त प्रमानन स्थापना यास्यं, षडिमासे सम्पूर्ण कृतं ॥ थ्वनरि दानपति धर्मात्मा शाक्यवंशो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१५) भव सिङया मनस अतिपूण्यचित्त उत्पति जुस्यं ओयाओ शास्त्रोक्तं फल राय कामनान सर्व्व विघ्नोप्रणा न्त्यथं पद साधन

१६) नवाक्षपन पर्यन्तन, विघ्न कीलनाधिवासन, मण्डलाधिवासनादि, धारानृत्य गीतादि भूर्यादि संयुक्त याङन मण्डलाधिवास

१७) न याङा दिन जुरो ॥ थ्वनलि श्रेयोस्तु संवत ८०७ ज्येष्ठ मासे शुक्ल पक्षे पञ्चम्यान्तिथौ पुनर्वसू नक्षेत्रे ग

१८) ण्ड योगे कथाकर्ण्ण मुहुत्ते, शुक्रवार सरे, मिथुनराशिगते सवित्रि, कर्कट राशि गते चन्द्रमसि, थ्वकुन्हुया शु

१९) बेरास अग्नि स्थापना याङा दिन जुरो ॥ थ्वनलि ज्येष्ठ मासे शुल्क पक्षे अस्ठम्यातिथौ मेधा नक्षेत्र व्याघात योगे यथा

२०) कर्ण मुहुतै सोमवासरे मिथुन राशि गते सविति, सिंह राशि गते चन्द्रमसि थ्यकुन्हु प्रतिष्ठा इत्यादिन ध्व

२१) जा रोपन याङन महाराजा बिज्याचकं शास्त्रोक्त ल्हाङथ्यं चतुर्थ अहोरात्र यज्ञ सहितन विधि पूर्वोक्त प्र

२२) माण यास्यं संपूर्ण्ण याङा दिन जुरो ॥ थ्वति कि(या)या कर्त्ता मखन बाहारमा बज्राचार्य श्री जिनजुत्वं उपाध्या सिक्वम

२३) गुरि तरुमूल महाविहारवाशि बज्राचार्य श्री विदूपति देव कर्माचार्य इतुंबाहारया बज्राचार्य श्री रत्नजु

२४) त्वं थ्वतिसेन यथासेन यथाशास्त्रोक्त विधिना संपूर्णाङरोति ॥ लक्ष्मी जाज्वल्यमान भवति वशु मति दीर्घामायर्भवन्ति

२५) भोगाध्या पुत्र पौत्रावि पुरुषसुपूरा भोग्य सौर्याभवन्ति, चान्ते बौद्धत्व प्राप्तं गतिनियतं प्राप्त चा(स्य) जनष्ठंतं

२६) भि त्वारिब्विकल्पं सुगत सू(त)भवे प्राप्तुभूयो भवन्ति ॥ एतत्पून्यानु भावेन (जंज) मानस्य सिङप्रभुरवादि सग

२७) ण परिवाराणां आयुारोग्य जनधन सन्तान सन्तति' परत्रकारे सुखावतिं अ

२८) नुत्तरां संम्यक सबोधि पदं प्राप्तयो स्तु ॥ ॥ शुभ शुभमस्तु सर्व्वदाकारं

२९) कल्याण मंगलं भवन्तु ॥ ॥ श्री कीर्तन महाविहा यताक (प्र) सिद्ध याङन संपू

३०) र्ण्ण याङा जुरो ॥ ॥ सुभास्तु ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिलापत्रको नेपाली अनुवादः-

संसारको सबै दुःख भोग गरी दुःखको निवारणको मार्ग देखाइ दिनु भएका त्रिरत्न बुद्ध, धर्म, र संघलाई नमस्कार । दुःखबाट मुक्त हुनका लागि त्रिरत्नको मार्गमा हामी पनि अगाडि बढ्न सकौं ।

कान्तिपुर महानगर भास्कर देव संस्कारित श्री केशव चन्द्रकृत पारावत महाविर निवासी डतपिथ्या छँका धर्मात्मा शाक्यभिक्षु श्री सिङका पत्नीहरू भवानी, वसुन्धरी, वसु, जेठा छोरा धर्मसिं पत्नी धनवती यसका छोरा सत्य, छोरी ज्ञानेश्वरी, दोश्रो श्रीमतीका प्रथम पुत्र पद्मपाणी, पत्नी बसुंधरा यसका पुत्र धर्म्मपाणी, छोरीहरू छरी, रत्नवती, साहिँला छोरा रतिकर, दोश्रो श्रीमतीका दोश्रोपुत्र पद्मगुणी, पत्नी शुगंवरी, श्री सिङका वहिनी पूर्ण, छोरीहरू जस्यधरा, पद्मावती यति सुखपूर्वक ज़ीवन चलाइरहेको बेला श्री ३ सुगतावदान ग्रन्थमा उल्लेख गरिए बमोजिमको फलको इच्छा गरी श्री ३ धर्मधातु वागीश्वरको नजिकै रहेको कीदोराम महासिद्ध क्षेत्रमा श्री ३ वज्रधातु चैत्यसंगै विहार स्थापना गर्न भूमि साधना ईत्यादि गरेको दिन । नेपाल संम्वत् ८०५ (वि.सं. १७४१) कार्तिक शुक्ल पूर्णिमा बुधवारका दिन ८५ कोठा बनाइ नाग बास्तु साधना गरी भूमी जग खनेको दिन । विभिन्न प्रकारका भय विघ्न नआउनका लागि जांगुलि पूजा, कुमारी पूजा इत्यादि पूजा गरियो । विहारका लागि भूमी ग्रहण गरेको किल्लामा पूजा गरियो । पौषकृष्ण पञ्चमीका दिन जग राख्ने काम भयो । माघशुक्ल पञ्चमीका दिन द्वारस्तम्भ बनाईयो । भ्याल राखी चैत्र शुक्ल पूर्ण्णिमाका दिन गजुर हाले । वैशाख तृतीयाका दिन त्रिरत्नको मूर्ति बज्राशन अक्षोभ्य सहित महाबल महाकाल, हारतिसंगै शास्त्रविधि अनुसार निर्माण गरी स्थापना गर्ने कार्य ६ महिनामा सिध्याइयो । धर्मात्मा शाक्यवंशमा उत्पन्न हुनु भएका श्री सिङज्यूका मनमा पूण्यचित्त उत्पत्ति भई शास्त्रमा लेखिएको फल प्राप्त गर्ने कामनाले विभिन्न विघ्नवाधा नआओस् भनी विभिन्न पद साधना विघ्न कीलनाधिवास, मण्डलाधिवास गरी गीत स्त्रोत्रसंगै नृत्य पनि गरियो । नेपाल संम्वत् ८०७ (वि.सं. १७४३) जेठ शुक्ल पञ्चमीका दिन अग्नि स्थापना गरियो । जेष्ठ शुक्ल अष्टमीका दिन प्रतिष्ठा कार्य गरियो । जेष्ठ शुक्ल अष्टमीमा प्रतिष्ठा ईत्यादी ध्वजारोहनमा राजा पाल्नुभयो, शास्त्रमा लेखिए अनुसार चार अहोरात्र यज्ञ विधिपूर्वक गरी सम्पूर्ण गरियो । यस क्रियाका मूलपुरोहित मखन वाहालका जिन बज्राचार्य, उपाध्या सिक्वमू वाहाका विदुपति देव बज्राचार्य, कर्माचार्य ईतुंवाहाका रत्न बज्राचार्यज्यू यतिले विधिपूर्वक संपूर्ण गरियो । यस कार्यबाट लक्ष्मी वास होस । भोग गर्ने सबैलाई वौद्धत्व प्राप्त होस् । फेरि जन्म लिन नपरोस् । विभिन्न शत्रुसँग विजय र राम्रो फल प्राप्त गर्न सकोस् । यस कार्यको पुण्यबाट जजमान सिङ समूह परिवारको आयु, आरोग्य, जन, धन, सन्तान वृद्धि होस् अनुत्तर सम्यक संबोधि पद प्राप्त होस् । श्री कीर्त्तन महाविहार प्रसिद्ध गरी सम्पूर्ण कार्य सम्पूर्ण गरियो । शुभ होस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिलापत्रको व्याख्याः-

आजभन्दा ३१६ वर्ष अगाडि राजा प्रताप मल्लका छोरा पार्थिवेन्द्र मल्लको पालामा पारवर्त्त महाविहार (काठमाडौं, ईटुंवाहाल) का धर्मात्मा श्री सिङ शाक्यभिक्षुको परिवार सहितको प्रयासवाट किमडोल विहार स्थापना गरेको कुरा यस शिलापत्रवाट थाहा हुन्छ। ६ महिना लगाएर बनाइएको यस विहारमा राजा पार्थिवेन्द्र मल्ललाई निम्तो गरी ध्वजारोहण गराइएको थियो। यस विहारको निर्माण गर्ने विचार र प्रेरणा दाताको सुगतावदान जातक ग्रन्थवाट प्राप्त गरेको कुरा **श्री ३ सुगतावदान पुस्तकस धाक्व फयराण कारणस** अर्थात् श्री ३ सुगतावदान ग्रन्थमा लेखिए अनुसारको फल प्राप्त होस् भनी उल्लेख गरिएवाट विहार निर्माण गरेको पुण्यवाट राम्रो फल विश्वासलाई पनि दर्शाएको थाहा हुन्छ। यस शिलापत्रको विहार निर्माण प्रक्रियाको सिलसिलेवार उल्लेख गरिएको यस शिलापत्रको एक महत्त्वपूर्ण पक्ष मान्न सकिन्छ।

त्यस्तैगरी संसारको सर्वदुःखवाट मुक्त गरी बुद्धत्व प्राप्त गर्ने विभिन्न शत्रुहरूको विजय गरी सम्यक सम्बोभि लाभ गर्ने इत्यादि कुरा समेटिएवाट वौद्ध शिलापत्रको रूपमा परिचय दिएको मान्न सकिन्छ।

यसप्रकार विहारका दाता सिङ शाक्यभिक्षु वौद्ध धर्मका अनुयायी भएको देखिन्छ। यस विहार निर्माण अघि उहाँको नाम सिङ वाडेको रूपमा भेडासिंङ नौदेगल मन्दिरमा रहेको नेसं ७९५ (वि.सं. १७३१) को शिलापत्रमा पनि उल्लेखमा आएको छ। यस इटुंवहालका श्री शाक्यभिक्षु सिङ भनी लेखिएको छ। हनुमान ढोका राजदरवारका प्रभावशाली व्यक्तित्व देवीदासको निर्माण गरिएको महादेव मन्दिरको वौद्ध धर्मका अनुयायी शाक्य परिवारलाई गुठीको एक सदस्यको रूपमा राखिएवाट इत्यादिमा दृष्टि राख्न वहाँ तत्कालीन समयको धार्मिक, सामाजिक, प्रतिष्ठा, हुने धनाढय् र दरवारसित नजिक वा सम्वन्धित व्यक्ति हुनु संम्भव देखिन्छ। वहाँको वंशलाई विचार गर्दा यस विहार स्थापनाको समयमा श्री सिङको मातापिता बितिसकेको देखिन्छ।

किमडोल विहार (कीर्तन महाविहार) को जीर्णोद्धारः-

यसैं विहारमा रहेको नेपाल सम्वत् १०६१ (वि.सं. १९९७) को शिलापत्रमा यस विहारको जिर्णोद्धार गरिएको सम्वन्धी लेखिएको छ।

प्रचलित लिपिमा लेखिएको यस शिलापत्रको पूर्ण विवरण यहाँ दिइएको छ।

सर्व्व बुंद्ध नमस्यामि धर्मरजित भाषितें
शंधंच श्रीलसम्पन्न रत्नत्रयं नमस्तुते

१) परापूर्वकालयागु किन्हु विहार स्यना पाता जुयाओ स्यंस्यंलि श्रधालु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) दातापिनिगु सहयोग ओ चन्दा छ्राना जिर्ण्णोधार जुलः उगु विहा
३) रस दाकमिनं लोहतं सिया दानपति कान्तिपुर महानगर महाबौ
४) द्ध तखाछेया दीवगंत पिताजुया माता लक्ष्मीश्वभा कनेष्ट माता जोग
५) (ध)ल लत ज्यष्ठ भातृ ज्ञानलक्ष्मी सतजीव ताम्राकार सिधिरत्न, बृषमा
६) न सह सकल परिवारया धर्मचित्त उत्पत्ति जुया दुंता नेपाल स
७) म्बत १०४६ पोहेला थ्व ६ स प्रतिष्ठा कर्म सिधया ओन
८) उकु विहारया मूलुखापिने चोंगु लोहँयागु ताथ न्हपा दुगु (रूप)
९) न वांमलाना चोंगु लिकया र धंका स्वध्येता दके विया नेपा
१०) ल सम्बत १०६१ म्ति थिंलागा ३० स दानपति काममतया सतसी
११) व बृषमान पुत्र तिर्थमान तिरत्न मान श्वपंतमान सर्वज्ञमान पौत्र
१२) सौत धमान दीवंगत सिधिरत्नस्य भार्या भालक्ष्मी स्वभार्य्या कृ
१३) ष्ण कुमारी दीवंगत पुत्री रत्नलक्ष्मी सतजीव शुर्जलश्री अमतल
१४) क्ष्मी केशरीलक्ष्मी कमलक्ष्मी जेष्ठ पुत्र भार्या जगतलक्ष्मी कण्य
१५) ष्ठ पुत्र भार्या पूर्णलक्ष्मी पौत्री बीश्वलक्ष्मी इश्वक्ष्मी, सूवर्ण ल
१६) क्ष्मी थुति जहान समलया धर्म्मचित्त उत्पती जुया दुन्ता थुगु पु
१७) न्यं सत्वप्राणि उधार जुया सुगतीस वास लायमा शुभलाभ ।

शिलापत्रको नेपाली अनुवाद :

परापूर्वकालको किम्डोल विहार बिग्रेर पाताल भइसके पछि श्रद्धालु दाताहरूको सहयोग र चन्दाबाट जीर्णोद्धार कार्य सम्पन्न भयो । त्यस विहार सम्पूर्ण स्थानमा ढुंगा छापी दानपति कान्तिपुर महानगर महाबौद्ध तखाछेका दीवंगत पिताका माता लक्ष्मीशोभा कान्छी आमा जोग... ज्येष्ठदाजु ज्ञानलक्ष्मी सतजीव ताम्राकार सिद्धिरत्न र वृषमान सहित सकल परिवारको धर्म चित्त उत्पत्ति भइ बनाइयो । नेपाल संम्वत् १०४६ (वि.सं. १९८२) पोहेला थ्व ६ मा प्रतिष्ठा कर्म गरियो । त्यस विहारको मूख्य ढोका बाहिर रहेको शिलाको ताथको रूप नराम्रो देखिएकोले सो निकाली बनाइ दिएँ ।

नेपाल संम्वत् १०६१ (वि.सं. १९९७) मिति थिंलागा ३० मा दानपति काममतका सतजीव वृषमान पुत्र तीर्थमान, त्रिरत्नमान, श्वपंतमान, सर्वज्ञमान पौत्र सौतद्यमान दिवंगत आमा सिद्धिरत्नको पत्नी भालक्ष्मी आफ्नी पत्नीका कृष्ण कुमारी दिवंगत छोरी रत्नलक्ष्मी सतजीव जगतलक्ष्मी, कान्छा छोरा पूर्णलक्ष्मी, पौत्री विश्वलक्ष्मी, ईश्वलक्ष्मी, सूवर्णलक्ष्मी यति जहान समूच्चयको धर्म्मतित्त उत्पत्ति भई बनाएँ । यस पुण्यबाट सत्वप्राणिको उद्धार भई स्वर्ग वास होस् । शुभलाभ होस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिलापत्रको व्याख्याः-

जीर्णोद्धार विषयको यस शिलापत्रमा नेपाल संम्वत् १०६१ र ने.सं १०४६ (वि.सं. १९८२) दुईओटा संम्वत्हरू दिइएको छ। यसमा प्रतिष्ठा सिद्धियो भनी लेखिएको हुनाले यस विहारको जीर्णोद्धार गरिएको १४ वर्षपछि मात्र शिलापत्र राखिएको देखियो। यस शिलापत्रकै एक ठाउँमा ध्यानदिनुपर्ने कुरा छ त्यो के हो भने विहार जीर्णोद्धार हुनु अगाडि सम्पूर्ण रूपमा भत्किएको पाताल अवस्थाको थियो र श्रद्धालु दाताहरूको सहयोग र चन्दाबाट जीर्णोद्धार भयो भन्ने उल्लेख गरिए तापनि जीर्णोद्धार गर्ने दाताहरूको नाम उल्लेख नगरी यस विहारको १४ वर्ष पछि यसै विहारको सबै ठाउँमा र विहारको मूल ढोका बाहिरको सिढिं सहितमा ढुंगा छापि दिएका दाता महाबौद्ध तखाछे निवासी सिद्धिरत्न र वृषमान ताम्राकारको सम्पूर्ण परिवारको नाम मात्र दिइएको छ। अतः पहिले जिर्णोद्धार गरेको सम्बन्धी शिलापत्र नराखिएको हो कि वा हराईएको हो भन्ने शंका उठ्छ।

वि.सं. १९८३ मा यस विहारको दुर्गति देखेर ललितपुरका बौद्ध विद्वान् श्री धर्मादित्य धर्माचार्यबाट राणाकालमा बौद्ध धर्म प्रचार-प्रसारमा मनाइ गरेको कलकत्ताबाट धर्मदूत पत्रिका प्रकाशन गर्दा पहिलो अंकको कभर पृष्ठमै यस विहारको दूर्दसाको फोटो छापेको साथै दाता धमां साहुसंग १५००/- र चन्द्र शम्शेरको पालाको सरकारबाट पनि १५००/- लिई यस किमडोल विहारको जीर्णोद्धार कार्य गरिएको, ने.सं. १०५० (वि.सं.) मा न्ह्योखा टोलका सम्यकसिं तथा रत्नविरसिं साहुबाट सुनको गजुर राखिएको त्यस्तै मिका सिद्धिरत्न ताम्राकारले उत्तरतिरको एकतले सत्तल निर्माण कार्यमा प्रमुख भूमिका खेल्नु भएको अरू श्रोतबाट थाहा भएको छ। जे भएपनि १४ वर्ष भित्रमा किमडोल विहारको हालको जीवन्त स्वरूप तयार भएको देखिन्छ

कीर्तन विहार (कीमडोल विहार) र यसको महत्त्व :-

मल्लराजा नृपेन्द्र मल्लको हातबाट ध्वजारोहन गराइ स्थापना गरिएको, कीमडोल स्थानको टपमा रहेको र हाल लामाभिक्षुणीहरूले निवास बनाएको सुन्दर देखिने यस विहार सानातिनो विहार जस्तो नदेखिने र यस विहारको क्वाचपाल देवताको माथि दुक्पा लामाको आज्ञानुसार सहश्रभूज लोकेश्वरको मूर्ती यस भन्दामाथि अमिताभ बुद्धको मूर्ति पनि राखी शोभा बृद्ध गरी राखिएको छ।

ने.सं. ८७७ भाद्र शुक्ल द्वितीयाका दिन स्वयम्भू महाचैत्य जीर्णोद्धार कार्य हुँदा र यसैबेला काठमाडौंको कुमारी घरको प्रतिष्ठा कार्य सम्पन्न उत्सवमा सम्यक देवता र अरु ठूलठूला देवदेवीहरूलाई निमन्त्रणा गरिएको थियो। यसैबेला निम्ता गरिने देवताहरूमध्ये कीमडोल बहालका देवतालाई पनि निम्ता गरिएको उल्लेखमा आएको हुनाले साथै ने.सं. १०४८ अर्थात् ७९ वर्ष अगाडि नेपालमा सबभन्दा पहिला बुद्ध जयन्ती मनाउने परम्परा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसै विहारबाट शुरू भएको थियो । यसबाट कीमडोल महाविहारको मूल्य, मान्यता र महत्त्वलाई झल्काउँदछ ।

कीमडोल स्थानको सर्वप्राचीन विहार र कीमडोल विहारको प्राचीनताः-

हाल कीमडोल स्थानमा दुईओटा महायानी विहारहरू कीर्तन महाविहार कीमडोल विहार (ने.सं. ८०७) र मा स्थापित ६५ वर्ष अघिको 'तेजकीर्ति महाविहार' (सानो कीमडोल विहार) ने.सं. १०६० (वि.सं. १९९०) दुईओटा विहारहरू छन् भने थेरवादी विहारहरू ने.सं. १९७० मा बनाइएको 'निर्माणमूर्ति अनागारीकाराम विहार' र ने.सं. १०२० मा बनाइएको गौतमी विहार नामका दुईओटा थेरवादी विहारहरू पनि छन् । अतः स्वयम्भू कीमडोल स्थानमा हालसम्म फेला परेका सबभन्दा पुरानो अभिलेख माथि चर्चा गरिएको ३१८ वर्ष अगाडिको ने.सं. ८०७ को अभिलेख नै हो । यसबाट यहाँ भएको सबभन्दा पुरानो विहार 'श्री कीर्तन महाविहार' अर्थात् कीमडोल विहार हो भन्ने स्पष्ट छ । कीमडोल विहार ने.सं. ६५६ (वि.सं. १५९२) भन्दा अघि अर्थात् ४६९ वर्ष अगाडि नै थियो भन्ने उल्लेख जगदीसचन्द्र रेग्मीज्यूले आफ्नो पुस्तकमा गर्नु भएको छ । अतः यो विहार कीमडोलको कुन स्थानमा थियो भन्ने सवाल महत्त्वपूर्ण भएको छ ।

बौद्ध ग्रन्थ 'कर्णिकावदान'मा उल्लेख भए अनुसार कनकावति देशका रती शर्मा ब्राह्मण कीमडोलमा धर्मोपदेशका लागि निवास गरेका थिए । धर्मोपदेशबाट संग्रह भएका दक्षिणाबाट कीमडोल विहार निर्माण गरेका थिए भन्ने उल्लेख पाईन्छ । यस्तै प्रकारले महायानी ग्रन्थ वोधिसत्वावदान (दोश्रो अध्याय ३१०-३१२) मा पनि भरत खण्डको शुभस्थान पद्मपुरीको उत्तरमा रहेको कनकावती देश निवासी बौद्ध विद्वान् रती शर्मा ब्राह्मणको स्वप्नमा स्वयम्भू चैत्यमा पञ्चरश्मि सहित दर्शन गरेको कुरा आफ्ना श्रीमतीलाई सुनाई स्वयम्भू दर्शन गर्ने इच्छा गरी नेपालमा तीर्थाटनका लागि आउनुभयो । स्वयम्भू बुद्धालय र मञ्जुश्री बोधिसत्वको दर्शन गरी ४ दिनसम्म त्यही बसी यहाँबाट तल झरी हाल कीमडोल विहार बनाउने स्थानमा आई वास भयो । स्वयम्भू पुराण तथा अरु धर्मोपदेश गरी दक्षिणाका रूपमा प्राप्त भएका अन्न, द्रव्यधन, खाद्यवस्तु इत्यादिबाट बुद्ध विहार अथवा कीमडोल विहार बनाएको कुरा उल्लेख छ । स्वयम्भू ज्योतिरूप दर्शन र पूजादिका लागि आउने स्वदेशी र विदेशी सज्जन तीर्थ यात्रीहरू साथै भिक्षुहरू वास गर्न सजिलो होस् भन्नाका लागि विहार बनाइएको हो भनिन्छ । यसैप्रकार कीमडोलमा यात्रीहरूको सुविधाका लागि एउटा धर्मशाला निर्माण गरिएको कुरा वंशावलिमा उल्लेख गरिएको छ भने राजा भास्कर मल्ल मूख्य काजी झगल थकुरको सहायताबाट सपरिवार कीमडोलमा बसे भनी लेखिएको पाईन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तै महामञ्जुश्री पनि यहीं स्थानमा निवास गरेको मात्र नभई बौद्ध भिक्षुहरूको लागि विहारको निर्माण गराउनु भएको र गृहस्थीहरूलाई पनि बौद्ध धर्ममा लगाउने व्यवस्था गरेको कुरा वंशालीमा उल्लेख भएको हुनाले सो बेलादेखि नै यस स्वयम्भू महाचैत्य स्वयम्भूस्थित कीमडोलको स्थानमा बौद्ध विहार हुन सक्ने अनुमान गर्न सकिन्छ। यस शिलापत्रमा "कीडोराम महासिद्ध क्षेत्र" उल्लेख भएवाट यस कुराको पुष्टि हुन्छ।

कीम्डोलको नामाकरण

माथि उल्लेखित बौद्ध ग्रन्थ कर्णिकावदानमा उल्लेख भए अनुसार कनकावति देशका रती शर्मा ब्राह्मणले विहार बनाई सकेपछि के नाम राख्न भन्ने आकुल व्याकुल भएको बेला किम् इति आन्दाल-कीमान्डोलम् भनी विचार गरे पछि कीमडोल महाविहार प्रसिद्ध भएको कुरा यसरी लेखिएको छ।

तदा हि तत्र संस्थानं किं दोलेति च ख्यातवान्
तद्यापि च तत् स्थाने कनकावती जनता सदा।
मानिता पूजिता स्तत्र भक्ति युक्तेन संयुक्त।
ततोऽ सौच महाविप्रश्च श्चतुर्मासान्तरे स्वकम्।

कीम्डोल विहार र कीडोराम महासिद्ध क्षेत्रः-

शिलापत्रको अन्त्यमा यस विहारको नाम "श्री कीर्तन महाविहार" भनी उल्लेख गरिएको छ। कीमडोलको ऐतिहासिक दृष्टिबाट विहारको नाम कीर्तन राखिएको अर्थपूर्ण देखिन्छ। त्यसो भएपनि यस विहार कीमडोल विहारको नामबाट नै प्रख्यात भइ प्रचलनमा आईराखेको पाइन्छ। यही शिलालेख (ने.सं. ८०७) मा यस स्थानलाई कीदोराम महासिद्ध क्षेत्र भनी उल्लेख गरिएबाट कीमडोलको नाउँबाट धेरै प्रख्याति पाएको देखिएकोले यस स्थानको कति महत्त्व थियो भन्ने कुरा स्वतः सिद्ध छ। यस्तै प्रकारले तेह्रौ शदीमा स्वयम्भू महाचैत्य स्थानलाई जयार्जुन देवको समयमा राजहर्ष भल्लोकबाट स्वयम्भू जीर्णोद्धार गरेको उल्लेख भएको शिलापत्रमा "श्री साम्हें शिख प्रसिद्ध भूवन" भनी उल्लेख गरेको पाइन्छ। यस अभिलेखमा प्रसिद्ध भूवनको अगाडि "महा" शब्द नजोडेको तर कीमडोल सिद्ध क्षेत्रमा "महा" जोडिएको "महासिद्ध क्षेत्र"लाई यी दुबै शब्दको अर्थ प्रसिद्ध भूमी भनेर पुग्दैन। किनभने भूवन भनेको स्थान हो भन्ने जनाए पनि देव देवालय भएको पुण्यभूमिको अर्थमा राखिएको हो। जस्तो सुखावती भूवनमा वास होस भन्दछौं त्यस्तै महासिद्ध क्षेत्रपनि साधारण स्थानमा देवालय वा बौद्ध विहार रहेको सिद्ध गरिएको महासिद्ध क्षेत्र वा स्थान भन्न खोजिएको देखिन्छ। अतः "महासिद्ध क्षेत्र" शब्दको अगाडि रहेको "कीमडोल" शब्द पनि विचारणीय अत्यन्त महत्त्वपूर्ण शब्द हो मेरो विचारमा कीमडोल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थानमा प्राचीन बौद्ध विहार हुन सक्ने संकेत विभिन्न बौद्ध ग्रन्थहरूमा उल्लेख भएको हुनाका साथै यहाँ कीडोराम भन्ने उल्लेख आएबाट कीडोमा राम जोडे पछि कीमडोल विहार भन्ने अर्थ आउँछ। रामको अर्थ पालीभाषामा ध्यान गर्ने ठाउँ हो। बुद्धकालीन समयमा पनि प्रख्यात विहारहरू मध्येमा निग्रोधाराम विहार र पूर्वाराम विहारमा पनि राम शब्द राखेर बनाएको पाइन्छ।

अतः यहाँ उल्लेख भएको "कीदोराम" शब्दलाई महत्त्वपूर्ण मान्न सकिन्छ। नेपालको हालको थेरवादी बौद्ध विहारहरू मध्येमा जस्तो काठमाडौं ढल्कोको संघाराम विहार, थेचोको वेलवनाराम विहार, धूलिखेलको पूर्वाराम विहारमा मुख्य शब्दमा राम शब्द थपेर बनाइएको छ। मुख्य शब्द कीडोमा राम शब्द जोडिएको छ। कीदो राम राम शब्दको अर्थ वास बस्ने, अध्यन गर्ने, स्थानलाई जनाउँछ। बौद्धग्रन्थ स्वयम्भू पुराणमा महामञ्जुश्री स्वयम्भूमा आउनु भएको बेला कीमडोलमा वास बसेको कुरा उल्लेख गरिएको छ। अरू श्रोतहरूबाट पनि त्यस स्थानमा विभिन्न स्थानबाट आउने तीर्थयात्रीहरू यहीं वास बसीने कुरा थाहा पाइन्छ। ज़स्तो बौद्ध विचित्र कर्णिकावदानको दशौं अध्यनयमा त्रेतायुगमा ककुछन्द बुद्धको पालामा उत्तरमा रहेको कनकावती देश निवासी रति शर्मा ब्राह्मण नेपालमा तीर्थ यात्रा गर्दा स्वयम्भू बुद्ध दर्शन गरी धर्मोपदेश गरी संकलन भएको दक्षिणाबाट कीमडोल विहार निर्माण गरेको कुरा उल्लेख आएको हुनाले धेरै समय पहिलेदेखि नै यहाँ बौद्ध विहार बनीसकेको अनुमान गर्न सकिने र यस स्थानमा तीर्थयात्रीहरू र बौद्ध धर्म अध्ययन गर्नेहरूका लागि प्रख्यात भएको कुरा कीदोराम शब्दबाट अर्थात् यस ठाउँ स्थानको नाउँबाट प्रसिद्ध होइन कि विहारको नाउँबाट प्रसिद्ध भएको क्षेत्र भन्ने जनाउँदछ। अतः वास्तविक पुरानो "कीमडोल विहार" कुन चाहीं कहाँनिर विलुप्त हुनगयो खोजी गर्नु आवश्यक भएको छ।

यहाँनिर स्वयम्भू शान्तिपुर महाविहारमा नेपालको बुद्धधर्मको अध्ययनको लागि केन्द्रीय स्थल भएर गएको थियो भन्ने हेमराज शाक्यज्यूबाट स्वयम्भू महाचैत्य पुस्तकमा उल्लेख गर्नु भएको कुरालाई पनि यहाँ स्मरणीय गर्न सकिन्छ।

सन्दर्भ ग्रन्थहरू:

धार्मिक इँतिहास - जगदीस चन्द्र रेग्मी
नेपालको विश्लेष्णात्मक इतिहास - ढुण्डिराज
नेपालय् स्थवीरवाद गुकथं वःगु खः - बैकुण्डप्रसाद लाकौल
बुद्धकालीन समाजया परिस्थिति व थी थी हलंज्वलं - कृष्णकुमार प्रजापति
स्वयम्भू महाचैत्य - हेमराज शाक्य
स्वयम्भू पुराण - पं. बद्रीरत्न वज्राचार्य
लायकुबहिका भाजुमानपति बज्राचार्यसंग रहेको थ्यासफुग्रन्थ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

The Work of the Nepalese-German Manuscript Cataloguing Project

(Report: September 2005)

✍ **Dragomir Dimitrov/Philip Pierce***

The Nepalese-German Manuscript Cataloguing Project (NGMCP) is based on an agreement of cooperation between the National Archives of His Majesty's Government of Nepal and the Department of the Culture and History of India and Tibet of the Asia-Africa Institute of the University of Hamburg in Germany. It represents a logical continuation of the Nepal-German Manuscript Preservation Project (NGMPP), under which some 180,000 manuscripts and other historical documents located in Nepal were microfilmed over a period extending from 1970 to 2001. The original negatives together with one positive copy each are housed in the National Archives in Kathmandu. A second positive copy is preserved in the State library in Berlin. Catalogue cards were produced for each item microfilmed, and on the basis of them a provisional title list ("Preliminary List of Manusrcipts, Blockprints and Historical Documents Microfilmed by the NGMPP, part 1 (excluding Tibetan Material and Historical Documents") was brought out on compact disk in June 2003. Users are thus already able to search quickly for works in the collection and place orders for print or microfilm copies with the National Archives in Kathmandu. This title list, however, provides only the most basic information about individual texts (title, language, material, state of completeness, number of folios, reel number and a few other categories). Much significant information that would help scholars decide whether any particular manuscript is worth consulting or ordering still goes unmentioned. It is the aim of NGMCP to produce an online catalogue that will be descriptive of virtually all important

*NGMCP, c/o Nepal Research Centre, Kathmandu, Tel.: +977 1 4420855, Fax: +977 1 4442248

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

aspects of microfilmed manuscripts, and that will allow easy access to such information through appropriate search commands.

The work of cataloguing has been divided up between scholars working in Kathmandu and Hamburg. Each team is under the direction of a local leader and consists of an upper echelon of experiences scholars by a group of university students or recent graduates with a background in some field of Indology. The former have years of working with texts behind them; the latter make up for their lack of experience with a zeal to learn, and with a greater expertise in working with computers. This cooperative venture, not only between Nepal and Germany, but also between the older and younger generation of scholars, is proving to be an efficient and constructive way to proceed while cataloguing, and also to be a stimulus for the younger scholars to maintain a long-term commitment to study Nepal's rich historical and cultural past.

The job of cataloging manuscripts got under way following an initial familiarization period. The increasing sense of confidence that has developed in the meantime is reflected in the fact that, in comparison with the period up to April 2003, when only some 650 manuscripts were catalogued, by September 2005 this number had increased to over 9,000. Most of these catalogue entries were produced in Kathmandu, a fact explainable to a not small degree by the larger number of personnel there.

Not all entries are classifiable as compete. Rather, they are in various stages of completion, depending on the particular procedures involved. Some 5,550 entries may be termed completed, though it is possible that "cosmetic" changes may need to be made in the future. A fluctuating number of manuscripts are in process at any one time. Included under this category are entries that are currently being worked on, and also older ones about which questions still remain unanswered. In addition, there are more than 2,300 entries that are being done by hand by Nepalese pandits. Their work is then entered into the computer database by assistants. Such entries are termed "handwritten". Finally, there are some 1,500 entries that currently exist in a handwritten "raw" state. These form the basis for further processing into legitimate entries.

The term in Kathmandu is concentrating on microfilms with reel numbers in the A (from A 101), B and C series. These are for all practical purpose the most valuable and oldest manuscripts of the National Archives (A and B) and Kesar Library (C). Frequent advantage is taken of the presence of the original manuscripts. These are examined in a small office in the National Archives and described

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

according to a set pattern by Archives scholars. In this way data that were faultily recorded during the microfilming can be corrected. They are in turn entered onto computer, and in a final stage checked against what is on the microfilms. New entries are burnt once a week onto a DVD, and this backup data sent to Germany at regular intervals so that the colleagues in Hamburg have access to them.

Ever greater use is being made of digitized images of the manuscript material, which are being produced for cataloguing purposes under provisions within the agreement. By the end of August 2005 a total of 393 microfilm rolls had been digitized, and of these some 343 are already available on one of 164 DVDs. Two copies are always made. One of the copies will come into the possession of the National Archives at the end of the project; the second copy serves as a backup.

As was to be expected, a large number of more or less sensational discoveries have been made among the numerous manuscripts. A large number of texts that were hidden among multitext manuscripts or entered under a false title have come to light. Some texts which listed as written in Sanskrit have turned out to be in Newari.

The majority of Sanskrit texts being worked on in Kathmandu come from the areas of Karmakāṇḍa, Tantra, Āyurveda, Vyākaraṇa and Sāhitya. The group working on the Newari material has catalogued manuscripts containing texts having to do with Karmakāṇḍa, Nāṭaka, Koṣa and Dharota. These latter are texts that can be catalogued only in Nepal, Since the knowledge required is restricted to local scholars who are at the receiving end of a long tradition.

A few of the new discoveries may be mentioned: A manuscript (B 308/21) listed under the unobtrusive title *Rasamañjarī* contains not only Bhānudatta's work but also the *Rasamañjarībhāṣāṭīkā,* a hitherto unknown commentary in Nepali composed by the meritorious Nepalese scholar Sukṛtidatta Panta (b. 1823/24). An incomplete palm-leaf manuscript (B 35/7) listed under the title *Upasargārhanirūpaṇa* contains the *Viṃśatyupasargavṛtti*, a work ascribed to Candragomin on the twenty verbal prefixed in Sanskrit, and known up to now only in the form of a Tibetan translation. A manuscript of the hitherto unknown Śaiva Tantric text *Tattvsāranirṇaya* has been found (A 89/18) – not tobe confused with a Vāiṣṇava text of the same name. A collection of texts filmed under A 1218/23 contains new information on the reign of King Bhūpatīndra Malla and the history of art in the Kathmandu Valley. In another multitext manuscript (A 613/la) was found an account of the mourning ceremonies for the same king following his death. A series of Newari texts (A 236/11, A 251/1, A 251/7, A 1365/15) was

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

discovered that sheds light on the military system and associated rituals during the Malla period. The oldest hitherto known narrative text written in Newari (dated NS 625, i.e. 1505 A.D.), namely a translation of the *Bhāgavatapurāṇa*, is also among the material. This list of new discoveries could easily be extended, but the above may suffice for providing some idea of the contribution the NGMCP is making to accurately compiling a descriptive catalogue of the National Archives' huge and indeed unique microfilm collection.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्थिक वर्ष २०६१/०६२ को वार्षिक गतिविधि

राष्ट्रिय अभिलेखालयको वार्षिक अंकको रूपमा प्रकाशित हुने यस "अभिलेख" मार्फत् यहाँको वार्षिक गतिविधि प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ ।

यस वर्ष अभिलेखालयले कार्यालय र अन्यत्र गरी विभिन्न स्रोतबाट प्राप्त भएका २ थान ग्रन्थ तथा कागजातहरू एवं वि.सं: २०२४ श्रावण १ देखि २०२५ सम्मका गोरखापत्रको माइक्रोफिल्म गरिएको छ ।

अनुसन्धानकर्ताहरूलाई आवश्यक माइक्रोफिल्म पनि सदा झैं उपलब्ध गराइएको छ र यस सन्दर्भमा ३१५ थान ग्रन्थका लागि १९८२ फिट माइक्रोफिल्म खर्च भएको छ । यसै गरी अनुसन्धानकर्ताहरूलाई रिडर प्रिन्ट निकै सुविधाजनक हुने कारणले यस वर्ष १२९ थान ग्रन्थका लागि २१९१ प्रति रिडर प्रिन्ट उपलब्ध गराइयो ।

अभिलेखालयमा रहेका प्रायः सबै ग्रन्थहरूको माइक्रोफिल्म भइसकेको हुनाले अनुसन्धानकर्तालाई अध्ययन गर्न माइक्रोफिल्म नै दिइने गरिन्छ । तर कतिपय माइक्रोफिल्म गर्न छुट भएका र तत्काल अभिलेखालयको संकलनमा आई माइक्रोफिल्म गर्न बाँकी रहेका ग्रन्थहरूको अध्ययन गर्नु पर्ने भए मात्र मूल प्रति हेर्न दिईने हुनाले शुरू-शुरूमा झैं सोझैं मूल ग्रन्थबाट अध्ययन गर्ने कार्य कम भएको छ । यसले गर्दा माइक्रोफिल्मबाट अध्ययन अनुसन्धान गर्नेहरूको संख्या बढेको छ । यस वर्ष माइक्रोफिल्मबाट स्वदेशी ३४ र विदेशी १३ गरी जम्मा ४७ जनाले १५५ थान माइक्रोफिल्म अध्ययन गरे ।

गोरखापत्र, द राईजिङ्ग नेपाल, सिटरोल हस्तलिखित ग्रन्थ, अभिलेख र अन्य विभिन्न पुस्तकहरू गरी ९५६४ थान ग्रन्थहरू वाईण्डिङ्ग, मर्मत र फ्युमिगेशन गरी संरक्षण कार्य गरियो ।

मिति परिवर्तन गर्ने कार्यमा पनि तिब्रता आएको छ, जस अनुसार ई.सं.बाट वि.सं मा १५० जना र वि.सं.बाट ई.सं.मा ११०० जनाले मिति परिवर्तन गराए ।

यस वर्ष अभिलेखालयमा उपहार र खरिद गरी जम्मा २४ थान हस्तलिखित र प्रिन्टेड पुस्तकहरू थपियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेखालयमा संग्रहित तिब्बती लिपिका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्व राख्ने प्राचीन हस्तलिखित ग्रन्थहरूको जानकारी दिने उद्देश्यले २८०० थान ग्रन्थहरूको सूची तयार गरी कम्प्युटर टाइप समेत गरी मूल प्रति तयार गरिएको छ भने चालु आ.व. मा बाँकी ७०० थानको सूची तयार गर्ने कार्यक्रम रहेको छ।

अभिलेखालयमा संग्रहित अति महत्त्वपूर्ण ३०,००० जति अभिलेख र हस्तलिखित ग्रन्थहरूमध्ये यस आ.व.मा २७% (७००० पोका) ग्रन्थहरू फ्युमिगेशन गरी नयाँ कपडा फेरी संरक्षण गर्ने कार्य सम्पन्न गरिएको छ भने चालु आ.व. मा पनि यसलाई निरन्तरता प्रदान गरिएको छ।

कुमारीचोक तथा केन्द्रिय तहसिल कार्यालयले कुमारीचोक शाखा बबरमहलमा सुरक्षित साथ राखिएका करिब १,२०० पोका ऐतिहासिक कागजातहरू मिति २०५४ असोज १४ मा अभिलेखालयलाई हस्तान्तरण गरी सोही स्थानमा संरक्षण गर्दै राखिएको थियो र विगत आ.व. देखि त्यस्ता ऐतिहासिक कागजातहरू अभिलेखालयको भण्डारण कक्ष (Stag hall) मा ल्याई संरक्षण गरिराख्ने कार्यक्रम अनुसार दोस्रो चरणमा २५% (२५० पोका) कागजातहरू फ्युमिगेशन गरी नयाँ कपडा फेरी संरक्षण गर्ने कार्य गरिएको छ भने यसलाई पनि चालु आ.व. मा निरन्तरता प्रदान गरिएको छ।

राष्ट्रिय अभिलेखालयको स्तर वृद्धि गरी विभाग स्तरमा लैजानका लागि माननीय मन्त्रीज्यूमा राष्ट्रसेवकहरूबाट परेको ध्यानाकर्षण निवेदनका आधारमा माननीय मन्त्रीज्यूबाट यसमा 'के भएको हो, के भइरहेको छ, के गर्नु पर्ला ? बुझी राय साथ पेश गर्ने भनि तोकादेश गरी विभागको राय प्रतिक्रिया माग भएको र सोही सम्बन्धमा श्री पुरातत्त्व विभागबाट मिति २०६२/१/२३ मा च.नं. २०३२ को राष्ट्रिय अभिलेखालयलाई विभाग स्तरमा लैजान औचित्य सहितको कार्यविधि पेश गर्ने भन्ने प्राप्त पत्र अनुसार मिति २०६२/४/२ मा राष्ट्रिय अभिलेखालयको मौजुदा काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र, कार्यविधि, सांगठिनक स्वरूप, भौतिक पूर्वाधार एवं हालको व्यवस्थाबाट अग्राधिकार कार्यमा देखिएको व्यवधान र सोको स्तर वृद्धि गरी विभाग स्तरमा लैजानका लागि स्तर वृद्धि गर्नाको औचित्य संगठन संरचना र दरवन्दी विवरण एवं स्तर वृद्धि गर्दा पर्ने आर्थिक व्ययभार समेतको राष्ट्रिय अभिलेखालयको स्तर वृद्धि सम्बन्धी प्रस्तावित कार्ययोजना २०६२ आवश्यक कार्यार्थ श्री पुरातत्त्व विभागमा पेश गरिएको छ। मिति २०६२/५/२७ को च.नं. ४५३ पत्र अनुसार आ.व. २०६२/०६३ को विकास कार्यक्रम अन्तर्गत राष्ट्रिय अभिलेखालयसँग सम्बन्धित स्वीकृत कार्यहरूमध्ये राष्ट्रिय अभिलेखालयको नियमावली बनाउने कार्यको थालनी गरिएको छ। परराष्ट्र मन्त्रालयमा रहेका र राष्ट्रिय अभिलेखालयमा स्थानान्तरण गर्न बाँकी रहेका ९०० थान ऐतिहासिक महत्त्वपूर्ण चिट्ठिपत्र र अभिलेखहरू स्थानान्तरण गराउने सम्बन्धमा आवश्यक व्यवस्थाका लागि मिति २०६२/५/१ मा श्री पुरातत्त्व विभागमा पत्राचार गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुठी लगत तथा अभिलेख शाखा कार्यालय भद्रकाली काठमाडौंको च.नं. २३२ मिति २०६२/१/२९ को पत्र अनुसार त्यहाँ रहेका अभिलेखहरू संरक्षण गर्ने सम्बन्धमा यस राष्ट्रिय अभिलेखालयका रसायन विशेषज्ञ श्री गृहमान सिंहले निरीक्षण अध्ययन गरी एउटा संरक्षण योजना सहितको प्रतिवेदन सो गुठीमा आवश्यक कार्यार्थ पेश गर्नुभएको छ भने सोही कार्यालयको च.नं. ७५२ मिति २०६२/५/१३ को पत्र अनुसार त्यस कार्यालयका व.सं. श्री रोशनी शाक्यले यस कार्यालयबाट माइक्रोफिल्म रिडर सञ्चालन र मर्मत सम्भार सम्बन्धी १ हप्ते तालिम प्राप्त गर्नुभएको थियो।

ऐतिहासिक कागजपत्र र हस्तलिखित ग्रन्थहरू सर्वेक्षण र संकलन गर्ने सम्बन्धमा अनुसन्धान अधिकृत श्री शुकदेव शर्मा ज्ञवालीको नेतृत्वमा एक टोली गोरखा जिल्लाको भ्रमणमा गइ आवश्यक कार्य गरेको छ। यसै सन्दर्भमा सहायक रसायनविद् श्री यवनिका लामा मालपोत कार्यालय गोरखा गइ ऐतिहासिक कागजपत्र संरक्षण कार्यमा सल्लाह र सहयोग पुऱ्याउनु भएको छ।

यस वर्ष विभिन्न क्याम्पस, विद्यालय र संघ-संस्थाका १५ वटा टोलीले राष्ट्रिय अभिलेखालयको शैक्षिक भ्रमण गरे।

माइक्रोफिल्म नभएका अभिलेखहरू स्क्यानिङ गरी कम्प्युटरमा राख्ने प्रयोजनका लागि १ थान स्क्यानर र १ थान पेन्टियम ४ कम्प्युटर खरीद गरिएको छ भने अफिसियल कागजपत्र र गोर्खापत्र, सिटरोल आदिको फोटोकपी गर्न फोटोकपी मेसिन थान १ पनि खरीद गरिएको छ। जसबाट अनुसन्धानकर्ता सेवाग्राहीलाई सेवा प्रदान गर्न सहयोग पुगेको छ।

यस वर्ष अभिलेखालयले जम्मा रू. ३,०७,७०७/६५ आम्दानी गऱ्यो। जसमध्ये रू. ५४,८९९/६५ राजस्वमा र रू. २,५२,८०६/- रिभल्विङ्ग फण्डमा जम्मा गरियो।

राष्ट्रिय अभिलेखालय र एसिया अफ्रिका इन्स्टीच्यूट हेमवर्ग युनिर्भसिटी जर्मनीबीच मिति ०५९/४/३१ मा भएको सम्झौता अनुसार नेपाली-जर्मन हस्तलिखित ग्रन्थ सूचीकरण परियोजनाले काठमाडौं र हेमवर्ग दुबै ठाउँमा सूचीपत्र सम्बन्धी कार्य संचालन गरी करिब ९००० थान ग्रन्थहरूको विस्तृत सूचीपत्र तयार गरेको छ।

"अभिलेख" पत्रिकाका निम्ति अनुसन्धान मूलक मौलिक लेख-रचनाको माग गरिन्छ, तर लेख-रचना विशेषतः हस्तलिखित ग्रन्थ, अभिलेख, लिपिविज्ञान आदि विषयसंग सम्बन्धित हुनुपर्छ। लेख रचना अप्रकाशित र प्रामाणिक हुनुपर्छ। लेख रचनासंग सम्बन्धित चित्रहरू पनि समावेश गर्न सकिने छ।

-राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक महत्त्वको संवाहक अभिलेख विश्व सम्पदा हो । यसको जगेर्ना गर्नु हाम्रो कतर्न्य हो । अभिलेखको संरक्षण गरी राष्ट्रको गौरव जोगाइ राखौं ।

श्री ५ को सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय
फोनः- ४२५१३१५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection